शोध निर्देशक
प्रा.डा.बद्री विशाल भट्टराई

# नासो कथा सङ्ग्रहमा प्रयुक्त उखान र टुक्काको अध्ययन

त्रिभुवन विश्व विद्यालय, मानविकी तथा सामाजिक शास्त्र सङ्काय
अन्तर्गत रत्न राज्यलक्ष्मी क्याम्पस,
नेपाली विभाग स्नातकोत्तर तह,
द्वितीय वर्षको दसौँ पत्रको
पाठ्यांशीय प्रयोजनका
लागि
प्रस्तुत

## शोधपत्र

**शोधार्थी :**
संगिता पोखरेल
रत्न राज्यलक्ष्मी क्याम्पस
प्रदर्शनी मार्ग, काठमाडौँ
२०७१

# शोध निर्देशकको सिफारिस

त्रिभुवन विश्व विद्यालय, मानविकी तथा सामाजिक शास्त्र सङ्काय अन्तर्गत रत्न राज्यलक्ष्मी क्याम्पस, नेपाली विषयकी छात्रा संगिता पोखरेलले स्नातकोत्तर तह, द्वितीय वर्षको दसौँ पत्रको प्रयोजनका लागि प्रस्तुत गर्नु भएको **नासो कथा सङ्ग्रहमा प्रयुक्त उखान र टुक्काको अध्ययन** शीर्षकको शोधपत्र मेरो निर्देशनमा तयार गर्नु भएको हो । लगनशीलता पूर्वक तयार गरिएको यस शोधकार्यबाट म सन्तुष्ट छु । यस शोधपत्रको आवश्यक मूल्याङ्कनका लागि रत्न राज्यलक्ष्मी क्याम्पस, नेपाली शिक्षण समिति समक्ष सिफारिस गर्दछु ।

मिति: २०७१/०९/०२

..................................

प्रा.डा. बद्री विशाल भट्टराई

रत्न राज्यलक्ष्मी क्याम्पस

प्रदर्शनी मार्ग, काठमाडौँ

त्रिभुवन विश्व विद्यालय
रत्न राज्यलक्ष्मी क्याम्पस
प्रदर्शनी मार्ग, काठमाडौँ

मिति: २०७१/०९/०२

**स्वीकृति पत्र**

त्रिभुवन विश्व विद्यालय, मानविकी तथा सामाजिक शास्त्र सङ्काय अन्तर्गत रत्न राज्यलक्ष्मी क्याम्पस, नेपाली शिक्षण समितिकी छात्रा संगिता पोखरेलले स्नातकोत्तर तह, द्वितीय वर्षको दसौँ पत्रको पाठ्यांशीय प्रयोजनका लागि प्रस्तुत गर्नु भएको **नासो कथा सङ्ग्रहमा प्रयुक्त उखान र टुक्काको अध्ययन** शीर्षकको शोधपत्र स्वीकृत गरिएको छ ।

| | | |
|---|---|---|
| .............................. | .............................. | .............................. |
| उपप्रा. भगवान चन्द्र उपाध्याय | प्रा.डा. बद्री विशाल भट्टराई | सहप्रा. चेतोनाथ गौतम |
| विभागीय प्रमुख | शोध निर्देशक | बाह्य परीक्षक |

# कृतज्ञता ज्ञापन


त्रिभुवन विश्व विद्यालय, मानविकी तथा सामाजिक शास्त्र सङ्काय अन्तर्गत रत्न राज्यलक्ष्मी क्याम्पस, नेपाली विभागको स्नातकोत्तर तह, द्वितीय वर्षको दसौं पत्रको प्रयोजनका लागि मैले **नासो कथा सङ्ग्रहमा प्रयुक्त उखान र टुक्काको अध्ययन** शीर्षकमा यो शोधकार्य तयार पारेकी हुँ । यस कार्यमा आफ्नो अमूल्य समय, सद्भावपूर्ण सल्लाह, सुझाव र निर्देशन दिनु हुने आदरणीय गुरु एवम् मेरा शोध निर्देशक प्रा. डा. बद्री विशाल भट्टराईप्रति म हार्दिक आभार प्रकट गर्दछु ।

प्रस्तुत शोधकार्यका लागि विभागीय स्वीकृति दिएर अवसर प्रदान गर्नु हुने क्याम्पसका विभागीय प्रमुख आदरणीय गुरु भगवान् चन्द्र उपाध्यायप्रति हार्दिक कृतज्ञता ज्ञापन गर्दछु साथै समय समयमा आवश्यक सल्लाह र सुझाव दिएर यस कार्यमा सहजता प्रदान गर्नु हुने आदरणीय बुबा भरत प्रसाद पोखरेलप्रति आभार प्रकट गर्दछु ।

यस शोधकार्य लेखनका सिलसिलामा आवश्यक पुस्तक, पत्र पत्रिका तथा सामग्री सङ्कलन गरी कम्प्युटर टङ्कन लगायत सम्पूर्ण प्राविधिक सहयोग पुऱ्याउनु हुने मेरा श्रीमान् सुबास चन्द्र घिमिरेलाई विशेष धन्यवाद दिन चाहन्छु । यसै गरी यो शोधकार्य तयार पार्ने क्रममा मेरा अन्य मित्रहरु तथा सहयोगी व्यक्तित्वमा हार्दिक कृतज्ञता प्रकट गर्दछु ।

अन्तमा शोधपत्रको आवश्यक मूल्याङ्कनका लागि रत्न राज्यलक्ष्मी क्याम्पस, नेपाली विभाग समक्ष प्रस्तुत गर्दछु ।


मितिः २०७१/०९/०२

.............................


संगिता पोखरेल

नेपाली विभाग

रत्न राज्यलक्ष्मी क्याम्पस

प्रदर्शनी मार्ग, काठमाडौं ।

# विषय सूची

**पेज नं.**


**अध्याय एकः शोध परिचय**

| | |
|---|---|
| १.१ शोध शीर्षक | १ |
| १.२ शोध प्रयोजन | १ |
| १.३. विषय परिचय | १ |
| १.४ समस्या कथन | १ |
| १.५ शोधकार्यको उद्देश्य | २ |
| १.६ पूर्वकार्यको समीक्षा | २ |
| १.७ शोधकार्यको औचित्य | ३ |
| १.८ शोधकार्यको सीमा | ३ |
| १.९ शोधविधि | ३ |
| १.१० शोधपत्रको रूपरेखा | ४ |
| **अध्याय दुईः सैद्धान्तिक अध्ययन** | ५ |
| २.१. विषय प्रवेश | ५ |
| २.२. उखान टुक्काको परिचय | ५ |
| २.३ उखान टुक्काको परिभाषा र स्वरूप | ६ |
| २.४ उखानको परिभाषा | ७ |
| २.५ टुक्काको परिभाषा | ७ |
| २.६ उखान टुक्काको उत्पत्ति | ८ |
| २.७ उखान टुक्काको महत्त्व | ९ |
| २.८ उखान टुक्काका विशेषता | १० |
| २.८.१ उखानको विशेषता | १० |
| २.९ टुक्काका विशेषता | ११ |
| २.१० उखान टुक्काको वर्गीकरण | १३ |
| २.१०.१ शब्दस्रोतका आधारमा | १३ |

२.१०.२ वाक्य संरचनाका आधारमा १३
२.१०.३ वाक्यार्थ वा भावका आधारमा १४
२.१०.४ दृष्टिविन्दुका आधारमा १४
२.१०.५. आकारका आधारमा १५
२.१०.६ अर्थका आधारमा १६
२.११ टुक्काको वर्गीकरण १६
२.११.१. भाषिक वर्गीकरण १७
२.११.२. संरचनात्मक वर्गीकरण १८
२.११.३ विषयात्मक वर्गीकरण १९
२.११.४ साहित्यिक वर्गीकरण २२
२.११.५. अर्थगत वर्गीकरण २३
२.१२. उखान र टुक्काबिच समानता र भिन्नता २४
२.१३. आख्यान साहित्यमा उखान टुक्का २६
२.१४. सारांश २७

**अध्याय तिन: 'नासो' कथा सङ्ग्रहभित्रका उखान टुक्काहरुको अध्ययन २८**
३.१ विषय प्रवेश २८
३.२ नासो २८
३.३ छिमेकी ३२
३.४ प्रायश्चित्त ३५
३.५ पापको परिणाम ३८
३.६ बिदा ४७
३.७ परालको आगो ४९
३.८ अभागी ५२
३.९ सहिद ५४
३.१० कर्तव्य ५६
३.११ प्रत्यागमन ५९
३.१२ चिताको ज्वाला ६२

३.१३ नासो कथा सङ्ग्रहमा प्रयोग भएका उखानहरु ६४
३.१३.१ शब्दस्रोतका आधारमा ६५
३.१३.२ वाक्य संरचनाका आधारमा ६५
३.१३.३ वाक्यार्थ वा भावका आधारमा ६६
३.१३.४ आकारका आधारमा ६६
३.१३.५ अर्थका आधारमा ६७
३.१४ सारांश ६८

**अध्याय चार : 'नासो' कथा सङ्ग्रहमा प्रयुक्त उखान टुक्काको वर्णानुक्रमानुसारी सूची ६९**
४.१ 'नासो' कथा सङ्ग्रहमा प्रयुक्त उखान टुक्काको वर्णानुक्रमानुसारी सूची र तिनको अर्थ ६९
४.२ सौन्दर्यका दृष्टिले नासो कथा सङ्ग्रहमा उखान टुक्काको प्रयोग ८४
४.३ सारांश ८५

**अध्याय पाँचः सारांश तथा निष्कर्ष ८६**
५.१ अध्यायगत सार ८६
५.२ शोधका निष्कर्ष ८६
५.३ अध्ययनका सम्भाव्य शीर्षक ८७

# अध्याय एक
## शोध परिचय

### १.१ शोध शीर्षक

प्रस्तुत शोधपत्रको शीर्षक 'नासो कथा सङ्ग्रहमा प्रयुक्त उखान र टुक्काको अध्ययन' रहको छ ।

### १.२ शोध प्रयोजन

प्रस्तुत शोधपत्र त्रिभुवन विश्व विद्यालय, मानविकी तथा सामाजिक शास्त्र सङ्काय अन्तर्गत रत्न राज्यलक्ष्मी क्याम्पस, नेपाली विभागको स्नातकोत्तर तह द्वितीय वर्षको दसौं पत्रको प्रयोजनार्थ तयार गरिएको हो ।

### १.३ विषय परिचय

भाषिक अभिव्यक्ति सौन्दर्यका महत्त्वपूर्ण कारक तत्त्वमध्ये लोक वाङ्मयमा प्रचलित उखान टुक्का विशिष्ट अर्थ वाहक तत्त्व मानिन्छन् । उखान टुक्काले भाषिक कथनलाई रोचक बनाउन महत्त्वपूर्ण भूमिका खेलेका हुन्छन् । वाच्यार्थमा स्पष्ट हुन नसक्ने उखान टुक्काहरुले वाक्यमा प्रयोग हुँदा विशेष र लाक्षणिक अर्थ दिन्छन् । आख्यान साहित्यमा यिनको प्रयोग प्रचुर मात्रामा गरिन्छ किनभने यिनले आख्यानलाई जीवन्त, ओजपूर्ण, रोचक र सरस बनाउन महत्त्वपूर्ण भूमिका खेल्छन् । उखान टुक्कालाई साहित्यमा आलङ्कारिक चमत्कार र लाक्षणिक अर्थ द्योतनका लागि प्रयोग गरिन्छ । उखान टुक्काहरु प्रतीकात्मक र विशिष्ट हुन्छन् । यिनले कुनै पनि राष्ट्रको भाषा, संस्कृति, धर्म, इतिहास, समाज, लोक विश्वास आदिको प्रतिविम्बन गर्ने भएकाले सामाजिक, ऐतिहासिक, धार्मिक, सांस्कृतिक, साहित्यिक, भाषाशास्त्रीय आदि दृष्टिले तिनको अध्ययन महत्त्वपूर्ण हुन्छ । उखान टुक्काको मदतले थोरै शब्दमा धेरै कुरा भन्न सकिने हुँदा भाषिक अभिव्यक्तिमा मितव्ययिताका निम्ति पनि उखान टुक्कालाई प्रयोग गरिन्छ । उखान टुक्काको प्रयोगले भाषा मार्मिक, सरस र सजीव हुनाका साथै प्रवाहपूर्ण हुन्छ ।

प्रसिद्ध कथाकार गुरु प्रसाद मैनालीद्वारा लिखित ***नासो*** कथा सङ्ग्रहभित्र चार सय पचासभन्दा बढी उखान टुक्का प्रयुक्त छन् । उखान टुक्काले मैनालीका कथालाई जीवन्त बनाएका छन् । उनका कतिपय कथाको शीर्षकमा नै उखान जडिएको छ भने घटना र वर्णनको क्रममा त तिनको प्रयोग अझ सुन्दर ढङ्गले गरिएको छ । प्रस्तुत शोधपत्र कथाकार मैनालीको ***नासो*** कथा सङ्ग्रहमा प्रयुक्त उखान टुक्काको अध्ययनलाई विषय बनाइएको छ ।

### १.४ समस्या कथन

लोक वाङ्मयको एक महत्त्वपूर्ण विधाको रूपमा रहेका परिचित उखान टुक्काले लेख्य साहित्यमा पनि विशिष्ट स्थान ओगटेको हुन्छन् । आख्यान साहित्यमा त यिनले प्राण नै

भर्दछन् । उखान टुक्काविनाको आख्यानात्मक अभिव्यक्ति खल्लो वा निरस हुन्छ । कथनको पुष्टि तथा सारपूर्ण अभिव्यक्तिका निम्ति 'नासो' कथा सङ्ग्रहभित्र यस्ता उखान टुक्का प्रशस्त मात्रामा प्रयुक्त छन् । 'नासो' कथा सङ्ग्रहमा प्रयुक्त यस्ता उखान टुक्का सङ्कलन गरी तिनको वर्गीकरण र विश्लेषण गर्नु सान्दर्भिक देखिने भएकाले प्रस्तावित शोधकार्य निम्न समस्यामा केन्द्रित भई गरिएको छ :

क) उखान तथा टुक्काको सैद्धान्तिक स्वरूप के कस्तो छ ?
क) 'नासो' कथा सङ्ग्रहमा प्रयुक्त उखान टुक्कालाई के कति आधारमा वर्गीकरण र विश्लेषण गर्न सकिन्छ ?

## १.५ शोधकार्यको उद्देश्य

***'नासो'*** कथा सङ्ग्रहमा प्रयुक्त उखान टुक्काहरुमा आधारित निम्न लिखित उद्देश्य पूर्तिमा यो शोधपत्र केन्द्रित रहेको छ ।

क) ***'नासो'*** कथा सङ्ग्रहका कथामा उखान टुक्काका प्रयोगको अध्ययन गर्नु ।
ख) ***'नासो'*** कथा सङ्ग्रहका कथामा उखान तथा टुक्काहरुको सङ्कलन, वर्गीकरण र विश्लेषण गर्नु ।

## १.६ पूर्वकार्यको समीक्षा

गुरु प्रसाद मैनालीको जीवनी, व्यक्तित्व र कृतित्वको अध्ययन यसअघि पनि भएका छन् तर मैनालीद्वारा लिखित 'नासो' कथा सङ्ग्रहमा प्रयुक्त उखान टुक्काहरुको सङ्कलन, वर्गीकरण र विश्लेषण हालसम्म भएको छैन । स्वतन्त्र ढङ्गले उखान टुक्काहरुको सङ्कलन, वर्गीकरण र विश्लेषण कार्य भने यसअघि थुप्रै विद्वान्हरुबाट भएका छन् । कथाकार मैनालीका बारेमा भएका खोज अनुसन्धान तथा उखान टुक्काका विषयमा भएका केही महत्त्वपूर्ण कार्यलाई यहाँ पूर्वकार्यको समीक्षाका रूपमा प्रस्तुत गरिएको छ ।

क) वरिष्ठ समालोचक ईश्वर बरालले आफ्नो ***'झ्यालबाट'*** कथा सङ्ग्रहमा कथाका अङ्गहरु कथानक, भाषा शैली, पात्र, घटना, संवाद, परिवेशबारे चर्चा गरेका छन् । कथातत्त्वको चर्चाको क्रममा उनले भाषाको प्राण मानिएका उखान टुक्काबारे पनि केही विवेचना गरेका छन् ।

ख) पुष्कर शमशेर जबराको 'उखान टुक्काको वर्णक्रमानुसारी सूची र वाक्यांश पद्धति इत्यादि कोष' (१९९८) मा नेपाली उखान र टुक्काको सङ्कलन गरिएको छ । सो कोशले उखान टुक्का चिनाएको छ तर उखान टुक्काको सैद्धान्तिक रूपमा अध्ययन, वर्गीकरण र विश्लेषण चाहिँ गरेको पाइँदैन ।

पूर्वाध्ययनका क्रममा विभिन्न विद्वान्हरुद्वारा मैनालीका बारेमा व्यक्त छिटपुट विचार, सिद्धान्त र स्वयम् मैनालीको कृतिमा भएका यिनै पूर्वकार्यलाई आधार मानी यस शोधकार्यमा 'नासो' कथा सङ्ग्रहभित्रका उखान र टुक्काहरुको अध्ययन गरिएको छ ।

## १.७ शोधकार्यको औचित्य

नेपाली कथ्य र लेख्य भाषालाई समृद्ध बनाउन उखान टुक्काले महत्त्वपूर्ण भूमिका खेलेका छन् । उक्ति वैचित्र्य, गाम्भीर्य, प्रतीकात्मकता तथा व्यङ्ग्यात्मकताका माध्यमबाट भाषालाई जीवन्त, ओजपूर्ण र गहन बनाउने काम उखान टुक्काले गरेका हुन्छन् । लोक वाङ्मयको एक महत्त्वपूर्ण विधाका रूपमा रहेका यस्ता उखान टुक्का नेपाली साहित्यमा प्रशस्त पाइन्छन् । आख्यान साहित्यलाई सरस, मर्मस्पर्शी र जीवन्त पार्ने काम यस्तै उखान टुक्काले गरेका हुन्छन् । यी सम्पूर्ण तथ्यलाई ध्यानमा राखी 'नासो' कथा सङ्ग्रहमा प्रयुक्त उखान टुक्काहरुको सङ्कलन, वर्गीकरण र विश्लेषण गर्नु नै यस शोधको प्रमुख उद्देश्य हो । उखान टुक्काको अध्ययन, विश्लेषण र आख्यान साहित्यमा यसको भूमिकाबारे अध्ययन, अनुसन्धान र गर्न चाहनेलाई सहयोग पुऱ्याउने हुँदा यस शोधकार्यको औचित्य स्वतः पुष्टि हुने देखिन्छ ।

## १.८ शोधकार्यको सीमा

प्रस्तुत शोधपत्र 'नासो' कथा सङ्ग्रहमा प्रयुक्त उखान टुक्काको अध्ययन र विश्लेषणमा सीमित रहेको छ ।

## १.९ शोधविधि

प्रस्तुत शोधकार्यका लागि सामग्री सङ्कलनमा पुस्तकालय कार्य तथा विद्वान्हरुसँगबाट सूचनाको चयन, छलफल आदि विधि अवलम्बन गरिएको छ ।

पुस्तकालय कार्य निम्न ढङ्गले गरिएको छ ।

क) शोधकार्यका लागि मुख्य सामग्रीको रूपमा कथाकार गुरु प्रसाद मैनालीको नासो कथा सङ्ग्रहलाई लिइएको छ ।

ख) उखान टुक्कासँग सम्बन्धित सहायक सामग्रीको रूपमा सङ्कलन सैद्धान्तिक पुस्तकहरुलाई लिइएको छ ।

ग) कथाकार गुरु प्रसाद मैनालीको भाषा, शैली र शिल्पबारे भए गरेका अध्ययनलाई पनि अध्ययन विश्लेषणका लागि सहयोगी सामग्रीका रूपमा उपयोग गरिएको छ ।

## १.१० शोधपत्रको रूपरेखा

प्रस्तुत शोधपत्रको रूपरेखा निम्नानुसार रहेको छ :

अध्याय एक : शोध परिचय

अध्याय दुई : उखान टुक्काको सैद्धान्तिक अध्ययन

अध्याय तिन : 'नासो' कथा सङ्ग्रहका उखान टुक्काको अध्ययन र विश्लेषण

अध्याय चार : सौन्दर्यका दृष्टिले नासो कथा सङ्ग्रहमा उखान टुक्काको प्रयोग

अध्याय पाँच : सारांश तथा निष्कर्ष

# अध्याय दुई

## उखान टुक्काको सैद्धान्तिक अध्ययन

### २.१. विषय प्रवेश

यस अध्यायमा उखान टुक्काको सैद्धान्तिक अध्ययन गरिएको छ । सैद्धान्तिक अध्ययनको क्रममा उखान टुक्काको परिचय, परिभाषा र स्वरूप, उत्पत्ति, विभिन्न आधारमा वर्गीकरण तथा भाषामा उखान टुक्काको महत्त्व र विशेषताको चर्चा गरी अन्त्यमा सारांश दिइएको छ ।

### २.२. उखान टुक्काको परिचय

लोक जीवनका परिष्कृत अनुभवले खारिएका चिन्तनमा आधारित सूक्तिहरु नै उखान हुन् । लामो अनुभवको सार दिनु उक्ति वैचित्र्य प्रस्तुत गर्नु उखानको प्रकृति हो । त्यस्तै विशिष्ट र लाक्षणिक अर्थमा प्रयोग हुने क्रियायुक्त पदावलीलाई टुक्का भनिन्छ । उखान टुक्का दुबैले लाक्षणिक अर्थमा आएर मात्र भावको अर्थबोध गराउँछन् । पुर्ख्यौली सम्पत्तिका रूपमा भाषाका यी अलङ्कार भूषण वा गहनाहरुले भनाइलाई रसिलो, चोटिलो र प्रभावकारी बनाउँछन् । लोक जीवनमा परम्परादेखि प्रयोग भई आएका लोक अनुभवको सूत्रात्मक, गहकिलो र विशिष्ट भाषिक अभिव्यक्तिलाई उखान भनिन्छ । उखान लोक साहित्यको एक स्वतन्त्र र महत्त्वपूर्ण विधा हो । उखान वाक्यस्तरका संरचना भएकाले यी लोक साहित्यका अन्य विधा र लिखित साहित्यमा प्रमाण, तर्क र दृष्टान्तका रूपमा प्रयोग हुने गर्दछन् । बोलीचालीमा उखानलाई प्रयोग गर्दा कथन अझ प्रभावकारी हुने हुँदा उखान टुक्का कथ्य भाषाको पनि गहना मानिन्छन् । वाक्यमा प्रयुक्त भई भाषिक अभिव्यक्तिलाई विशिष्ट तुल्याउने पद समूहात्मक भाषिक उपकरण नै टुक्का हो । टुक्का विशेष अर्थमा रूढ भएको हुन्छ । टुक्काको प्रयोग कथ्य र लेख्य दुबै भाषामा गरिन्छ । खास खास शब्दहरु मिलेर बनेको लक्ष्यार्थ बोधक पद समूह वा पदावली नै टुक्का हो । टुक्का वाक्याश्रित हुने हुँदा उखान झै स्वतन्त्र रूपमा प्रयुक्त हुन सक्दैन । टुक्का वाक्यमा प्रयुक्त भएपछि मात्र सार्थक र प्रभावकारी बन्न सक्छ । संस्कृतको ‘उपाख्यान’ शब्दबाट उखान शब्द विकसित भएको मानिन्छ । उपाख्यानको अर्थ छोटो कथा हो । लोक वाङ्मय तत्त्वका रूपमा नेपालीमा उखान भनिए पनि यसका अरू नाम पनि प्रचलित छन् । स्तरीय नेपालीमा उखानलाई लोकोक्ति र आहान पनि भनिन्छ । सुदूर पश्चिमतिर ‘आन’ र ‘साइतर’ पनि भनिन्छ (लामिछाने, २०६९ : १३) । आहान र आन पनि संस्कृतको ‘आख्यान’ बाट विकसित शब्द हुन् । संस्कृतमा उखानलाई लोकोक्ति, प्रवाद, अभाणक, लोक प्रवाद जस्ता शब्दले बुझाइन्छ भने अङ्ग्रेजीमा प्रोभर्ब (Proverb), ल्याटिनमा प्रोभर्बियो (Proverbio), ग्रिकमा परिमिया (Paroemia), स्पेनिसमा रिफ्रेन (Refran), तुर्कीमा अल्तालार सोजु (Atalar Sozu), रुसीमा पोस्लोभित्सा (Poslovitsa), अरबीमा माथल, हिब्रुमा मसाल, फारसीमा अम्साल, हिन्दीमा कहावत र

लोकोक्ति, उर्दुमा जर्बुल मिस्ल, लहन्दामा अखाण, राजस्थानीमा आखाणी, गढवालीमा पखाणा, गुजरातीमा उखाणु र कहेवत, थारुमा बटकही, मैथिलीमा कहवी, भोजपुरीमा कहावत र कहाउती पनि भनिन्छ (लामिछाने, २०६९ : १३) । हरेक उखानका पछाडि कुनै न कुनै कथा वा घटना सन्दर्भ जोडिएको हुन्छ । उदाहरणका रूपमा *धान खाने मुसो चोट पाउने भ्यागुतो, नाच्न नजान्ने आँगन टेढो* जस्ता उखानलाई लिन सकिन्छ ।

लोक साहित्यका विविध विधा लोकगीत, लोककथा, लोक नाटक र लोकोक्तिमध्ये 'टुक्का' लोकोक्तिको रूपमा प्रचलित एक महत्त्वपूर्ण उपविधा हो । टुक्काको पर्यायवाची शब्दका रूपमा वाक्पद्धति, वाग्धारा, वाग्रीति, वाक्यांश, मुहाबरा जस्ता शब्द प्रचलित छन् । टुक्कालाई अङ्ग्रेजीका इडियम्स (Idioms), हिन्दीमा मुहावरा, उर्दुमा मुहाबिरा र जर्बुल मिस्ल, संस्कृतमा वाग्रीति, वाग्धारा, वाक्पद्धति आदि भनिन्छ (आचार्य, २०६७ : ६) । 'टुक्का' झर्रो नेपाली शब्द हो, जुन नेपाली जनजिब्रोमा बढी लोकप्रिय भइ भिजेको छ । भाषालाई लाक्षणिक र रोचक बनाउन महत्त्वपूर्ण भूमिका खेल्ने टुक्काको प्रयोग कथ्य तथा लेख्य दुबै भाषामा हुँदै आएको छ । स्वतन्त्र रूपमा नभई वाक्यमा प्रयोग भएपछि भाषालाई गतिशील, ओजपूर्ण तथा जीवन्त बनाउने काम टुक्काले गर्छन् । त्यसैले भाषिक अभिव्यक्तिमा टुक्काको स्थान महत्त्वपूर्ण छ ।

टुक्काले वाच्यार्थ नभई लक्ष्यार्थ प्रदान गर्छ । कुनै एउटा क्रियामा विशेष शब्द गाँसिदा टुक्काको निर्माण हुन्छ । उदाहरणका रूपमा *नाक काट्नु, नाक लाग्नु, नाक ठाडो पार्नु* जस्ता टुक्कालाई लिन सकिन्छ । यस्ता टुक्काले सूक्ष्मभन्दा सूक्ष्म भावदेखि स्थूल अर्थलाई समेत स्पष्ट पार्ने काम गर्छन् । टुक्काको प्रयोगले भाषिक अभिव्यक्ति विशिष्ट बन्छ । कलात्मक तथा सौन्दर्यात्मक भाषिक अभिव्यक्तिका निम्ति टुक्काको प्रयोग महत्त्वपूर्ण मानिन्छ ।

## २.३ उखान टुक्काको परिभाषा र स्वरूप

नाममा विविधता भए पनि उखान टुक्का लोक साहित्यको एक स्वतन्त्र तथा समृद्ध विधा हो । उखान टुक्का लोक साहित्यदेखि लिखित साहित्यमा तथा लोक समुदायमा व्यापक प्रचलनमा रहेका हुन्छन् । उखानको प्रयोग नगर्ने कोही पनि छैन । उखान टुक्काका हजारौं परिभाषा पाइन्छन् । तल केही महत्त्वपूर्ण परिभाषाहरुलाई उल्लेख गरिएको छ ।

उखान र टुक्कालाई भाषाको गहना मानिएको छ । नेपालीका उखान र टुक्का पनि यस भाषामा गहना सरह साहित्यमा प्रयोग गरिएका छन् । जति भाषा सम्पन्न हुन्छ त्यति नै त्यस भाषामा उखान र टुक्का हुन्छन् (बन्धु, २०६६ : ३३२) ।

मानव जीवनका सबै पक्षहरुलाई सूत्र रूपमा व्याख्या गर्ने, लोकजिभ्रोमा नृत्य गर्ने उखान र टुक्काहरु लोक जीवनका मानक कोश हुन् (आचार्य, २०५३ : १) ।

नेपाली समाजमा उखान र टुक्कालाई उखान टुक्का भन्दै एकै ठाउँमा राखेर प्रयोग गर्ने गरिन्छ तर यिनलाई एकै ठाउँमा राखेर प्रयोग गर्दा उपयुक्त र न्यायोचित हुन सक्दैन त्यसैले

विभिन्न विद्वान्हरुले उखान र टुक्काबारे गरेका परिभाषाहरुलाई यहाँ छुट्टाछुट्टै उल्लेख गरिएको छ ।

## २.४ उखानको परिभाषा

उखान लोकोक्तिको भनाइलाई रोचक र घतिलो बनाई प्रामाणिक किसिमले पुस्ट्याइँ गर्ने एक प्रकारको आधारशिला पनि हो । यसले वाक्य विन्यासलाई ओजपूर्ण र गतिशील, मिठो, रमाइलो बनाउँछ (थापा र सुवेदी, २०४१ : ४१३) ।

वाक्यस्तरको संरचना हुने त्यस सूत्रात्मक उक्ति वा कथनलाई उखान भनिन्छ, जसको अर्थ त्यसका उत्ससँग सम्वद्ध हुन्छ (शर्मा, २०३६ : २८०) ।

जब हामी उखान सुनिरहेका हुन्छौं, हामीलाई लाग्छ मानौं हाम्रा पूर्वज आ-आफ्ना सन्तानहरुले बाटो बिराउलान् र कर्तव्य नचिन्लान् भनि दिव्य भाषामा आकाशवाणी सुनाइरहेका हुन् (पोखरेल, २०३६ : ११३) ।

उखान भनेको जातीय जीवनको सत्य तथा अनुभवसिद्ध ज्ञानका रूपमा तथा सार्वभौम एवम् सार्वकालिक अभिव्यक्तिका रूपमा सङ्क्षिप्त तथा सरल ढङ्गले प्रकट हुने जीवन्त र लोकप्रिय अभिव्यक्ति हो (बन्धु, २०६६ : ३३४) ।

उखान भनेको पद लालित्यले हिस्सी परेको, लाक्षणिक भावपूर्ण भएको एक लोकोक्ति हो, यसको व्यवहार समाजमा शिक्षित अशिक्षित, बुढाबुढीदेखि लिएर केटाकेटीसम्ममा एकनासले हुन्छ । एक किसिमले उखान भनेकै एक हृदयकोश हो, जसको प्रयोग ठाउँ र बेला हेरी हुन्छ (जोशी, २०१४ : २७-२८) ।

## २.५ टुक्काको परिभाषा

भाषागत प्रयोगको रूढि र अवस्था अनुसार कुनै पद पद समूह वा वाक्यांशहरु आ-आफ्नो खास अर्थलाई छोडी अभिव्यक्ति दिन पुग्छन् । त्यस्ता विशेष अर्थ बुझाउने पद, पद समूह र वाक्यांशलाई टुक्का भनिन्छ (थापा र सुवेदी, २०४१ : ४१५) ।

शब्दका मुक्त रूपको सङ्ग्रन्थित संरचना भएको त्यस पद समूहलाई टुक्का भनिन्छ, जो अमिधेय नभएर विशिष्ट अर्थमा रुढ हुन्छ ( शर्मा, २०३६ : २७४) ।

यदि कुनै वाक्यांश पद अथवा पद समूहले कुनै अर्ति, उपदेश, सूक्ति अथवा उद्गार प्रकट नगरीकनै वाच्यार्थमा बाधा तेर्स्यायो र लक्ष्यार्थ जाहेर गर्‍यो भने त्यो टुक्का वा तुक्का कहलाउँछ (पोखरेल, २०३६ : ११७) ।

आफ्नो वाच्यार्थभन्दा बेग्लै लक्ष्यार्थका निम्ति प्रयुक्त हुने दुई वा दुई भन्दा बढी पदहरुको समूहलाई टुक्का भनिन्छ (बन्धु, २०६६ : ३५०)।

टुक्काबारे पुष्कर शमशेरले भनेका छन् "टुक्काले मूलतः लक्ष्यार्थ जाहेर गर्छ । यसमा उखानमा जस्तै दृष्टान्तधर्मिता आए पनि आख्यानात्मक तत्त्व नभई भाषालाई गतिशील र रोचक बनाउने विलक्षण अर्थ निहित रहन्छ। यस प्रकार जुन पदावली वा वाक्यांश एउटै श्रेणी बनी विशेष वा लाक्षणिक रूपमा प्रयुक्त भएर सारगर्भित अर्थ दिन्छन्; तिनलाई टुक्का भनिन्छ" (पौड्याल, २०६१ : ६)।

उपर्युक्त परिभाषाबाट उखान टुक्काबारे बुझ्न सघाउ पुग्दछ । कुनै एउटा परिभाषा उखान टुक्कालाई बुझ्न-बुझाउन पर्याप्त नभएपनि तिनबाट समष्टिमा उखान के हो भन्ने कुरा छर्लङ्ग हुन्छ। उखान लोक अनुभवबाट खारिएर विकसित सूत्रात्मक कथन हो, जसले भाषालाई जीवन्त र कथनलाई प्रभावकारी तुल्याउँछ, प्रयोक्ताको प्रतिष्ठा उठाउँछ । त्यसैगरी टुक्का भाषिक अभिव्यक्तिको एक प्रमुख पक्ष हो । मानिसले आफ्नो अभिव्यक्तिलाई विशेष अर्थको बोध गराउन विशिष्ट वा चमत्कारपूर्ण बनाउन खोज्दा टुक्काको उत्पत्ति र प्रयोग भएको मानिन्छ (लामिछाने, २०६९ : ९४) । खास खास क्रिया र खास खास शब्दको योग भई वाच्यार्थभन्दा लक्ष्यार्थ बुझाउने पदावली टुक्काले भाषिक सौन्दर्य र प्रभावकारिता बढाउँछ । यसैले उखान टुक्का लोक साहित्य तथा स्तरीय साहित्य दुबैको प्राण मानिन्छ।

## २.६ उखान टुक्काको उत्पत्ति

भाषाको उत्पत्ति भएपछि लोक जीवनमा उखान टुक्काको उत्पत्ति भएको मान्न सकिन्छ । भाषाको विकास सँगसँगै उखान टुक्का पनि विकसित भएर अघि बढेका देखिन्छन् । लोक जीवनका सामाजिक, सांस्कृतिक प्रतिविम्ब झल्काउने हुँदा उखान टुक्का मानवीय अनुभवबाट आर्जित ज्ञान र मानसिक भावलाई सङ्केत वा व्यङ्ग्यको माध्यमबाट प्रकट गर्ने क्रममा यिनको उत्पत्ति भएको मान्न सकिन्छ । संसारका अधिकांश भाषामा सामान्य अर्थको बोध नगराई विलक्षण अर्थको बोध गराउने यस्ता प्रभावशाली वाक्यांश वा पदावली पाइन्छन् । मानिसहरु आफ्ना भावना तथा विचारलाई थोरैभन्दा थोरै शब्दका माध्यमबाट व्यक्त गर्न चाहन्छन् । उनीहरु आफ्नो इच्छा र स्वभाव अनुसार पनि भाषिक शब्दको उच्चारणमा मितव्ययिता मन पराउँछन् । यसका साथै यस्ता शब्दहरु चयन गरी आफ्नो भनाइलाई सङ्क्षिप्त र सारपूर्ण किसिमले व्यक्त गर्न चाहन्छन् र गर्छन् पनि; त्यसको प्रतिफल लोक जीवनमा उखान टुक्काको उत्पत्ति भएको हो । मानिसले थोरै शब्दमा आफ्नो भनाइ साधारण शब्दमा नभनेर घुमाउरो ढङ्गले भन्न चाहन्छ र भन्छ। भाषाको त्यो लघुरूप गद्यात्मक हुन्छ। भाषामा उखान टुक्काको प्रयोग हास्यव्यङ्ग्य चमत्कार, संक्षिप्तता, विचारको स्पष्टता र अभिव्यक्तिगत सरलताका लागि हुन्छ। साथै यिनको प्रयोगले शैली पनि मनोरञ्जक हुन्छ।

उखान टुक्काहरु मानव सभ्यता, इतिहास र संस्कृतिका धरोहर हुन् । यिनको उत्पत्ति भाषाको विकाससँगै भएको मान्न सकिन्छ । मान्छेले आफ्नो विचारलाई सूत्रात्मक, प्रभावकारी र विलक्षण बनाउने क्रममा उखान टुक्काको उत्पत्ति र विकास हुँदै आएको हो । दैनिक व्यवहार र अनुभवबाट खारिएर निर्मित यस्ता उखान टुक्का भाषिक अभिव्यक्तिका क्रममा लोकप्रिय भई प्रयोगमा आउँदै फैलेका उखान टुक्कालाई हाल भाषाका प्रयोक्ताले आफ्नो अभिव्यक्तिलाई प्रभावकारी बनाउन अत्यधिक प्रयोग गर्ने गरेको पाइन्छ ।

## २.७ उखान टुक्काको महत्त्व

कुनै पनि साधनको महत्त्व त्यसको प्रयोजन र उपयोगमा निर्भर हुन्छ । भाषिक अभिव्यक्तिलाई तिख्खर र निख्खर पार्न उखान टुक्काको निरन्तर प्रयोग हुँदै आएको छ । टुक्का लोक समुदायका सिर्जना हुन्, लोक समुदायका भाषिक कौशलका सङ्केतक पनि हुन् ।

उखान टुक्काहरु निरन्तर सिर्जना हुन्छन् परिष्कार, स्थापित र प्रयुक्त हुँदै आएका छन् । भाषामा सारपूर्ण कथनहरु प्रयोगमा आइ रहन्छन् । त्यस्ता कथनहरुमध्ये केही जनजिब्रोमा खेल्दै परिष्कार हुन्छन् । कालक्रममा तिनले उखान टुक्काको रूप ग्रहण गर्दछन् र जीवन्त बन्दछन् । यिनले भाषिक अभिव्यक्तिलाई सशक्त, प्रभावकारी र जीवन्त तुल्याउँछन् । तसर्थ उखान टुक्काको भाषिक, सामाजिक, लोक साहित्यिक, साहित्यिक, सांस्कृतिक, मनोवैज्ञानिक जस्ता विविध क्षेत्रमा महत्त्व रहेको हुन्छ । यो कुरा निम्न बुँदाबाट स्पष्ट गर्न सकिन्छ :

- उखान टुक्काले अभिव्यिक्तिलाई प्रभावकारी, कलात्मक र सौन्दर्यमय तुल्याउनुका साथै भाषालाई जीवन्त तुल्याउँछन् ।
- उखान/टुक्का लघु आकारमा सृजित लोक वाङ्मयको प्रमुख विधा हो । लोक साहित्यबाट उखान टुक्का झिकि दिने हो भने लोक साहित्य अपूर्ण हुन्छ । उखान टुक्का लोक साहित्यका अन्य विधाहरु जस्तै लोकको उत्पादन, लोकको संरक्षण तथा स्याहार सुसार पाएर लोकको मुख मुखमा हुर्कंदै आएका हुन्, त्यसैले उखान टुककामा लोक जीवनको धुकधुकी रहेको हुन्छ ।
- उखान टुक्का सभ्यता र संस्कृतिका संवाहक हुन् जसमा परम्परादेखि नै लोक समुदायको भाषिक कौशल, तिनका भाव तथा विचार अभिव्यक्त हुनुका साथै लोक जीवनका मौलिक परम्परा, चाडपर्व, रीतिरिबाज, रहनसहन विश्वास र मूल्य मान्यताहरु समेत प्रतिविम्बित हुन्छन् ।
- उखान टुक्का भाषा र लोक साहित्यको विषय भए पनि उखान टुक्काको मनोवैज्ञानिक महत्त्व पनि त्यत्तिकै रहेको हुन्छ । उखान टुक्काले मानवीय सूक्ष्म अनुभूति र मनोभावलाई पनि प्रकट गरेका हुन्छन् ।

यसरी हेर्दा उखान टुक्काको भाषिक, लोक साहित्यिक, सांस्कृतिक र मनोवैज्ञानिक दृष्टिले महत्त्व रहेको देखिन्छ । त्यस्तै सामाजिक, शैक्षिक, आर्थिक, पुरातात्त्विक, मानव शास्त्रीय आदि दृष्टिले समेत उखान टुक्काको महत्त्व आकलन गर्न सकिन्छ । भाषिक दृष्टिले उखान टुक्काको यति महत्त्व बढ्दै गएको छ कि अहिले यसलाई भाषा व्याकरणकै क्षेत्राधिकारको विषयका रूपमा अध्ययन भइ रहेको छ ।

## २.८ उखान टुक्काका विशेषता

भाषिक सरलता र उक्ति वैचित्र्यका लागि उखान टुक्काका आफ्नै निजी विशेषता छन् । यिनै विशेषताले नै उखान टुक्का भाषाको प्रमुख आधार र लोकोक्तिको अभिन्न अङ्ग बनेर रहेका छन् । उखान टुक्काका विशेषतालाई यसरी प्रस्तुत गर्न सकिन्छ ।

### २.८.१ उखानको विशेषता

#### क) अनुभवसिद्ध ज्ञान

उखानहरु अनुभवसिद्ध ज्ञानका सार हुन् । मानिसले जीवन भोगाइका क्रममा अनेकौं पटक देखेका र अनुभव गरेका ज्ञान अभिव्यक्त गर्दा उखान भनिन्छन् । उखानलाई लामो अनुभवमा आधारित छोटा वाक्य भनिएको छ । अनुभवमा आधारित ज्ञान स्थायी हुन्छ । अनुभव सिद्ध ज्ञानका रूपमा उखानको विशेष महत्त्व छ ।

#### ख) जातीय जीवनको सत्य

उखानमा जातीय जीवनको अभिव्यक्ति हुन्छ । जातिका आफ्ना आदर्श र यथार्थ दुबै पक्ष हुन्छन् । मानिसका महत्ता र लघुता, उच्चता र नीचता सबैको चित्रण उखानमा पाइन्छ । जब खास भाषाका वक्ताका रूपमा खास जाति वा जातिहरु नै हुन्छन् त्यस स्थितिमा उखानमा यथार्थलाई ढाकछोप गरेर देखाउने प्रयास हुँदैन ।

#### ग) सार्वभौम र सार्वकालिक अभिव्यक्ति

केही मानवीय अनुभवहरु जहाँ पनि र जहिले पनि उही र उस्तै हुन्छन् । एउटै कुरालाई विभिन्न भाषाहरुमा केही भिन्न प्रकारले भनिएको पाइन्छ । उखानहरु पनि यस्तै सार्वभौम कथन हुन् जसको एक भाषाबाट अर्को भाषामा रूपान्तर हुन सक्छ । महान् वाणीहरु यस्तै अभिव्यक्ति त हुन् नि !

### घ) संक्षिप्तता र सरलता

उखानहरु संक्षिप्त हुन्छन् । यी उखानहरुले संक्षिप्त तथा सूत्रशैलीमा भन्नुपर्ने कुरा भनेका हुन्छन् । थोरैमा धेरै अर्थ दिने कुरा भन्नु उखानको विशेषता हो तर, संक्षिप्त र सूत्रात्मक भए पनि उखानहरु क्लिष्ट हुँदैनन् फलतः अर्थ बुझ्न गाह्रो पर्दैन ।

### ङ) जीवन्तता र लोकप्रियता

उखानहरु जीवन्त हुन्छन् । यिनको प्रयोग विशेष सन्दर्भमा हुन्छ । सान्दर्भिक प्रयोगले कथ्य तथा लेख्य दुबै अभिव्यक्तिलाई सरस र प्रभावकारी बनाउने भएकाले उखानहरु अत्यन्त लोकप्रिय पनि हुन्छन् । यसरी उखान जातीय जीवनको सत्य र अनुभवसिद्ध ज्ञानका रूपमा तथा सार्वभौम एवम् सार्वकालिक अभिव्यक्तिका रूपमा सङ्क्षिप्त तथा सरल ढङ्गले प्रकट हुने जीवन्त र लोकप्रिय अभिव्यिक्त बनेको मान्न सकिन्छ ।

## २.९ टुक्काका विशेषता

२.९.१ भाषिक अभिव्यक्तिलाई विशिष्ट तुल्याउनका लागि वाक्यमा प्रयुक्त हुने टुक्काका आफ्नै निजी विशेषता छन् । यिनै विशेषताले गर्दा नै टुक्का भाषाको प्रमुख आधार र लोकोक्तिको अभिन्न अङ्ग बनेर रहेका छन् । टुक्काका विशेषतालाई यसरी प्रस्तुत गर्न सकिन्छ ।

### क) भाषिक प्रस्तुतिमा विशिष्टता प्रदान

टुक्काको प्रमुख विशेषता भाषिक प्रस्तुतिलाई विशिष्टता प्रदान गर्नु हो । टुक्का प्रयोग नभएको भाषा खल्लो र विशेष अर्थ प्रदान गर्न नसक्ने खालको हुन्छ । टुक्काको प्रयोगबाट नै भाषामा गाम्भीर्य र चमत्कार आउँछ । जस्तोः 'डाँडो काट्नु' यस टुक्कालाई प्रसङ्ग अनुसार विभिन्न वाक्यमा प्रयोग गर्न सकिन्छ; जस्तै-

*महेश र रमाले उज्यालो नहुँदै डाँडो काटेछन् । उमेरले डाँडो काटे पनि हजुर आमाको पढ्ने इच्छा प्रबल रहेछ । पोक्चेले बतासेलाई राति नै डाँडो कटाएछ आदि ।*

टुक्काको प्रयोगले वक्तालाई आफ्नो आशय व्यक्त गर्न सजिलो हुन्छ भने व्यक्त आशयले श्रोताको स्तर अनुसार अर्थ प्रदान गर्छ । यसरी भाषिक प्रस्तुतिलाई विशिष्टता प्रदान गर्ने काम टुक्काले पनि गर्दछ ।

### ख) अर्थ र तात्पर्य पक्ष विशेष महत्त्वपूर्ण

टुक्काहरु पदावली हुन् । यी वाक्यमा प्रयोग भए भने वाक्यको अर्थ पक्ष विशेष महत्त्वपूर्ण बन्छ । यिनको सोझो अर्थ खोजेर पाउन सकिन्न । सोझो अर्थ खोजेमा वक्ताको आशयमा अवरोध उत्पन्न हुन्छ किनकि टुक्काको अर्थ पक्षले विशेष कुरालाई लक्षित गरेको

हुन्छ । जस्तोः 'पेट काट्नु' भन्ने टुक्काको सोझो अर्थ आउन सक्दैन, आए पनि पेट काट्ने वस्तु होइन । तर यसको विशेष अर्थ खोज्दा पेट गडबड हुनु भन्ने हुन्छ । यसलाई वाक्यमा प्रयोग गरेपछि मात्र अर्थ पक्ष विशेष महत्त्वपूर्ण बन्दछ । जस्तै हिजोको पिरो अचारले मेरो पेट काट्यो ।

**ग) बद्ध प्रयोग**

स्वतन्त्र प्रयोग नहुनु टुक्काको अर्को विशेषता हो । यी जहिले पनि भाषाका वाक्यसँग मिसिएर आई आफ्नो छुट्टै अर्थ छाडेर समग्र वाक्यको अर्थलाई व्यक्त गर्दछन् । टुक्का त्यतिबेला सार्थक र महत्त्वपूर्ण बन्छन् जतिबेला कुनै पनि वाक्यमा प्रयोग भएर आएका हुन्छन् । जस्तोः 'हात छोड्नु' एउटा टुक्का हो तर यसको अर्थ त्यसबेला मात्र स्पष्ट हुन्छ जब त्यसलाई 'विद्यार्थीहरुले गृहकार्य गरेनन् भनेर शिक्षकले हात छोड्नु हुन्न' भन्ने वाक्यमा प्रयोग गर्छौं ।

**घ) आफ्नै सहप्रयोग**

टुक्काका रूपमा आएका पदहरु सधैं एकै प्रकारका रहन्छन् । यिनमा परिवर्तन गर्न मिल्दैन र यस्ता शब्दहरुको सधैं एक-आपसमा सम्बन्ध रहि रहन्छ । जस्तोः 'सानीले सबैलाई खुसी पारेर घर खाएकी छ' का सट्टा सानीले सबैलाई खुसी पारेर गृह खाएकी छ हुँदैन । 'हावा खानु' को सट्टा 'वायु खानु' जलपानको सट्टा 'पानीपान' हुँदैन । यसरी टुक्काका रूपमा आएका पदहरु परिवर्तन गर्न मिल्दैन । परिवर्तन गरेमा अर्थ खुल्दैन, अर्थ खुले पनि अनौठो लाग्न सक्छ ।

**ङ) अभिधार्थमा प्रयोग**

टुक्काका रूपमा प्रयुक्त हुने पदहरुले आ-आफ्नो वाच्यार्थ छोडी लक्ष्यार्थ हुँदै व्यङ्ग्यार्थ दिन्छन् । यदि लक्ष्यार्थ र व्यङ्ग्यार्थ दिन सकेनन् भने ती टुक्का होइनन् । जस्तोः भाइले कमर कसेर पढ्यो र भाइले पटुकाले कमर कस्यो । यी दुई वाक्यमा आएका टुक्कामध्ये दोस्रो वाक्यमा आएको कमर कस्नु टुक्का होइन, पहिलो वाक्यमा आएको कमर कस्नु भने टुक्का हो । यसरी लक्ष्यार्थ र व्यङ्ग्यार्थमा जोड दिनु टुक्काको अर्को विशेषता हो ।

**च) सरलता र सरसता**

टुक्काको अर्को विशेषता सरलता र सरसता हो । टुक्काहरु लक्ष्यार्थ र व्यङ्ग्यार्थका लागि प्रयोग भए पनि यिनीहरु सरल हुन्छन् । शिक्षित अशिक्षित सबैले टुक्कालाई सजिलै बुझ्न र प्रयोग गर्न सक्छन् । त्यसैले सरलता र सरसता टुक्काका महत्त्वपूर्ण विशेषता हुन् । टुक्का वाक्यमा वा भाषामा प्रयोग भयो भने भाषा वा वाक्य अत्यन्त मिठो, रसिलो र सबैले बुझ्ने खालको बन्छ ।

### छ) संक्षिप्तता र लोकप्रियता

टुक्काहरु संक्षिप्त वा छोटा हुन्छन् । यिनीहरुको प्रयोग स्वस्फूर्त र सचेत रूपमा हरेक मानिसले गर्छन् । छोटा भएर नै यिनीहरु भाषामा बढी प्रयोग हुन्छन् । टुक्काले मिठो र गहन अर्थ प्रदान गर्ने भएकाले यसलाई हरेक व्यक्तिले अत्यन्त रुचाउँछन् । त्यसैले संक्षिप्त र लोकप्रिय हुनु टुक्काको अर्को महत्त्वपूर्ण विशेषता हो ।

## २.१० उखान टुक्काको वर्गीकरण

लोक साहित्यका अन्य विधाभन्दा उखान आकृतिले छोटा भए पनि यिनको वर्गीकरण त्यति सजिलो छैन । एउटै उखानलाई विभिन्न वर्गमा राख्न सकिन्छ । यहाँ विभिन्न आधारमा नेपाली उखानको वर्गीकरण गरिएको छ ।

### २.१०.१ शब्दस्रोतका आधारमा

शब्दस्रोतका दृष्टिले नेपाली उखानहरु तिन प्रकारका छन्: तत्सम,तद्भव र आगन्तुक शब्द मिश्रित उखान ।

- तत्सम शब्दहरुको बाहुल्य भएका उखानहरु:

यस्ता उखानहरुमा संस्कृत शब्दहरुको बाहुल्य हुन्छ । जस्तै :

- घोकन्ती विद्या धावन्ती खेती । शास्त्र हराए काशी जानू न्याय हराए गोर्खा जानू

- तद्भव शब्दका उखान:

नेपाली भाषाका धेरैजसो उखानहरु तद्भव शब्द स्रोतबाट निर्मित भएका छन् । जस्तै:

- भाङ्ग्राको टोपीलाई गुहेँलाको फुल,
- हात्तीको मुखमा जिरा,
- हिस्स बुढी खिस्स दाँत आदि ।

- उखानहरु आगन्तुक शब्द मिश्रित छन् । जस्तै:
  - हरामको आगे भूत जागे । (बन्धु, २०६६ : ३३९)
  - बेला न कुबेला बजी नयला ।
  - एनी हाउ, काम चलाऊ आदि ।

### २.१०.२ वाक्य संरचनाका आधारमा

संरचनाका दृष्टिले उखान सरल वा अनुप्रासात्मक गरी दुई प्रकारका छन् ।

- सरल

सामान्यतः एउटै वाक्यमा कथिएका उखानहरु सरल हुन्छन्: जस्तैः

  - नपत्याउने खोलाले बगाउँछ ।

- जटिल

सामान्यतः मिश्र र संयुक्त वाक्यमा कथिएका उखानहरु यस प्रकारका हुन्छन्: जस्तैः

  - जसले मह काढ्छ उसले हात चाट्छ ।

**२.१०.३ वाक्यार्थ वा भावका आधारमा**

वाक्यका अर्थ वा भावका दृष्टिले नेपाली उखानहरु तिन प्रकारका छन्:

- निश्चयार्थक

यस्ता उखानहरु निश्चयार्थक वाक्यका हुन्छन् । जस्तैः

  - कुरो र कुलो जता लग्यो उतै जान्छ ।
  - म ताक्छु मुढो बन्चरो ताक्छ घुँडो ।

- प्रश्नार्थक

यस्ता उखानहरु प्रश्नोत्तरात्मक हुन्छन् । जस्तैः

  - घिउ केमा पोखियो ? भागैमा ।
  - के खोज्छस् कानो ? आँखो ।

- विध्यर्थक

यस्ता उखानहरुले आज्ञा वा उपदेशका रूपमा केही बताउँछन् । जस्तैः

  - भिडभाडमा जिउ जोगाउनु अनिकालमा बिउ जोगाउनु ।
  - घाँटी हेरी हाड निल्नु ।

**२.१०.४ दृष्टिविन्दुका आधारमा**

कतिपय उखान वाक्यात्मक संरचनामा हुन्छन् र तिनले वक्ता कुन दृष्टिविन्दुमा छ भन्ने कुरा स्पष्ट गर्छन् । सर्वनामको प्रयोगबाट पनि यसलाई स्पष्ट गरिन्छ । यस आधारमा उखानहरु प्रथम पुरुष, द्वितीय पुरुष र तृतीय पुरुषमा हुन्छन् ।

- प्रथम पुरुष - वक्ता प्रथम पुरुषमा हुन्छ । जस्तैः

- म गर्छु आग्राको कुरा, सम्धी गर्छन् गाग्राको कुरा ।
- म ताक्छु मुढो बन्चरो ताक्छ घुँडो ।

- मध्यम पुरुष

प्रथम पुरुष वक्ताले मध्यम पुरुषमा रहेको श्रोतालाई आज्ञा, इच्छा व्यक्त गर्छ । जस्तैः

- साँप पनि मरोस् लट्ठी पनि नभाँचियोस् ।

- अन्य पुरुष

यस्ता उखानमा वक्ताले कुनै  अन्य पुरुषलाई सङ्केत गरेको हुन्छ । जस्तैः

- जो होचो उसको मुखमा घोचो ।
- जति जोगी आए पनि कानै चिरिएका ।

### २.१०.५. आकारका आधारमा

लोक साहित्यका अन्य विधाका तुलनामा उखानहरु छोटा छरिता नै हुन्छन् । तापनि आकारका दृष्टिले उखानहरु तिन प्रकारका छन् ।

- छोटा छोटा उखानः यस्ता उखान २-४ शब्दका हुन्छन् । जस्तैः
  - जङ्गलको रुवाइ ।
  - घाँटी हेरी हाड निल्नु ।
  - दुबै हातमा लड्डु ।
- मझौला - समापिका क्रिया भए वा नभएका तर तिन, चार वा सोभन्दा बढी शब्द सहितका उखानहरुलाई मझौला खालका उखानमा राख्न सकिन्छ । जस्तैः
  - लोग्नेस्वास्नीको झगडा परालको आगो ।
  - फुलको बास्ना वरिपरि, मानिसको बास्ना डाँडापारि ।
  - अकबरी सुनलाई कसी लाउनु पर्दैन ।
- लामा - तिनभन्दा बढी वाक्य जेलिएका उखानहरु पनि नेपाली भाषामा छन् । जस्तैः
- एक दिनको पाहुना मीठोमीठो खा, दुई दिनको पाहुना जसोतसो खा, तिन दिनको पाहुना जातासुकै जा ।
- केसित खाइस् ? दुधसित निस्तै, कोसित आइस् ? बाबुसित एक्लै ।
- बाहुनको मुख चोखो, कुकुरको सिकार चोखो, गाईको खुर चोखो, दमाईको थुक चोखो ।

### २.१०.६ अर्थका आधारमा

अर्थका आधारमा उखानहरु अभिधामूलक, लक्षणामूलक र व्यञ्जनामूलक हुन्छन् ।

प्रायः नीतिप्रधान उखानहरु अभिधामूलक हुन्छन् । यस्ता उखानहरुले प्रायः वाच्यार्थको बोध गराउँछन् । जस्तैः

- बोल्नेको पिठो बिक्छ नबोल्नेको चामल पनि बिक्दैन ।
- नजाने गाउँको बाटै नसोध्नु ।

धेरैजसो उखानहरु लक्षणामूलक हुन्छन् । यस्ता उखानहरुले अप्रस्तुतलाई लक्ष्य गरी प्रस्तुत विषयबारे टिप्पणी गर्छन् । जस्तैः

- देख्नेका आँखा फुटे सुन्नेका सही ।
- साँढेको जुधाइ बाछाको मिचाइ ।
- हुने बिरुवाको चिल्लो पात ।

### २.११. टुक्काको वर्गीकरण

नेपाली भाषामा प्रशस्त टुक्काहरु पाइन्छन् । विद्वानहरुले तिनको गहन खोज, अनुसन्धान र विश्लेषण गरेका छन् तर पनि अफै त्यो खोज, अनुसन्धान पर्याप्त हुन सकेको देखिँदैन । चूडामणि रेग्मीले भाषिक, सांस्कृतिक, साहित्यिक र मनोवैज्ञानिक गरी नेपाली टुक्कालाई चार किसिमले वर्गीकरण गरेका छन् (आचार्य, २०६७ : १३) । त्यसैगरी बालकृष्ण पोखरेलले ‘राष्ट्रभाषा’ मा नेपाली टुक्कालाई एक पदीय र अनेक पदीय गरी वर्गीकरण गर्दै एक पदीय टुक्कामा जङ्गली, गाईजात्रे जस्ता उदाहरण दिएका छन् । त्यसै गरी अनेक पदीय टुक्कालाई क्रियायुक्त र क्रियामुक्त गरी दुई किसिमले वर्गीकरण गरेका छन् । क्रियायुक्त टुक्कामा आँखा चिम्लनु, ज्यान दिनु जस्ता उदाहरण दिएका छन् भने क्रियापद मुक्त टुक्कामा उनिउँको फुल, सम्धीको शोक, आकाशको फल, राजाको काम जस्ता उदाहरण दिएका छन् (पोखरेल, २०४८ १३४) ।

भाषाशास्त्री चूडामणि बन्धुले टुक्काहरुको वर्गीकरण त्यति सहज नभएको उल्लेख गर्दै बालकृष्ण पोखरेलको वर्गीकरणप्रति असहमति प्रकट गरेका छन् । उनको तर्क छः टुक्काहरु सँगै आउने एकभन्दा बढी पद समष्टिको नाम हो । टुक्कामा कम्तीमा दुई पद हुनु पर्छ । त्यसकारण एक पदीय भनिएकालाई पनि वाक्यमा प्रयोग हुँदा दुई पदको मान्न सकिन्छ । त्यसमा ‘हुनु’ क्रिया थपेमा द्विपदी हुन्छ । जस्तैः जङ्गली हुनु, गाईजात्रे हुनु, लखने हुनु तर, त्यस्ता पद विभिन्न क्रियाका साथमा आउन सक्छन् । बन्धुले शारीरिक अङ्ग शारीरिक क्रिया, प्रकृति, पशुपन्छी घर गृहस्थी; सामाजिक, सांस्कृतिक, पौराणिक प्रसङ्ग; कला कौशल, आमोद प्रमोद,

राजनीति, प्रशासन तथा कानुन, व्यवसाय र धनोपार्जन गरी (बन्धु, २०६६ : ३५५, ३५६, ३५७) विषयगत आधारमा टुक्काको वर्गीकरण गरेको पाइन्छ ।

यसरी नेपाली भाषाका विद्वान्ले विविध ढङ्गले नेपाली टुक्काहरुको वर्गीकरण गरेका छन् । तर, यहाँ लोक जीवनका विविध पक्ष झल्काउने लोक मानसका अभिव्यिक्तिका रूपमा प्रचलित त्यस्ता टुक्कालाई निम्नानुसार वर्गीकरण गरिएको छ :

### २.११.१. भाषिक वर्गीकरण

व्याकरणिक र रूप रचनाका आधारमा टुक्काको भाषिक वर्गीकरण गर्न सकिन्छ । व्याकरणिक पदवर्गीय आधारमा टुक्कालाई निम्नानुसार वर्गीकरण गर्न सकिन्छः

क) नाम पद र क्रियापद

| **नाम पद** | **क्रियापद** | **टुक्का** | **लक्ष्यार्थ** |
|---|---|---|---|
| हात | पसार्नु | हात पसार्नु | माग्नु |
| मुख | पर्नु | मुख पर्नु | अगाडि पर्नु |
| आँखा | छल्नु | आँखा छल्नु | झुक्याउनु |

ख) विशेषण पद र क्रियापद

| **विशेषण पद** | **क्रियापद** | **टुक्का** | **लक्ष्यार्थ** |
|---|---|---|---|
| तातो | लाग्नु | तातो लाग्नु | उत्सुकता जाग्नु |
| चिसो | पस्नु | चिसो पस्नु | शंङ्का लाग्नु |
| चिल्लो | घस्नु | चिल्लो घस्नु | प्रशंसा स्तुति गर्नु |

ग) विशेषण पद, विशेष्य (नाम) र क्रियापद

| **विशेषण** | **नाम** | **क्रियापद** | **टुक्का** | **लक्ष्यार्थ** |
|---|---|---|---|---|
| तिन | सहर | घुमाउनु | तिन सहर घुमाउनु | बेइज्जत गर्नु |
| एक | पेट | खानु | एक पेट खानु | खान पुग्नु |
| एक | गाँस | पार्नु | एक गाँस पार्नु | सजिलैसित जित्नु |

घ) नाम पद, विशेषण पद र क्रियापद

| **नाम** | **विशेषण** | **क्रियापद** | **टुक्का** | **लक्ष्यार्थ** |
|---|---|---|---|---|
| हात | लामो | गर्नु | हात लामो गर्नु | चोर्नु |

|  |  |  |  |  |
|---|---|---|---|---|
| कान | ठाडो | पार्नु | कान ठाडो पार्नु | चनाखो हुनु |
| जिउ | भारी | हुनु | जिउ भारी हुनु | जाँगर सेलाउनु |

ङ) भेदक, भेद्य (नाम) र क्रियापद

| **भेदक** | **भेद्य (नाम)** | **क्रियापद** | **टुक्का** | **लक्ष्यार्थ** |
|---|---|---|---|---|
| डढेको | ललाट | सिँगार्नु | डढेको ललाट सिँगार्नु | नराम्रो अनुहार सिँगार्नु |
| आफ्नो | खाडल | खन्नु | आफ्नो खाडल खन्नु | आफ्नै कारण अप्ठ्यारोमा पर्नु |
| तोरीको | फुल | देख्नु | तोरीको फुल देख्नु | असह्य पीडा हुनु |

च) द्वित्व शब्द र क्रियापद

| **द्वित्व शब्द** | **क्रियापद** | **टुक्का** | **लक्ष्यार्थ** |
|---|---|---|---|
| हातपात | गर्नु | हातपात गर्नु | पिट्नु, लछारपछार गर्नु |
| मालताल | हेर्नु | मालताल हेर्नु | रखवारी गर्नु |
| चुरीफुरी | देखाउनु | चुरीफुरी देखाउनु | फुर्ती देखाउनु |

छ) अव्यय र क्रियापद

| **अव्यय** | **क्रियापद** | **टुक्का** | **लक्ष्यार्थ** |
|---|---|---|---|
| टट्टिएर | मर्नु | टट्टिएर मर्नु | खान नपाउनु |
| हुरुक्क | हुनु | हुरुक्क हुनु | मरी मेट्नु |
| हाँसेर | उडाउनु | हाँसेर उडाउनु | खिसी गर्नु |

### २.११.२. संरचनात्मक वर्गीकरण

बालकृष्ण पोखरेल र चूडामणि बन्धुले विशेष अर्थ दिने केही एक पदीय शब्दहरुलाई टुक्का मानेको भए पनि टुक्का हुनका लागि पद समूह हुनैपर्छ । वाक्यमा प्रयोग हुँदा क्रियापदविना टुक्कागत अर्थ नआउने हुनाले टुक्कालाई द्विपदी, त्रिपदी र बहुपदी गरी संरचनागत आधारमा वर्गीकरण गर्न सकिन्छ । जस्तैः

क) द्विपदी टुक्का

<u>टुक्का</u> <u>अर्थ</u>

- लखतरान हुनु थाक्नु

| | |
|---|---|
| - टाप कस्नु | भाग्नु |
| - मुख छोड्नु | जथाभावी भन्नु |
| - माया मार्नु | बिर्सनु |

ख) त्रिपदी टुक्का

| टुक्का | अर्थ |
|---|---|
| - उड्दो चरो खसाल्नु | खुब चलाख हुनु |
| - तोरीका फुल देख्नु | असह्य पीडा हुनु |
| - टट्टिएर मर्न लाग्नु | खान नपाउनु |
| - टेक्ने समाउने नहुनु | आधार दिने कोही नहुनु |
| - हात मुख जोर्नु | गुजारा चलाउनु |

ग) बहुपदी टुक्का

| टुक्का | अर्थ |
|---|---|
| - दुधको दुध पानीको पानी गरि दिनु | सत्य कुरा पत्ता लगाउनु |
| - बलेको आगोमा घिउ थप्नु | उक्साउनु |
| - पुङ न पुच्छरका कुरा गर्नु | अनावश्यक कुरा गर्नु |
| - मकै पिस्दा घुन पिसिनु | निर्दोषले दुःख पाउनु |
| - मनको लड्डु घिउसँग खानु | कल्पनामा रमाउनु |

### २.११.३ विषयात्मक वर्गीकरण

नेपाली टुक्कामा समाज, प्रकृति, पशुपन्छी, संस्कृति, पुराण, इतिहास, अर्थ, कृषि आदि विषय प्रतिविम्बित भएको पाइन्छ । नेपाली टुक्कालाई विषयका आधारमा सामाजिक, सांस्कृतिक परम्परा, पुराण, इतिहास, लोक विश्वास, शारीरिक अवयव, प्राकृतिक पशुपन्छी तथा जीवजन्तु, आर्थिक तथा कृषि व्यवसायमूलक गरी आठ किसिमबाट वर्गीकरण गर्न सकिन्छ ।

क) सामाजिक विषयक टुक्का

मायाप्रेम, मिलन बिछोड, लेनदेन, उठबस, खानपान आदि सामाजिक क्रियाकलापसँग सम्बन्धित टुक्का यस अन्तर्गत पर्दछन्:

| टुक्का | अर्थ |
|---|---|
| - आँखा झिम्क्याउनु | इसारा गर्नु |
| - जिब्रो टोक्नु | मर्नु |

| | |
|---|---|
| - शरणमा लिनु | आश्रय दिनु |
| - मुखमा पानी आउनु | लोभिनु |
| - आँखामा छारो हाल्नु | झुक्याउनु |

ख) सांस्कृतिक परम्परा विषयक टुक्का

हरेक राष्ट्रको मौलिक संस्कृति र परम्परा हुन्छ । संस्कृति र परम्पराले समाजमा गहिरो प्रभाव पार्दछन् । त्यसको प्रभाव प्रचलित टुक्कामा पर्नु स्वाभाविक नै हो । समाजमा मनाइने विविध सांस्कृतिक परम्परा, चाडपर्व आदि प्रतिविम्बित गर्ने टुक्का यस अन्तर्गत पर्दछन् ।

| टुक्का | अर्थ |
|---|---|
| - श्री गणेश गर्नु | सुरु गर्नु |
| - न्वारनदेखिको बल लगाउनु | भएभरको बल/सामर्थ्य लगाउनु |
| - चौतारो चिन्नु | भलाइ गर्नु |
| - पञ्चमीका पाइला गन्नु | ढिलो हिँड्नु |
| - धूप हाल्नु | गाली गर्नु |

ग) पुराण इतिहास विषयक टुक्का

मानव जातिको भाषा, व्यवहार, परम्परा, रहनसहन, आस्था, आदि कसरी विकसित हुँदै आएको हो भन्ने जानकारी हामी पुराण इतिहास आदिबाट प्राप्त गर्छौं । इतिहास तथा पुराणका घटना मानिसका निम्ति मार्ग दर्शक हुन्छन् । यस्तै पुराण र इतिहासका घटनालाई प्रतिविम्बित गर्ने टुक्का यस अन्तर्गत पर्दछन् ।

| टुक्का | अर्थ |
|---|---|
| - न्याय नपाए गोर्खा जानू | न्याय पाउन यसका लागि प्रसिद्ध ठाउँ गोर्खा जानु पर्छ |
| - महाभारत मच्चाउनु | ठूलो झगडा पर्नु |
| - कुम्भकर्ण बन्नु | सुताहा हुनु |
| - जङ्गे हुनु | कडा शासन चलाउनु |
| - लखने हुनु | महत्त्वहीन हुनु |

घ) लोक विश्वासमा आधारित टुक्का

लोक जीवनमा प्रचलित टुक्काले समाजका परम्परा धर्म संस्कृति चाडपर्व र लोक मान्यताका तितामिठा अनुभवलाई सार रूपमा अभिव्यक्त गरेका हुन्छन् । समाजमा प्रचलित टुक्काबाट त्यहाँको जनजीवन र लोक विश्वास बुझ्न सकिन्छ । नेपाली समाजको लोक विश्वास र परम्परालाई प्रतिविम्बित गर्ने टुक्का यस अन्तर्गत पर्दछन् ।

| टुक्का | अर्थ |
| --- | --- |
| - बाडुली लाग्नु | कसैले सम्झनु |
| - चुरा फुट्नु | विधवा हुनु |
| - भाकल गर्नु | देवी देवतालाई केही चढाउने कबुल गर्नु |
| - बिरालोले बाटो काट्नु | साइत बिग्रनु |

ङ) शारीरिक अङ्ग सम्बन्धी टुक्का

मानव शरीरका विभिन्न आन्तरिक तथा बाह्य अङ्ग र तिनका क्रियाकलाप तथा विशेषतामा आधारित टुक्का यस अन्तर्गत पर्दछन् । शरीरका अवयव झल्काउने त्यस्ता टुक्कामा ती अङ्ग प्रतीकका रूपमा आएका हुन्छन् । त्यस्ता टुक्काहरु टाउकोदेखि पैतालासम्मका विविध अवयवमा आधारित छन् ।

| टुक्का | अर्थ |
| --- | --- |
| - आँखा लाग्नु | बिगार पर्नु, निन्द्रा पर्नु, इच्छा हुनु |
| - मुख पर्नु | अगाडि पर्नु |
| - नाक जानु | इज्जत जानु |
| - दाँतबाट पसिना निकाल्नु | कन्जुस बन्नु |
| - टाउकोमा टेकाउनु | माथि चढाउनु |
| - खुट्टा तान्नु | मर्नु |

च) प्रकृति विषयक टुक्का

आगो, पानी, घाम, आकाश, पाताल आदि प्रकृतिका विविध पक्षलाई प्रतिविम्बित गर्ने टुक्का यस अन्तर्गत पर्दछन् ।

| टुक्का | अर्थ |
| --- | --- |
| - आगो हुनु | ज्यादै रिसाउनु |
| - आकाश पाताल हाँक्नु | धेरै गफ गर्नु |
| - पानी हुनु | लज्जित हुनु |
| - हावा खानु | असफल हुनु |

छ) पशुपन्छी र जीवजन्तु सम्बन्धी टुक्का

पशुपन्छी वा जीवजन्तुका विशेषतालाई प्रतीकात्मक अर्थमा व्यक्त गर्न मद्दत गर्ने टुक्का यस अन्तर्गत पर्दछन् । पशुपन्छी वा जीवजन्तुका गतिविधिसँग मानव जीवनका प्रत्यक्ष-अप्रत्यक्ष सम्बन्ध गाँसिएको हुन्छ । पशुपन्छीका क्रियाकलापबाट प्राप्त अनुभव यस्ता टुक्कामा अभिव्यक्त भएका हुन्छन् ।

| टुक्का | अर्थ |
|---|---|
| - गोरु बेचेको साइनो | परको नाता |
| - उड्दो चरो खसाल्नु | खुब चलाख हुनु |
| - चमेरो हुनु | अवसरवादी हुनु |
| - झिंगा धपाउनु | चाकडी गर्नु |
| - गोहीको आँसु झार्नु | बनावटी दुःख प्रकट गर्नु |

ज) आर्थिक तथा कृषि व्यवसाय विषयक टुक्का

धनी-गरिब, साहु-असामी, खेतीपाती, व्यवसाय आदिमा समेटिएका टुक्का यस वर्गीकरण अन्तर्गत पर्दछन् । यस्ता टुक्कामा नेपाली समाजको यथार्थ चित्र प्रतिविम्बित भएको पाइन्छ ।

| टुक्का | अर्थ |
|---|---|
| - धोती न टोपी हुनु | कङ्गाल बन्नु |
| - मामाको धन | सित्तैमा पाएको सम्पत्ति |
| - राजाको काम | आले-टाले गर्ने काम |
| - टुप्पाबाट पलाउनु | पछि धनी बन्नु |

## २.११.४ साहित्यिक वर्गीकरण

टुक्कालाई भाषिक र विषयात्मक रूपमा मात्र वर्गीकरण नगरी साहित्यिक रूपले पनि वर्गीकरण गर्न सकिन्छ । टुक्काले दिने लाक्षणिक अर्थले साहित्यको गरिमा बढाउँछ । आलङ्कारिक र अर्थगत गरी टुक्कालाई साहित्यिक वर्गीकरण गर्न सकिन्छ ।

क) आलङ्कारिक टुक्का

अनुप्रास, दृष्टान्त, रूपक, अतिशयोक्ति, उपमा आदि अलङ्कारलाई प्रतिविम्बित गर्ने टुक्का यस अन्तर्गत पर्दछन् ।

अनुप्रासमूलक टुक्का

| टुक्का | अर्थ |
|---|---|
| - उल्ली बिल्ली पार्नु | जिस्क्याउनु |
| - चुरीफुरी देखाउनु | फुर्ती देखाउनु |
| - तिन त्रिभुवन हल्लाउनु | थर्कमान पार्नु |

दृष्टान्तमूलक टुक्का

| टुक्का | अर्थ |
|---|---|

- भालुलाई पुराण सुनाउनु　　जिस्क्याउनु
- डाँडामाथिको जुनघाम हुनु　　अन्तिम अवस्था हुनु
- नारद बन्नु　　कुरौटे हुनु

रूपकालङ्कार बुझाउने टुक्का

| टुक्का | अर्थ |
|---|---|
| - ठाडो पुच्छर लगाउनु | बेतोडसँग भाग्नु |
| - हात थाप्नु | माग्नु / जोगाउनु |
| - कम्मर कस्नु | जाँगर लगाउनु |

अतिशयोक्तिमूलक टुक्का

| टुक्का | अर्थ |
|---|---|
| - गोरु बियाउनु | असम्भव कुरा हुनु |
| - उड्दो चरो खसाउनु | खुब चलाख हुनु |
| - पानी माथिको ओभानु हुनु | थाहा नपाए जस्तो गर्नु |
| - सूर्यलाई बत्ती देखाउनु | प्रसिद्ध व्यक्तिका अगाडि सामान्य कुरा भन्नु |

उपमामूलक टुक्का

| टुक्का | अर्थ |
|---|---|
| - आँखाको कसिङ्गर हुनु | देखि नसहनु/मन नपर्नु |
| - नङ मासु हुनु | ज्यादै मेल हुनु |
| - औंसीको जुन | असम्भव कुरो |

## २.११.५. अर्थगत वर्गीकरण

अभिधाधर्मी टुक्का

टुक्काहरुले लाक्षणिक अर्थ दिने भए पनि अभिधामूलक टुक्का नेपाली भाषामा नभएका होइनन् । तर जति आनन्द लाक्षणिक अर्थमा प्राप्त हुन्छ त्यति अभिधामूलक टुक्कामा हुन्न् ।

| टुक्का | अर्थ |
|---|---|
| - उमेर ढल्नु | बुढो हुनु |
| - अघि बढ्नु | प्रगति गर्नु |
| - ओठे जबाफ लाउनु | उत्तर दिनु |
| - मान्छे हेर्नु | शील स्वभाव हेर्नु |
| - हात थाप्नु | माग्नु |

लक्षणामूलक टुक्का

टुक्काको खास पहिचान नै लक्ष्यार्थ प्रदान गर्नु हो । वाच्यार्थलाई छाडी लक्ष्यार्थ प्रदान गर्ने यस्ता टुक्का नेपालीमा प्रशस्त छन् । जस्तैः

| टुक्का | अर्थ |
|---|---|
| - मात लाग्नु | मात्तिनु |
| - चन्द्रमा दाहिने हुनु | आफ्नो पक्षमा हुनु |
| - टाउकोमा टेकाउनु | माथि पुऱ्याउनु |
| - आँखाको पुतली हुनु | ज्यादै प्यारो हुनु |
| - थाप्लोमा जाँतो रिँगाउनु | ज्यादै दुःख दिनु |

व्यञ्जनाधर्मी टुक्का

व्यञ्जनाधर्मी टुक्काले व्यङ्ग्य प्रदान गर्दछन् । यिनले सिधा अर्थ वहन नगरी लक्ष्यार्थलाई वहन गरेका हुन्छन् ।

| **टुक्का** | **साधारण अर्थ** | **व्यङ्ग्यार्थ** |
|---|---|---|
| चिल्लो घस्नु | शरीरमा चिल्लो घस्नु | चाकडी गर्नु |
| बेसार दल्नु | बेसार दलेर पहेँलो बनाउनु | नभएका कुरा पनि भए जस्तै गरी सुनाउनु |
| घुँडा टेक्नु | भुइँमा घुँडा टेकेर बस्नु | आत्मा समर्पण गर्नु, हार्नु |
| तिन पाथी हसुर्नु | तिन पाथी खानु | अचाक्ली खानु |

## २.१२.उखान र टुक्काबिच समानता र भिन्नता

उखान र टुक्का दुबै लोक साहित्यका स्वतन्त्र विधा हुन् । दुबैले भाषिक अभिव्यक्तिलाई अर्थपूर्ण र प्रभावकारी तुल्याउँछन् । दुबैले छोटा छरिता वा सूत्रात्मक वा लघु आकृतिका हरन्छन् । दुबैमा लोक जीवनको सामाजिक, सांस्कृतिक, ऐतिहासिक प्रतिविम्ब पाइन्छ । दुबै मौलिक परम्परामा सम्प्राप्ति र संवाहक हुन् । दुबैको सम्बन्ध लोक साहित्यका साथै भाषा व्याकरणसित पनि छ । यस्ता तथ्यले दुबैमा केही मिल्दाजुल्दा गुण र विशेषता रहेको प्रष्ट हुन्छ । लोक समुदाय तथा केही अध्येताहरुले समेत दुबैमा विभेद नगरी ‘उखान-टुक्का’ भनि आएका छन् ।

यति भईकन पनि उखान र टुक्का आधारभूत रूपमै बेग्लै र स्वतन्त्र विधा हुन् । यिनको स्वरूप-संरचना, उत्पत्ति र विकास समेत बेग्लाबेग्लै छ । लोक समुदायले उखान र टुक्कालाई एकै ठाउँमा राखी उखान टुक्का भने पनि यी स्वतन्त्र विधा हुन् । उखान वाक्यस्तरको लोक

रचना हो भने टुक्का पदावली स्तरको रचना हो । यस दृष्टिले टुक्का उखानभन्दा पनि लघु आयामको हुन्छ । उखान स्वतन्त्र रूपमा पनि प्रयुक्त हुन सक्छ भने टुक्काको लागि वाक्य नै चाहिन्छ । उखान ज्ञानका भण्डार हुन भने टुक्का मूलतः भाषिक अभिव्यक्तिका खुराक हुन् । टुक्का गद्यात्मक मात्र हुन्छन्, जव कि उखान मूलतः गद्य विधा हुँदाहुँदै पनि कतिपय उखान लयात्मक र तुकबन्दीयुक्त छन् । टुक्का कार्यव्यापारमूलक हुन्छन् भने उखान अनुभवजन्य र शिक्षामूलक हुन्छन् । टुक्कामा अभिव्यक्ति कौशल हुन्छ भने उखानमा विचार हुन्छ ।

उखानको क्रिया सामान्यतया रूपान्तरित हुँदैन भने टुक्काको क्रिया रूपान्तरित हुन्छ । उखानको संरचना भएका शब्दलाई फेर्दा उखानले प्रदान गर्ने अर्थमा सामान्यतया फरक पर्दैन भने टुक्काका संरचनामा भएका शब्दलाई फेर्न मिल्दैन, फेरेमा अर्थापत्ति हुन्छ । त्यस्तै उखानलाई अन्य भाषामा अनुवाद वा रूपान्तरण गर्न सकिन्छ भने टुक्कालाई अन्य भाषामा अनुवाद-रूपान्तरण गर्न सकिदैन । त्यसैले एउटा भाषामा प्रचलित उखान अर्को भाषामा पनि पाउन सकिन्छ तर एउटा भाषामा प्रचलित टुक्का अर्को भाषामा सामान्यतया पाइँदैन । उखान स्वयम्मा पूर्ण हुन्छ भने टुक्काको पूर्णता वाक्यगत प्रयोगमा निर्भर गर्दछ । यसै गरी वाक्यभित्रबाट उखानलाई झिक्दा वाक्यार्थ र वाक्य संरचनामा खासै फरक पर्दैन भने वाक्यबाट टुक्कालाई झिक्दा वाक्यार्थ र वाक्य संरचनामा सोझो असर पर्दछ । अतः लघु आयामका विधा भए पनि उखान र टुक्का एक आपसमा फुक्का र सर्वथा पृथक् विधा हुन् ।

उखान र टुक्काबिचको समानता र भिन्नताका बारेमा थुप्रै विद्वान्हरुले चर्चा गरेका छन् तर सबैको धारणा प्रायः समान छन् । उखान र टुक्काबिचको समानता र भिन्नतालाई तालिकामा यसरी प्रस्तुत गर्न सकिन्छ ।

| **समानता** | **भिन्नता** |
|---|---|
| उखान र टुक्का लोक जीवनमा पुस्तौंपुस्तादेखि चलि आएका लोकोक्तिका रूपमा प्रचलित विधा हुन् । | उखान आफैंमा पूर्ण वाक्यात्मक रूप हुन् भने वाक्यमा प्रयोग हुँदा मात्र अर्थ्याउन सकिने टुक्का शब्दात्मक हुन्छन् । |
| दुबैले दिने अर्थ सामान्य नभई लक्ष्यार्थमूलक वा विशेष हुन्छ । | उखान जस्ताको तस्तै प्रयोग हुन्छ भने टुक्का व्याकरणका काल, पुरुष, वचन, लिङ्ग आदि अनुसार परिवर्तित हुन्छन् । |
| दुबै प्रतीकात्मक रूपमा प्रयोग हुन्छन् । | उखान नैतिक र व्यावहारिक कथन हो भने टुक्का कार्यव्यापार मात्र हो । |
| दुबै लोक साहित्यका अन्य विधाका तुलनामा लघु आयामका हुन्छन् अर्थात् दुबै सूत्रात्मक कथनका रूपमा रहेका हुन्छन् । | उखान अलङ्कारमा आधारित हुन्छ भने टुक्का लक्ष्यणा र व्यञ्जनामा आश्रित हुन्छ । |
| कथ्य लेख्य भाषिक अभिव्यक्तिलाई प्रभावकारी बनाउन दुबैले महत्त्वपूर्ण भूमिका खेल्छन् । | वाक्यमा टुक्कालाई झिक्दा वाक्यको संरचना खल्बलिन्छ भने उखानलाई झिक्दा वाक्य अपूर्ण हुँदैन । |
| दुबैमा लोक जीवनको व्यावहारिक, सामाजिक, | |

| | |
|---|---|
| सांस्कृतिक, पौराणिक, ऐतिहासिक आदि चित्र प्रतिबिम्बित हुन्छन् । | |
| दुबै युगौंदेखि मौलिक परम्परामा जीवित हुँदै आएका लोक वाङ्मयिक तत्त्व हुन् । | |
| दुबै लोक जीवनका अनुभव, व्यवहार, ज्ञान आदिबाट खारिएर निर्माण भएका हुन् । | |

केही कुरामा समानता भए पनि यस्ता विविध असमानता टुक्का र उखानबिच भएकाले यी समान रूप नभई भिन्न-भिन्न रूप हुन् ।

## २.१३. आख्यान साहित्यमा उखान टुक्का

उखान टुक्काको उपस्थितिले आख्यान साहित्यमा प्राण सञ्चार गर्दछ । उखान टुक्का आफैँ पनि साहित्य (लोक साहित्य) हुन् भने जब लेख्य साहित्यमा उखान टुक्कालाई प्रयोग गरिन्छ त्यसको कला सौन्दर्यमा अभिवृद्धि हुन्छ । यी लक्षण वा सूत्रका रूपमा व्यक्त हुन्छन् तथा निरीक्षण, प्रयोग र अनुभवबाट आर्जित ज्ञान यिनको पृष्ठभूमि रहन्छ । त्यसैले यिनको प्रयोगले आख्यान साहित्य मार्मिक, सरस र सजीव हुनुका साथै प्रवाहपूर्ण बन्दछ । आख्यान टुक्काको सटिक प्रयोग नभएका आख्यानले पाठकको मन जित्न पनि सक्दैन । त्यसैले आख्यान साहित्यमा उखान टुक्काको महत्त्वपूर्ण स्थान रहेको छ ।

कविता, जीवनी, निबन्ध आदि साहित्यका विविध विधामा उखान टुक्का प्रयोग हुने गरेको पाइन्छ । नेपाली कविहरुले भन्दा आख्यानकारहरुले उखान टुक्काको अति राम्रो प्रयोग गरेर नेपाली भाषालाई ओजपूर्ण बनाएका छन् । यसरी आख्यान साहित्यलाई खँदिलो र ओजपूर्ण बनाउन उखान टुक्काको विशेष भूमिका रहेको कुरालाई विद्वानहरुले पनि स्विकारेका छन् ।

उखान टुक्काले दिने अर्थ सामान्य नभई लक्ष्यार्थमूलक वा विशेष हुन्छ । अर्थका आधारमा नेपाली उखानहरु अविधामूलक, लक्षणामूलक, व्यञ्जनामूलक हुन्छन् । उपदेशप्रधान विधिमूलक उखानहरु प्रायः लक्षणामूलक हुन्छन् । जस्तैः नजाने गाउँको बाटो नसोध्नु, कुरा सुन्नु बुढाको, आगो ताप्नु मुढाको आदि । नेपाली भाषामा अभिधामूलक उखानहरु भए पनि प्रायः उखानहरु लक्षणामूलक हुन्छन् । तिनले अप्रस्तुतलाई लक्ष्य गरी प्रस्तुत विषयबारे टिप्पणी गर्छन् । जस्तैः कानो गोरुलाई औंसी न पुर्ने, देख्नेका आँखा फुटे सुन्नेका सही आदि ।

नेपाली टुक्काले मूलतः लाक्षणिक र प्रतीकात्मक अर्थ दिन्छन् त्यही लाक्षणिकताले नै आख्यानलाई मर्मस्पर्शी बनाउँछन् । कुकुर बिरालो हुनु, चैते बाँदर हुनु, पोथी बास्नु, खुट्टा तान्नु, औंलामा नचाउनु, पानीमाथिको ओभानो हुनु, गोबर गणेश हुनु जस्ता टुक्काले नेपाली आख्यान साहित्यलाई सम्पन्न बनाउँदै सुनमा सुगन्ध थपेका छन् ।

## २.१४. सारांश

लोक जीवनका सामाजिक, आर्थिक, सांस्कृतिक प्रतिविम्ब झल्काउने उखान टुक्काहरु भाषाका गहना हुन् । भाषाको विकाससँगै उखान टुक्का पनि विकसित भएर अघि बढेका देखिन्छन् । मानिसले अनुभवबाट आर्जित ज्ञान र मानसिक भावलाई सङ्केत वा व्यङ्ग्यका माध्यमबाट प्रकट गर्ने क्रममा उखान टुक्काको उत्पत्ति भएको हो । समयको गति र समाजको परिवर्तनसँगै उखान टुक्काहरु निर्मित हुँदै जान्छन् । समाजको निरीक्षण, व्यवहार र अनुभवबाट खारिएर निर्मित उखान टुक्काहरुले तत्कालीन समाजको प्रतिविम्ब उतारेका हुन्छन् । सामाजिक विसङ्गति र बेमेलको पर्दाफास गर्ने क्रममा यिनले महत्त्वपूर्ण योगदान दिन्छन् ।

उखान टुक्का सामाजिक सम्पत्ति हुन् । यिनले एक पुस्ताका भावना, सामाजिक तथा सांस्कृतिक मान्यता, रीतिरिवाजलाई अर्को पुस्तामा हस्तान्तरण गर्दछन् । त्यसैले कुनै पनि समाजको इतिहास, संस्कृति, रीतिस्थिति, परम्परा, रहनसहन, विश्वास आदिबारे बुझ्न उखान टुक्काहरुले महत्त्वपूर्ण भूमिका खेलेका हुन्छन् । उखान टुक्काको प्रयोगले भाषा जीवन्त, सुसंस्कृत, चमत्कृत, लाक्षणिक र समृद्ध हुन्छ ।

# अध्याय तिन

## नासो कथा सङ्ग्रहभित्रका उखान टुक्काहरुको अध्ययन

### ३.१ विषय प्रवेश

'नासो'(मैलाली,२०६९) कथाकार गुरु प्रसाद मैनालीको उत्कृष्ट कथा सङ्ग्रह हो । मैनाली एक प्रसिद्ध सामाजिक यथार्थवादी कथाकार हुन् । उनले समाजमा घट्ने यथार्थ घटनाहरुलाई आधार बनाएर मार्मिक कथाहरु लेखेका छन् । अन्धविश्वास, कुरीति, शोषण आदिद्वारा पीडित मानिसहरुको दुखान्त कथालाई उनले विषय वस्तु बनाएका छन् । खास गरेर नेपाली ग्रामीण समाजका मूल्य र मान्यतालाई आधार बनाएर उनले मानवीय संवेदनालाई चट्ट मुटु छुने गरी व्यक्त गरेका छन् । समस्याग्रस्त नेपाली समाजलाई नजिकैबाट चियाएर उनले मानिसको जीवनको दुःख र पीडालाई आफ्ना कथाहरुमा झल्काएको हुनाले उनलाई सामाजिक यथार्थवादी कथाकार मानिन्छ । आदर्शमा विश्वास भएको हुनाले कथाको एक न एक पात्रलाई आदर्शवादी बनाएर उनले मानिसलाई उच्च महिमायुक्त जीवनका निम्ति अग्रसर हुन प्रेरित गरेका छन् ।

आफ्नो अभिव्यक्तिलाई सरल र स्पष्ट ढङ्गले अभिव्यक्त गर्ने क्रममा मैनालीले यस सङ्ग्रहमा प्रशस्त उखान र ४५० भन्दा बढी टुक्काहरुको प्रयोग गरेका छन् । भाषिक अभिव्यक्तिलाई जीवन्त, लाक्षणिक र चामत्कारिक बनाउन महत्त्वपूर्ण भूमिका खेल्ने उखान टुक्का यस सङ्ग्रहभित्रबाट सङ्कलन गरी तिनको विश्लेषण गर्नु यस शोधको उद्देश्य रहेको छ । यस सङ्ग्रहभित्र एघार ओटा रचना समावेश छन् । यस सङ्ग्रहभित्रका एघार ओटा रचनाहरु 'नासो', 'छिमेकी', 'प्रायश्चित्त', 'पापको परिणाम', 'बिदा', 'परालको आगो', 'अभागी', 'सहिद', 'कर्तव्य', 'प्रत्यागमन' र 'चिताको ज्वाला' हुन् । यी कथाहरुमा नेपाली समाजका वास्तविकताहरुलाई प्रस्तुत गरिएको छ । यी रचनाको सङ्क्षिप्त विश्लेषण सहित तिनमा प्रयोग भएका उखान टुक्कालाई निम्नानुसार वर्गीकरण गरिएको छ ।

### ३.२ नासो

'नासो' गुरु प्रसाद मैनालीको एक मात्र कथा सङ्ग्रह 'नासो' मा सङ्गृहीत छ । नासो कथामा सामाजिक यथार्थ र आदर्शको समुचित समन्वय पाइन्छ । देवीरमण र सुभद्रा पतिपत्नी हुन् । उनीहरुका सन्तान छैनन् । सन्तान प्राप्तिका लागि उनीहरु हिन्दू परम्परा अनुसार अनेक कार्य गर्छन् तापनि उनीहरुलाई सन्तान प्राप्ति हुँदैन । सन्तान नभएमा मोक्ष प्राप्ति हुँदैन र स्वर्गको बाटो छेकिन्छ भन्ने परम्परागत विचार राख्ने देवीरमणका दम्पतीले चौतारो चिने, हरिवंश पुराण लगाए र अन्य विभिन्न सनातन संस्कार पूरा गरे तर सन्तान प्राप्तिको अभिलाषा

पूरा हुन सकेन । सन्तन प्राप्तिको मोह र हिन्दु संस्कारकै कारण देवीरमणले आफ्नी श्रीमती सुभद्रासँग स्वीकृति लिएर लक्ष्मी नामकी केटीसँग बिहे गरे । दोस्रो विवाहपछि देवीरमणको परिवारमा लक्ष्मीबाट पुत्रको जन्म हुन्छ । जसको नाम सुशील राखिन्छ । छोराको जन्मपछि परिवारमा खुसी त छाउँछ तर छोरो बढ्दै जाँदा सौतासौताबिच मनोमालिन्य पनि बढ्छ । तीर्थ जाँदा देवीरमणले सुभद्रालाई नलगी लक्ष्मीलाई लग्छन् । यो घटनाले सुभद्रालाई खपिनसक्नु हुन्छ । तीर्थबाट फर्केपछि उनलाई लक्ष्मीले छेड हानेर कुरा गर्छिन् । असह्य भएपछि सुभद्रा घर छाडेर पशुपति गौरीघाटमा आफ्नी फुपूसँग बस्न थाल्छिन् । सुभद्राले घर छाडेपछि देवीरमणको परिवारमा नैराश्य छाउँछ भने लक्ष्मी बिरामी पर्छिन् सुभद्रालाई आफ्नै घरकी नोकर्नी नौलीले शिवरात्रिको मेलामा पशुपतिमा भेटेर देवीरमणको घरको हाल खबर बताउँछे । यो सुनेर सुभद्रा घर फर्किन्छिन् भने लक्ष्मी मृत्यु पर्खेर बसेकी हुन्छिन् । पुनरागमनपछि आफ्नो छोरो सुशीललाई नासोको रूपमा सुम्पिन्छिन् र उनी सदाको लागि बिदा हुन्छिन् ।

समाजका वास्तविक घटनालाई विषय वस्तु बनाई सामाजिक समस्याको चित्रण गर्ने क्रममा कथाकारले यस कथामा उखान र थुप्रै टुक्काहरुको प्रयोग गरेका छन् । उखान टुक्का प्रयोगका दृष्टिले सुन्दर केही वाक्य निम्न छन् ।

- जोरी पारीसँग ठोकाबाजी पर्दा धन, बल, बुद्धि सबैकुरामा देवीरमणको जित हुन्थ्यो तर “अपूतो” भनेको सुन्ने बित्तिकै उनको अभिमान धूलो हुन्थ्यो, आत्माग्लानिले पानी हुन्थे । (नासो : १)
- “सिकाएको हुँदो हो बज्यै । कुनै दिन नौलीले भनिथी भन्नुहोला सोझो बाङ्गिन बेर लाग्दैन, अलि दिनपछि बाजेको टुपी समाउनेछिन् ” (नासो : ४) ।
- ऊ छोरो पाएकी स्वास्नी भई, वचन हार्न सक्नुभएन । म टेक्ने समाउने केही नभएकी अनाथ; मेरो केको खोजी थियो ! मानिस बलेकै आगो ताप्छन् ! (नासो : ५ र ६)
- नौलीको कुरा सुनेर सुभद्राको हृदय काटियो । मनमनै भनिन् - ‘छिः ! सौताको जबाफले पोइको नाक काट्नु भनेको यही हो (नासो : ८) ।
- बज्यै ! बिन्ती छ, घर जाऔं तपाईं नभए बाजेको जहाज डुब्छ । (नासो : ९)

यस कथामा कथाकारले आफ्ना अभिव्यक्तिलाई जीवन्त तथा मार्मिक बनाउन तिन दर्जनभन्दा बढी टुक्का र एउटा उखानको प्रयोग गरेका छन् । यसमा प्रयुक्त टुक्कालाई संरचना र विषय वस्तुका आधारमा निम्नानुसार वर्गीकरण गर्न सकिन्छः

| **द्विपदी टुक्का** | **त्रिपदी टुक्का** | **बहुपदी टुक्का** |
|---|---|---|
| - चैन गर्नु<br>- चौतारो चिन्नु<br>- ठोकाबाजी पर्नु<br>- धुलो हुनु | - गहभरि आँसु हुनु<br>- बलेको आगो ताप्नु<br>- मनोमालिन्यको बिज हुनु<br>- हृदय छियाछिया हुनु | - विवेक बुद्धिलाई खोपामा राख्नु<br>- सन्तानको जरामा मल पर्नु |

| | | |
|---|---|---|
| - पानी हुनु<br>- दैवले नसुन्नु<br>- आँखासामु नाच्नु<br>- मुटु छेड्नु<br>- खित्का छाड्नु<br>- ढुङ्गो पन्छनु<br>- गद्गद हुनु<br>- गोडा मिच्नु<br>- टुपी समाउनु<br>- हाहाकार मच्चनु<br>- जिद्दी गर्नु<br>- परमेश्वरले ठग्नु<br>- दैलो पोत्नु<br>- आँसु पुछ्नु<br>- छेड हान्नु<br>- गुजारा गर्नु<br>- आँसु आउनु<br>- नाक काट्नु<br>- ठाकठुक हुनु<br>- जहाज डुब्नु<br>- आँसु झार्नु<br>- बत्ती निब्नु<br>- सास झुन्डिनु<br>- टेक्ने समाउने नहुनु<br>- हृदय काटिनु<br>- तेल सकिनु | - विपत्तिको बादलले घेर्नु<br>- शेष घडी गन्नु<br>- तिलको दानाजति हुनु<br>- निभ्ने बेलाको बत्ती | - तिल राख्ने ठाउँ नहुनु<br>- टर्रो आनन्दको अनुभव गर्नु |

यसरी संरचनाका आधारमा यस कथामा द्विपदी टुक्का ३२ वटा, त्रिपदी टुक्का ८ वटा र बहुपदी टुक्का ४ वटा गरी जम्मा ४४ वटा टुक्का प्रयोग भएका छन् ।

विषय वस्तुका आधारमा यस कथामा प्रयुक्त टुक्कालाई निम्नानुसार वर्गीकरण गर्न सकिन्छ ।

| **सामाजिक विषयक टुक्का** | **शारीरिक अङ्ग सम्बन्धी टुक्का** | **आर्थिक तथा कृषि व्यवसायमूलक टुक्का** | **प्राकृतिक विषयक टुक्का** | **लोक विश्वास विषयक टुक्का** |
|---|---|---|---|---|
| - ठोकाबाजी पर्नु<br>- खित्का छाड्नु<br>- गदगद हुनु<br>- विवेक | - आँखासामु नाच्नु<br>- गहभरि आँसु हुनु | - सन्तानको जरामा मल पर्नु<br>- गुजारा गर्नु | - धुलो हुनु<br>- पानी हुनु<br>- ढुङ्गो पन्छनु<br>- बलेको आगो | - चौतारो चिन्नु<br>- दैवले नसुन्नु<br>- परमेश्वरले |

| | | | | |
|---|---|---|---|---|
| बुद्धिलाई खोपामा राख्नु<br>- हाहाकार मच्चिनु<br>- जिद्दी गर्नु<br>- दैलो पोत्नु<br>- आँसु पुछ्नु<br>- मनोमालिन्यको बीज हुनु<br>- छेड हान्नु<br>- तिल राख्ने ठाउँ नहुनु<br>- आँसु आउनु<br>- ठाकठुक हुनु<br>- जहाज डुब्नु<br>- घडी गन्नु<br>- आँसु झार्नु<br>- बत्ती निम्नु<br>- सास झुन्डिनु<br>- संसार छाड्नु<br>- टेक्ने समाउने नहुनु<br>- शेष घडी गन्नु<br>- तिलको दानाजति हुनु<br>- निभ्ने बेलाको बत्ती<br>- चैन गर्नु<br>- टर्रो आनन्दको अनुभव गर्नु | - मुटु छेड्नु<br>- गोडा मिच्नु<br>- टुपी समाउनु<br>- नाक काट्नु<br>- हृदय छियाछिया हुनु | | ताप्नु<br>- विपत्तिको बादलले घेर्नु | ठग्नु |

यसरी विषय वस्तुका आधारमा यस कथामा सामाजिक विषयक टुक्का २६ वटा, शारीरिक अङ्ग सम्बन्धी टुक्का ८ वटा, आर्थिक तथा कृषि व्यवसायमूलक टुक्का २ वटा, प्राकृतिक विषयक टुक्का ५ वटा र लोक विश्वास विषयक टुक्का ३ वटा गरी जम्मा ४४ वटा टुक्का प्रयोग भएका छन् ।

## ३.३ छिमेकी

'छिमेकी' गुरु प्रसाद मैनालीको एक उत्कृष्ट कथा हो । यो कथा नासो कथा सङ्ग्रहमा सङ्गृहीत छ । यस कथामा नेपाली समाजका यथार्थलाई विषय वस्तु बनाइएको छ । यस कथामा धनजिते भोटे र गुमाने घर्ती दुई छिमेकी हुन् । असारको महिना थियो । गुमानेको गोरु धनजितेको बिउमा पसे । आजभोलि रोप्नु पर्ने बिउमा गोरु पसेपछि धनजिते आगो भो । गोरुलाई लगारेर कुट्न थाल्यो । गोरुलाई दया छाडेर कुटेको देखेर गुमानेको जबाफको सीमा रहेन । दुईबिच भनाभन मात्र भएन हात हालाहाल पनि भयो । धनजिते गुमाने दुबैले एक-अर्कालाई तथानाम गाली गरे । त्यो दिनको झगडा पछि उनीहरुको बोलचाल बन्द भयो । एकडेढ महिना पछि गाउँमा महामारी फैलियो । गुमानेकी स्वास्नी इन्तु न चिन्तु भएर लडी । गुमानेले जान्ने बसायो गाउँका सबै आए तर धनजिते आएन । केही दिनपछि पालैपालो धनजिते र उसकी स्वास्नी थला परे । केही दिन त गुमानेले वास्ता गरेन तर पानीसम्म खान दिने कोही नभएपछि गुमानेले नै धनजितेको दिनरात सेवा गऱ्यो । होस खुलेपछि धनजितेले गुमानेसँग माफी माग्यो । हाम्रो समाजमा धर्मानन्द पाध्ये जस्ता अरूलाई लडाएर तमासा हेर्ने मानिस र आसामरु साहु जस्ता स्वार्थी मानिस पनि छन् । त्यस्ताले गुमानेलाई उक्साउँदा पनि ऊ 'छिमेकी भनेका जिउँदाको जन्ती र मर्दाका मलामी हुन्' भनेर उनीहरुलाई मुखभरिको जबाफ दिँदै सम्पूर्णलाई मार्मिक सन्देश छोड्न सफल भएको छ ।

समाजका यथार्थ घटनालाई विषय वस्तु बनाई सकारात्मक परिवर्तनको सन्देश दिने यस छिमेकी कथामा कथाकारले केही उखान र प्रशस्त टुक्काको प्रयोग गरेका छन् । उखान टुक्का प्रयोगका दृष्टिले सुन्दर केही वाक्यहरु निम्न छन् :

- धर्मानन्द पाध्ये चौतारामा बसेर गफ चुट्दै थे ( नासो : १२) ।
- गाउँका थानीको आजापूजा गरुँ भन्दा 'सिमेभूमे पूजेर पनि रोग हराउँछ ?' भनेर धर्मानन्दले मेरो कुरा हाँसोमा उडाए । ( नासो : १४)
- माटाको भर ढुङ्गो ढुङ्गाको भर माटो संसार भरैभरमा अडेको छ । यो भरको ताँदो छिन्नेबित्तिकै सबै भताभुङ्ग हुन्छ । ( नासो : १५)
- छिमेकीलाई 'जीउँदाको जन्ती र मर्दाका मलामी' भन्छन् यस्ता बेलामा चटक्क छाडेर भारी खेप्न हिँड्दा मर्दैन ? ( नासो : १५)
- एकातिर इन्तु न चिन्तु भएर स्वास्नी लडेकी थिई, अर्कातिर जराका तोडले धनजिते बरबराउन लागेको थियो । ( नासो : १४)

संरचनाका आधारमा यस कथामा प्रयोग भएका टुक्कालाई निम्नानुसार वर्गीकरण गर्न सकिन्छ :

संरचनाको आधारमा

| द्विपदी टुक्का | त्रिपदी टुक्का | बहुपदी टुक्का |
|---|---|---|
| - गफ चुट्नु<br>- तिलभर नछुनु<br>- मानिसलाई लडाउनु<br>- तमासा हेर्नु<br>- आगो हुनु<br>- दया छाड्नु<br>- पाखुरा सुर्कनु<br>- कन्सिरी तात्नु<br>- भुतुक्क हुनु<br>- मुख छाड्नु<br>- हात मिस्नु<br>- ठट लाग्नु<br>- छिडीमा जाक्नु<br>- गोर्खे लौरी कस्नु<br>- तर्केर हिँड्नु<br>- सोत्तर हुनु<br>- हाँसोमा उडाउनु<br>- करेसो जोरिनु<br>- टट्टिएर मर्नु<br>- मुख हेर्नु<br>- थला पर्नु<br>- चित्त रहनु<br>- भारी खेप्नु<br>- ठमठमती हुनु<br>- धर्म छाड्नु<br>- भताभुङ्ग हुनु<br>- बदखोइँ गर्नु<br>- बर्बराउन लाग्नु | - जबाफको सीमा नहुनु<br>- सही नसक्नु हुनु<br>- मूढो लडेझैँ लड्नु<br>- ढुङ्गाको मन हुनु<br>- चढ्दो उमेरको हुनु<br>- बोलचाल बन्द हुनु<br>- बलको तुजुक हुनु | - निर्धाको हात छिटो चल्नु<br>- इन्तु न चिन्तु हुनु<br>- अन्न न पानी हुनु<br>- पोलेको घाउमा नुन छर्नु |

यसरी संरचनाका आधारमा यस कथामा द्विपदी टुक्का २८ वटा, त्रिपदी टुक्का ७ वटा र बहुपदी टुक्का ४ वटा गरी जम्मा ३९ वटा टुक्का प्रयोग भएका छन् ।

विषय वस्तुका आधारमा यस कथामा प्रयुक्त टुक्कालाई निम्नानुसार वर्गीकरण गर्न सकिन्छ :

| सामाजिक विषयक टुक्का | शारीरिक अङ्ग सम्बन्धी टुक्का | प्राकृतिक विषयक टुक्का |
|---|---|---|
| - गफ चुट्नु<br>- तिलभर नछुनु<br>- मानिसलाई लडाउनु<br>- तमासा हेर्नु<br>- दया छोड्नु<br>- भुतुक्क हुनु<br>- ठट लाग्नु<br>- छिँडीमा जाक्नु<br>- गोर्खेलौरी कस्नु<br>- तर्केर हिँड्नु<br>- सोतर हुनु<br>- हाँसोमा उडाउनु<br>- करेसो जोरिनु<br>- टट्टिएर मर्नु<br>- थला पर्नु<br>- भारी खेप्नु<br>- ठमठमती हुनु<br>- धर्म छाड्नु<br>- भताभुङ्ग हुनु<br>- इन्तु न चिन्तु हुनु<br>- पोलेको घाउमा नुन छर्नु<br>- जबाफको सीमा नहुनु<br>- सही नसक्नु हुनु<br>- मूढो लडेझैं लड्नु<br>- चढ्दो उमेरको हुनु<br>- बोलचाल बन्द हुनु<br>- बलको तुजुक हुनु<br>- बदखोइँ गर्नु<br>- बर्बराउन लाग्नु | - निर्धाको हात छिटो चल्नु<br>- पाखुरा सुर्कनु<br>- कन्सिरी ताल्नु<br>- मुख छाड्नु<br>- हात मिस्नु<br>- मुख हेर्नु<br>- चित्त रहनु | - अन्न न पानी हुनु<br>- आगो हुनु<br>- ढुङ्गाको मन हुनु |

यसरी विषय वस्तुका आधारमा यस कथामा सामाजिक विषयक टुक्का २८ वटा, शारीरिक अङ्ग सम्बन्धी टुक्का ७ वटा र प्राकृतिक विषयक टुक्का ४ वटा गरी जम्मा ३९ वटा टुक्का प्रयोग भएका छन् ।

## ३.४ प्रायश्चित्त

'प्रायश्चित्त' गुरु प्रसाद मैनालीद्वारा लिखित एक प्रसिद्ध कथा हो । यस कथाको मुख्य विषय नेपाली समाज हो । गौरी यस कथाकी प्रमुख नारी पात्र हो । नेपाली समाजमा कुसंस्कारका रूपमा रहेको बालविवाह तथा अनमेल विवाहका कारण गौरी जस्ता थुप्रै नारीहरु बाल्यकालमा नै विधवा हुनु परेको तितो यथार्थ हाम्रो समाजमा आज पनि प्रष्टै देख्न सकिन्छ । प्रेम, विवाह र पतिपत्नीको सम्बन्धको बारेमा केही थाहा नपाईकन नै उनीहरु विवाह बन्धनमा बाँधिन्छन् र थाहै नपाई विधवा बन्न विवश हुन्छन् । यस्तै कुसंस्कारको चपेटामा परेकी पात्र हो गौरी । लाऊँ लाऊँ र खाऊँ खाऊँको उमेरमा लोकलाजको निवारणका निमित्त उसले बहुतै सतर्क भएर हिँड्नु परेको छ । गोविन्द उसको घर नजिकैको पढे लेखेका युवक हुन् । छिमेकी हुनाले गौरीका घरमा पनि बराबर आउजाउ गर्थे । यी दुई बिच घनिष्ठता बढ्दै जाँदा दुबैलाई प्रेमसूत्रले बेऱ्यो । गोविन्द संसारलाई रमाइलो र उज्यालो देख्थे भने गौरी जतातत‌ै निराशा मात्र देख्थी । त्यस्तैमा गौरीले आफ्नो शरीर भारी भएको अनुभव गरी । यो कुरा गोविन्दलाई पनि थाहा दिई । यो खवरले गोविन्द असमञ्जस्यमा परे । उनको एक मनले 'गौरी मेरी हुन्' भनी सबको अगाडि भनिदिन्छु भन्थ्यो भने अर्को मनले समाज परम्परा, जातभात आदि कुराको बन्धनले बाँध्ने कुरा गर्थ्यो । अव गोविन्द पहिलेभन्दा गौरीकहाँ कम आउन थाले । गौरीले गोविन्दलाई भेटेर कुरा गर्न जाँदा गोविन्दकी आमाले गरेको गाली, आफ्नो दाजु भाउजूले कोठाभित्र गरेको कुराकानी र समाजको आलोचना सहन नसकेर अन्ततः गौरीले आत्महत्या गरी ।

नेपाली समाजका विकृति र विसङ्गतिलाई विषय वस्तु बनाइएको 'प्रायश्चित्त' कथामा हाम्रै समाजमा रहेका गौरी जस्ता पात्रको दुःखद कहानी छ । यस प्रायश्चित्त कथामा कथाकारले उखान र प्रशस्त टुक्काहरुको प्रयोग गरेका छन् । उखान टुक्का प्रयोगका दृष्टिले केही सुन्दर वाक्यहरु निम्न छन् :

- हाम्रो उत्थान नारीजातिका उपर निर्भर छ; स्त्री शिक्षिता भए हाम्रो घर स्वर्ग हुन्छ । (गुरु प्रसाद मैनाली - नासो : १८)
- सधैँ सफा लुगा लगाएर खुब सिँगारपटार गरेर झ्यालमा बस्थी । अभागिनी डढेका ललाटलाई सिँगारेर छोप्ने कोसिस गर्थी ( नासो : १८) ।
- भोलि समाजका सामु छाती फुकाएर भनिदिन्छु बाह्र वर्षको उमेरमा विधवा भएकी बालिका, जसलाई प्रणयसूत्रको कुनै पनि रहस्य थाहा छैन, त्यसलाई उसका इच्छा विरुद्ध आजीवन वैधव्यबन्धनमा जकडेर राख्नको समाजलाई के अधिकार छ ? (नासो : २०) ।

- माथिल्लो भऱ्याङमा आधाआधी पुगेकी थिई, कोठामा दाजुभाउजू कुरा गर्न लागेको सुनी-टुहुरी बहिनी भनेर कपालमा टेकाउनु भो; कुन दिन नाकमा कालो लाउने हुन् ( नासो : २२)
- “त्यसै हुनाले त डुबेर मरी, आइमाईको रुपै शत्रु, रुपै मित्रु ! तेराहाम्रा त ज्यापूका आलुबारीमा उभ्याउने जस्ता छन्, मर्न जा भनेर घरबाट जिकाल्दा पनि मर्दैनन् ।” ( नासो : २४)

संरचनाका अधारमा यस कथामा प्रयुक्त टुक्कालाई निम्नानुसार वर्गीकरण गर्न सकिन्छ:

| **द्विपदी टुक्का** | **त्रिपदी टुक्का** | **बहुपदी टुक्का** |
|---|---|---|
| - सौभाग्य पुछिनु | - यौवनको चिन्ह भरिनु | - माधुर्य लावण्यको विकास हुनु |
| - व्यग्र रहनु | - खेलबाडमा दिन बित्नु | - वेदनाको लहर पैदा हुनु |
| - छामछामछुमछुम गर्नु | - विरही तान अलाप्नु | - अज्ञात लालसाको आँधी चल्नु |
| - सङ्कल्प गर्नु | - डढेको ललाटलाई सिँगार्नु | - राम्रो लाऊँ मीठो खाऊँ हुनु |
| - तृप्त हुनु | - घर स्वर्ग हुनु | |
| - कहाली लाग्नु | - प्रेम सूत्रले बेर्नु | |
| - निसास्सिन लाग्नु | - लामो सास फेर्नु | |
| - अन्धकार हुनु | - बर्र आँसु झार्नु | |
| - छाती फुकाउनु | - शरीर भारी हुनु | |
| - जकडेर राख्नु | - हात समातेर तान्नु | |
| - खडा गर्नु | - आँखा तिरमिर हुनु | |
| - काम पुग्नु | - संसारदेखि बिदा हुनु | |
| - थप्पडी मार्नु | - प्रतिमा खडा गर्नु | |
| - औँल्याउन लाग्नु | - आँखा साम्ने नाच्नु | |
| - पानी हुनु | - नाकमा कालो लाउनु | |
| - हाँसोमा उड्नु | - हृदय ठेस लाग्नु | |
| - चुलो छोडिदिनु | - मुखको रङ उड्नु | |
| - कानेखुसी गर्नु | - कालो टीका लगाउनु | |
| - टुङ्गो लाउनु | - जीवनलीला समाप्त हुनु | |
| - पोइ टोक्नु | - छाती फुकाएर भन्नु | |
| - पुर्पुरो डढ्नु | - चैत वैसाखको धुप | |
| - बैँस आउनु | - गहभरी आँसु पार्नु | |
| - ताप हुनु | | |
| - छाँगाबाट खस्नु | | |
| - सास बढ्नु | | |
| - चाल मार्नु | | |
| - हात जोड्नु | | |
| - फुलभडीमा खेल्नु | | |
| - सर्वस्व डढ्नु | | |

| | | |
|---|---|---|
| - मुख देखाउनु<br>- फाल हाल्नु<br>- पुतली झैँ सिँगार्नु<br>- चाह हुनु<br>- फुल जस्ता छोराछोरी | | |

यसरी संरचनाका आधारमा यस कथामा द्विपदी टुक्का ३४ वटा, त्रिपदी टुक्का २२ वटा र बहुपदी टुक्का ४ वटा गरी जम्मा ६० वटा टुक्का प्रयोग भएका छन् ।

विषय वस्तुका आधारमा यस कथामा प्रयुक्त टुक्कालाई निम्नानुसार वर्गीकरण गर्न सकिन्छ :

| **सामाजिक विषयक टुक्का** | **शारीरिक अङ्ग सम्बन्धी टुक्का** | **प्राकृतिक विषयक टुक्का** | **पशुपन्छी सम्बन्धी टुक्का** |
|---|---|---|---|
| - यौवनको चिन्ह भरिनु<br>- माधुर्य लावण्यको विकास हुनु<br>- सौभाग्य पुछिनु<br>- खेलबाडमा दिन बित्नु<br>- वेदनाको लहर पैदा हुनु<br>- विरही तान अलाप्नु<br>- अज्ञात लालसाको आँधी चल्नु<br>- व्यग्र रहनु<br>- छामछामछुमछुम गर्नु<br>- राम्रो लाऊँ मीठो खाऊँ हुनु<br>- सङ्कल्प गर्नु<br>- घर स्वर्ग हुनु<br>- तृप्त हुनु<br>- प्रेम सूत्रले बेर्नु<br>- लामो सास फेर्नु<br>- कहाली लाग्नु<br>- बर्र आँसु झार्नु<br>- निसास्सिन लाग्नु<br>- अन्धकार हुनु<br>- संसारदेखि बिदा हुनु<br>- जकडेर राख्नु<br>- खडा गर्नु<br>- काम पुग्नु | - शरीर भारी हुनु<br>- हात समातेर तान्नु<br>- डढेको ललाटलाई सिँगार्नु<br>- आँखा तिरमिर हुनु<br>- छाती फुकाउनु<br>- थप्पडी मार्नु<br>- आँखा साम्ने नाच्नु<br>- नाकमा कालो लाउनु<br>- पुर्पुरो डढ्नु<br>- हृदय ठेस लाग्नु<br>- हात जोड्नु<br>- मुख देखाउनु<br>- मुखको रङ उड्नु<br>- गहभरी आँसु पार्नु<br>- कानेखुसी गर्नु<br>- औँल्याउन लाग्नु<br>- छाती फुकाएर भन्नु | - पानी हुनु<br>- छाँगाबाट खस्नु<br>- चैत वैसाखको धुप | - पुतलीझैँ सिँगार्नु |

| | | | |
|---|---|---|---|
| - हाँसोमा उडाउनु<br>- प्रतिमा खडा गर्नु<br>- चुलो छोडिदिनु<br>- टुङ्गो लाउनु<br>- पोइ टोक्नु<br>- बैँस आउनु<br>- ताप हुनु<br>- सास बढ्नु<br>- चाल मार्नु<br>- फुलझडीमा खेल्नु<br>- सर्वस्व डढ्नु<br>- कालो टीका लगाउनु<br>- फाल हाल्नु<br>- जीवन लीला समाप्त हुनु<br>- चाह हुनु<br>- फुल जस्ता छोराछोरी | | | |

यसरी विषय वस्तुका आधारमा यस कथामा सामाजिक विषयक टुक्का ३९ वटा, शारीरिक अङ्ग सम्बन्धी टुक्का १७ वटा, प्राकृतिक विषयक टुक्का ३ वटा र पशुपन्छी सम्बन्धी टुक्का १  गरी जम्मा ६० वटा टुक्का प्रयोग भएका छन् ।

## ३.५ पापको परिणाम

नेपाली साहित्यमा प्रथम आधुनिक कथाकार गुरु प्रसाद मैनालीद्वारा लिखित 'पापको परिणाम' 'नासो' कथा सङ्ग्रहमा सङ्कलित एक प्रसिद्ध सामाजिक कथा हो । गाउँलाई पृष्ठभूमि बनाएर लेखिएको यस कथामा सामाजिक समस्याको चित्रण गरिएको छ । यस कथाले नेपाली ग्रामीण समाजमा घटेका वा घट्न सक्ने घटनाहरुको प्रष्ट उदाहरण पेस गरेको छ । नेपाली समाज स्वभावैले परम्परावादी रहेको छ । परम्परावादी समाज भएकोले गाउँमा कसैलाई मुखियाका रूपमा स्वीकार गर्ने र उसैलाई अन्नदाता तथा प्राणदाताका रूपमा मान्ने चलन छ । प्रस्तुत कथाको मुखिया कान्तु पाध्ये सामन्त थियो । गोगने खोलाको वन नाम मात्रैको 'रानीवन' थियो । उसलाई करकोसेली गर्ने र बेठी खेताला दिनेलाई वन फुक्का थियो । तर गरिब र निमुखालाई एउटा स्याउलोसम्म भाँच्न दिँदैनथ्यो । मुखियासँग सम्मुख भएर कसैले कुरा गर्न सक्दैनथे तर कन्डा पछाडि सबै उसको आलोचना गर्थे । त्यही गाउँमा बस्ने केही घर्तीहरुलाई कान्तुले अन्तै सर्न धम्की दिएको थियो । उनीहरुले एक-आपसमा सल्लाह गरेर जुठेको अगुवाइमा सिमल चउरको तितेपाती फाँडेर टहरा हाले । यो मुखियालाई सह्य भएन र उसले अड्डामा उजुर गऱ्यो । घर्तीहरु तारेखमा हिँड्नु पऱ्यो । केही महिनापछि वन जाँचको मानिसका

अघि समाजले गरिब मार्ने प्रस्ताव पास गऱ्यो । दिनानाथ पाध्येले घर्तीहरुले जङ्गल काटेका हुन् भन्ने कुरामा सहीछाप गर्ने बताएपछि पाँच घर घर्ती एकापट्टि र अरू सबै कान्तुका समर्थनमा सही छाप गर्न लागे । घर्तीहरु झेलखानामा परेपछि तिनका श्रीमतीहरु छोराछोरी लिएर कोही अड्डातिर त कोही कता गए पत्तो भएन ।

अनाथलाई मारेर आफ्नो विजय देखाउने कान्तुको खुसी धेरै दिन टिक्न सकेन । गाउँमा फैलिएको झाडाबान्ताले धमाधम मानिस मर्न थाले । कान्तुको स्वास्नी र छोराहरु दुई दिनको फरकमा पालैपालो खसे । उसको जीवन तीव्र वैराग्यले भरिएको सन्यासीको जस्तो भयो । अब धन सम्पत्तिप्रति उसको लालसा थिएन । साँझमा घुम्दै हिँड्दा एउटा अनाथ बालकले पैसा मागेको आवाजले कान्ते झस्कियो । बालकसँग सोधपुछ गर्दा जुठेको छोरो सन्ते भन्ने चिन्यो । आफ्नो छोरो कृष्णे र सन्ते सँगै खेलेको सम्झेर कान्तेलाई असह्य वेदना भयो । अपराधी झैँ लुकी लुकी सन्तेको पछि लागेर पाटीमा पुगी जुठेको परिवारको चिहिलबिहिल देखेर कान्ते पश्चात्तापमा पिरोलियो ।

नेपाली समाजमा व्याप्त शोषण, दमन, अन्याय, अत्याचार, कुरीति, भ्रष्टाचारको ज्वलन्त उदाहरणका रूपमा रहेको 'पापको परिणाम' कथामा कथाकारले उखान र प्रशस्त टुक्काहरुको प्रयोग गरेका छन् । टुक्का प्रयोगका दृष्टिले केही सुन्दर वाक्यहरु यस प्रकार छन् :

- कान्तु पाखुरा सुर्केर भन्थ्यो - 'मुखिन्जेल' भने तिनका बाबुको बिहा देखाइदिने थिएँ कन्डापछाडि स्यालहरु कराउँछन् ( नासो : २६) ।
- कान्ते उडेर सिमलचउर पुग्यो । आज ऊ साक्षात् दुर्वासा भैरहेको थियो ( नासो : २९)
- म्यादको कुरा सुन्नेबित्तिकै, घर्तीहरुको छाती ढुकढुक गर्न थाल्यो । कहिल्यै मुद्दामामिलामा नपरेका सरल प्राणी छाँगाबाट खसेजस्ता भए ( नासो : ३१) ।
- "यतिका रुख क-कसले केके कामलाई काटेको हो ? लौ देखाइदेऊ" भनेर मुखियाले सोध्यो । गाउँलेहरु मुखामुख गर्न लागे ( नासो : ३७) ।
- सरजमिनहरु कानेखुसी गर्न लागे । एक छिनपछि त्यो गुप्तसमितिबाट गरिब मार्ने प्रस्ताब पास भो ( नासो : ३९) ।

संरचनाका अधारमा यस कथामा प्रयुक्त टुक्कालाई निम्नानुसार वर्गीकरण गर्न सकिन्छ :

| **द्विपदी टुक्का** | **त्रिपदी टुक्का** | **बहुपदी टुक्का** |
|---|---|---|
| - करकोसेली गर्नु<br>- गौँडा बथान्नु<br>- हात छोड्नु<br>- काम चलाउनु<br>- बाँझो हुनु<br>- वन थुन्नु | - बाबुको बिहा देखाइदिनु<br>- देश काटेर जानु<br>- स्वास्नी छोराछोरी थन्क्याउनु<br>- जबाफको सीमा नहुनु<br>- कुराले आकास पत्ताल | - गाँस न वास हुनु<br>- पाङ न पुच्छरको कुरो गर्नु<br>- चोर बिरालोझैँ लुकीलुकी हिँड्नु<br>- दुधको दुध पानीको पानी गर्नु |

| | | |
|---|---|---|
| - पाखुरा सुर्कनु<br>- निहुँ खोज्नु<br>- कन्डा पछाडि कराउनु<br>- आँखा गाड्नु<br>- कुरा सुन्नु<br>- गुजारा गर्नु<br>- अठोट गर्नु<br>- ओत लाग्नु<br>- सही थाप्नु<br>- अर्घेलो गर्नु<br>- ज्यान जानु<br>- वनस्थली नाच्नु<br>- गाँस टिप्नु<br>- जोडी भेट्टाउनु<br>- उडेर पुग्नु<br>- दुर्वासा हुनु<br>- मुन्टो निहुऱ्याउनु<br>- टहलचाकडी गर्नु<br>- झ्लेखानामा कुहाउनु<br>- भुतुक्क हुनु<br>- घरखेत उडाउनु<br>- पोको पार्नु<br>- मुख लाग्नु<br>- आगो हुनु<br>- अगाडि सर्नु<br>- लोप्रेकान लाउनु<br>- जुक्तिवुद्धिले लड्नु<br>- ठाडै निल्नु<br>- स्वाद पाउनु<br>- सोत्तर पार्नु<br>- हावाकावा पार्नु<br>- सुइँकुच्चा ठोक्नु<br>- छाँगाबाट खस्नु<br>- अक्षर चल्नु<br>- आडर दिनु<br>- आक्षेप लाउनु<br>- रगत उम्लनु<br>- तानातानी चल्नु<br>- ओड दिनु | जोर्नु<br>- ओठे जबाफ लाउनु<br>- ठाडो पुच्छर लाउनु<br>- दुधभात ख्वाएर पाल्नु<br>- गहभरि आँसु पार्नु<br>- सोझो मुखले भन्नु<br>- आफ्नो बाटो लाग्नु<br>- नखाएको विष लाग्नु<br>- पिँढी साँढे हुनु<br>- कङ्कला शब्द गर्नु<br>- धर्मको हत्या हुनु<br>- लामो सास फेर्नु<br>- दयाको भिक्षा माग्नु<br>- आँसुका धारा बग्नु<br>- हर्षको सीमा नहुनु<br>- चिन्ताले घर बनाउनु<br>- तितेपाती उमारेर राख्नु | - कपालमा पानीको गाग्रो घोप्टनु |

| | | |
|---|---|---|
| - थाप्लामा पर्नु<br>- मणिजन हुनु<br>- जीउ छाड्नु<br>- छाडा हुनु<br>- कपाल कन्याउनु<br>- धर्म छाड्नु<br>- छाप्रो उभ्याउनु<br>- चिहिलबिहिल हुनु<br>- उर्दी लाउनु<br>- कपाल सुम्सुम्याउनु<br>- तर्खर गर्नु<br>- मिसिल हेर्नु<br>- जाल गर्नु<br>- भाग्यले छल्नु<br>- जात्रा लाग्नु<br>- मुखामुख गर्नु<br>- स्वाहा हुनु<br>- जाहेर गर्नु<br>- हात जोर्नु<br>- जुठोपुरो खानु<br>- अजम्मरी पाउनु<br>- झोक देखाउनु<br>- अनाथलाई मार्नु<br>- कानेखुसी गर्नु<br>- गरिब मार्नु<br>- लाखापाखा लाग्नु<br>- पोथ्रा जन्मनु<br>- बिचल्ली हुनु<br>- मसान हुनु<br>- उखुम हुनु<br>- सारसौँदो देखिनु<br>- उमेर ढल्नु<br>- सराप लाग्नु<br>- डाँको छोड्नु<br>- मस्तक निहुरनु<br>- ठम्याउन नसक्नु<br>- दैवले चुँड्नु<br>- प्राणरक्षा गर्नु<br>- खुसामद गर्नु | | |

| | | |
|---|---|---|
| - खुर्पेचाँद बाँध्नु<br>- तारिख बोक्नु | | |

यसरी संरचनाका आधारमा यस कथामा द्विपदी टुक्का ८४ वटा, त्रिपदी टुक्का २१ वटा र बहुपदी टुक्का ५ वटा गरी जम्मा ११० वटा टुक्का प्रयोग भएका छन् ।

विषय वस्तुका आधारमा यस कथामा प्रयुक्त टुक्कालाई निम्नानुसार वर्गीकरण गर्न सकिन्छ :

| सामाजिक विषयक टुक्का | शारीरिक अङ्ग सम्बन्धी टुक्का | प्राकृतिक विषयक टुक्का | पुराण इतिहास विषयक टुक्का | साँस्कृतिक परम्परा विषयक टुक्का | आर्थिक तथा कृषि व्यवसायमूलक टुक्का | पशुपंक्षी सम्बन्धी टुक्का |
|---|---|---|---|---|---|---|
| - करकोसेली गर्नु<br>- गौँडा बथान्नु<br>- काम चलाउनु<br>- बाँझो हुनु<br>- वन थुन्नु<br>- निहुँ खोज्नु<br>- कुरा सुन्नु<br>- गुजारा गर्नु<br>- अठोट गर्नु<br>- ओत लाग्नु<br>- सही थाप्नु<br>- अर्घेलो गर्नु<br>- वनस्थली नाच्नु<br>- गाँस टिप्नु<br>- जोडी भेट्टाउनु<br>- उडेर पुग्नु<br>- टहलचाकडी गर्नु<br>- झेलखानामा कुहाउनु<br>- भुतुक्क हुनु<br>- घरखेत उडाउनु<br>- पोको पार्नु<br>- अगाडि सर्नु<br>- जुक्तिवुद्धिले लड्नु<br>- ठाडै निल्नु | - हात छोड्नु<br>- पाखुरा सुर्कनु<br>- कन्डापछाडि कराउनु<br>- आँखा गाड्नु<br>- ज्यान जानु<br>- मुख लाग्नु<br>- लोप्रेकान लाउनु<br>- जीउ छाड्नु<br>- कपाल कन्याउनु<br>- कपाल सुम्सुम्याउनु<br>- ओठे जबाफ लाउनु<br>- ठाडो पुच्छर लाउनु<br>- गहभरि आँसु पार्नु<br>- सोझो मुखले भन्नु<br>- मुखामुख गर्नु<br>- हात जोर्नु<br>- कानेखुसी गर्नु<br>- मस्तक निहुरनु | - छाँगाबाट खस्नु<br>- आगो हुनु | - दुर्वासा हुनु | - जात्रा लाग्नु | - गुजारा गर्नु | - चोर बिरालो झैं लुकीलुकी हिड्नु<br>- पिँढी साँढे हुनु |

| | | | | | | |
|---|---|---|---|---|---|---|
| - स्वाद पाउनु<br>- सोत्तर पार्नु<br>- हावाकावा पार्नु<br>- सुइँकुच्चा ठोक्नु<br>- अक्षर चल्नु<br>- आडर दिनु<br>- आक्षेप लाउनु<br>- तानातानी चल्नु<br>- ओड दिनु<br>- मणिजन हुनु<br>- छाडा हुनु<br>- धर्म छाड्नु<br>- छाप्रो उभ्याउनु<br>- चिहिलबिहिल हुनु<br>- उर्दी लाउनु<br>- तर्खर गर्नु<br>- मिसिल हेर्नु<br>- जाल गर्नु<br>- भाग्यले छल्नु<br>- स्वाहा हुनु<br>- जाहेर गर्नु<br>- जुठोपुरो खानु<br>- अजम्मरी पाउनु<br>- झोक देखाउनु<br>- अनाथलाई मार्नु<br>- गरिब मार्नु | - प्राणरक्षा गर्नु<br>- पाङ न पुच्छरको कुरो गर्नु<br>- कपालमा पानीको गाग्रो घोप्टनु<br>- मुन्टो निहुर्‍यानु | | | | | |

| | | | | | | |
|---|---|---|---|---|---|---|
| - पोथ्रा जन्मनु<br>- लाखापाखा लाग्नु<br>- बिचल्ली हुनु<br>- मसान हुनु<br>- उखुम हुनु<br>- सारसौँदो देखिनु<br>- उमेर ढल्नु<br>- सराप लाग्नु<br>- डाँको छोड्नु<br>- ठम्याउन नसक्नु<br>- दैवले चुँड्नु<br>- बाबुको बिहा देखाइदिनु<br>- देश काटेर जानु<br>- स्वास्नी छोराछोरी थन्क्याउनु<br>- जबाफको सीमा नहुनु<br>- कुराले आकासपत्ताल जोर्नु<br>- दुधभात ख्वाएर पाल्नु<br>- आफ्नो बाटो लाग्नु<br>- नखाएको विष लाग्नु<br>- कङ्कला शब्द गर्नु<br>- धर्मको हत्या हुनु<br>- लामो सास फेर्नु<br>- दयाको भिक्षा माग्नु<br>- आँसुका धारा बग्नु | | | | | | |

| | | | | | | |
|---|---|---|---|---|---|---|
| - हर्षको सीमा नहुनु<br>- चिन्ताले घर बनाउनु<br>- गाँस न वास हुनु<br>- दुधको दुध पानीको पानी गर्नु<br>- खुसामद गर्नु<br>- खुर्पे चाँद बाँध्नु<br>- तारिख बोक्नु<br>- तितेपाती उमारेर राख्नु | | | | | | |

यसरी विषय वस्तुका आधारमा यस कथामा सामाजिक विषयक टुक्का ८१ वटा, शारीरिक अङ्ग सम्बन्धी टुक्का २२ वटा, प्राकृतिक विषयक टुक्का २ वटा, पुराण इतिहास विषयक टुक्का एउटा, साँस्कृतिक परम्परा विषयक टुक्का एउटा, आर्थिक तथा कृषि व्यवसायमूलक टुक्का एउटा र पशुपंक्षी सम्बन्धी टुक्का २ वटा गरी जम्मा ११० वटा टुक्का प्रयोग भएका छन् ।

## ३.६ बिदा

'बिदा' गुरु प्रसाद मैनालीको प्रसिद्ध कथा हो । 'नासो' कथा सङ्ग्रहमा सङ्गृहीत बिदा कथामा नेपाली समाजका युवा युवतीको प्रेम सम्बन्धलाई विषय वस्तु बनाइएको छ । उनले आफ्ना कथामा मूलतः नेपाली ग्रामीण समाजका समस्याहरुलाई विषय वस्तु बनाएका छन् भने अंशतः नेपाली सहरिया जन जीवनको समस्यालाई पनि विषय वस्तु बनाएका छन् । बिदा सहरिया परिवेशमा लेखिएको सामाजिक कथा हो । यस कथामा नरेन्द्र प्रमुख पुरुष पात्र हो भने प्रभा प्रमुख नारी पात्र हो । नरेन्द्र र प्रभाबिच प्रेम बढ्न थालेको हुन्छ । नरेन्द्र सम्पन्न परिवारको शिक्षित युवक हो । ऊ प्रभासँग बिहे गर्ने कुरा आमासँग भन्छ । आमाको चित्त बुझेर बाबुलाई त्यो कुरा सुनाउँदा उसको बाबु आगो हुन्छ । प्रभा भारी जिउकी भएकाले नरेन्द्रले प्रभालाई सहरमा डेरा खोजेर राख्छ । नरेन्द्र सधैं साँझपख प्रभालाई भेट्न जान्छ । नरेन्द्रको बाबुले भने कुल घरान र धन सम्पत्तिका पछि लागी छोराको इच्छा विरुद्ध अर्कै केटीसँग नरेन्द्रको बिहे गरि दिन्छ । जुन घटनाले नरेन्द्रको जीवन नरक तुल्य भयो भने प्रभाको जीवन पनि अन्धकारमा धकेलियो । नरेन्द्र र प्रभाको लामो बिछोडपछि यी दुईको संयोगवश भेट हुन्छ । बालक छोरालाई नरेन्द्रको जिम्मा लगाई एउटा चिठी नरेन्द्रको सिरानीमा छाडी नदीमा फाल हालेर प्रभा यस स्वार्थी दुनियाँबाट बिदा हुन्छे ।

अभिव्यक्तिमा मिठास ल्याउन सरल भाषा शैलीको प्रयोग गर्न रुचाउने कथाकार मैनालीले विभिन्न टुक्काको माध्यमबाट कथामा सन्देशमूलक विचारहरु व्यक्त गरेका छन् । टुक्का प्रयोगका दृष्टिले आकर्षक केही वाक्यहरु निम्न छन् :

- "धेरै कालदेखि हिन्दू रमणीहरु आफ्ना मौन वेदनाको आँसु आफैं पिएर बसेका छन् ।" (नासो : ४५)
- मेजर बूढा आगो भए - "अगमेका बूढा मावलीहरु अस्तिसम्म काँधमा डाँडी हालेर हिँड्दै थिए । त्यस्ताकी छोरी बिहे गर्छु भन्ने ! पाजीले खुब घरान पहिल्याएछ ! रुपै हो भने दमिनी - कमिनी पनि राम्रा हुन्छन् ।" ( नासो : ४७)
- "उमेर पुगेकी छोरी घरमा पालिराखेपछि यस्तै हुन्छ ! बडो जातघरान खोज्ने भएका थिए, स्वाद पाए ।" ( नासो : ४७)
- "बिचरी कहाँ गई होली ? दोजिया थी, कठैबरा ! कालो बादलले नपाएको दुःख पाउने भई ।" (नासो : ५०)

पत्र पढ्नेबित्तिकै नरेन्द्रको सास बढेर आयो । उसलाई अचानक एउटा ठूलो पहाड खसेर थिचेजस्तो लाग्यो । (नासो : ५४)

संरचनाका आधारमा यस कथामा प्रयुक्त टुक्काहरुलाई निम्नानुसार वर्गीकरण गर्न सकिन्छ :

| द्विपदी टुक्का | त्रिपदी टुक्का | बहुपदी टुक्का |
|---|---|---|
| - टाट हुनु<br>- ठाकठुक हुनु<br>- आँसु पिउनु<br>- आँखा फुट्नु<br>- पानी हुनु<br>- उमेर पुग्नु<br>- स्वाद पाउनु<br>- आँधी चल्नु<br>- कोलाहाल मच्चिनु<br>- तिघ्रा ठटाउनु<br>- काल पर्खनु<br>- हेलमेल हुनु<br>- मुटु चुँड्नु<br>- मुख सुक्नु<br>- होस फिर्नु<br>- होस उड्नु<br>- बाटो बिराउनु<br>- खै गर्नु<br>- बाटो हेर्नु<br>- सास बढ्नु<br>- चर्चा चल्नु<br>- पहाडले थिच्नु | - दुःखले पाइलो हाल्नु<br>- आँखा तिरमिर हुनु<br>- गहभरि आँसु पार्नु<br>- लामो सास फेर्नु | - कालो बादलले नपाएको दुःख पाउनु |

यसरी संरचनाका आधारमा यस कथामा द्विपदी टुक्का २२ वटा, त्रिपदी टुक्का ४ वटा र बहुपदी टुक्का एउटा गरी जम्मा २७ वटा टुक्का प्रयोग भएका छन् ।

विषय वस्तुका आधारमा यस कथामा प्रयुक्त टुक्कालाई निम्नानुसार वर्गीकरण गर्न सकिन्छ :

| सामाजिक विषयक टुक्का | शारीरिक अङ्ग सम्बन्धी टुक्का | प्राकृतिक विषयक टुक्का |
|---|---|---|
| - टाट हुनु<br>- ठाकठुक हुनु<br>- आँसु पिउनु<br>- उमेर पुग्नु<br>- स्वाद पाउनु<br>- कोलाहाल मच्चिनु<br>- काल पर्खनु | - आँखा फुट्नु<br>- तिघ्रा ठटाउनु<br>- दुःखले पाइलो हाल्नु<br>- आँखा तिरमिर हुनु<br>- मुटु चुँड्नु<br>- मुख सुक्नु<br>- गहभरि आँसु पार्नु | - पहाडले थिच्नु<br>- कालो बादलले नपाएको दुःख पाउनु<br>- पानी हुनु<br>- आँधी चल्नु |

| | | |
|---|---|---|
| - हेलमेल हुनु<br>- होस फिर्नु<br>- होस उड्नु<br>- बाटो बिराउनु<br>- खै गर्नु<br>- बाटो हेर्नु<br>- सास बढ्नु<br>- चर्चा चल्नु<br>- लामो सास फेर्नु | | |

यसरी विषय वस्तुका आधारमा यस कथामा सामाजिक विषयक टुक्का १६ वटा, शारीरिक अङ्ग सम्बन्धी टुक्का ७ वटा र प्राकृतिक विषयक टुक्का ४ वटा गरी जम्मा २७ वटा टुक्का प्रयोग भएका छन् ।

## ३.७ परालको आगो

कथाकार गुरु प्रसाद मैनालीद्वारा लिखित 'परालको आगो' सामाजिक विषय वस्तुमा आधारित प्रसिद्ध कथा हो । यस कथामा 'लोग्ने स्वास्नीको झगडा परालको आगो' भन्ने लोक आहान र निम्न वर्गीय नेपाली पारिवारिक जीवनमा आधारित घटनालाई केन्द्रबिन्दु बनाएर प्रस्तुत गरिएको छ । कथाका प्रमुख पात्र चामे र गौँथलीका बिच सानो निहुँमा झगडा हुन्छ । जुन झगडामा चामेले गौँथलीलाई मुख मात्र छाडेन हात पनि छाड्यो । आफ्नो गल्ती भएकाले मुख छाडुन्जेल चुप लागेकी गौँथलीले पिटाइ खाएपछि लाग्नेलाई पनि मुख छाडी । झगडा परालको आगो जसरी दन्कन थालेपछि गाउँका केटाकेटी रमिता हेर्न लागे । त्यस दिन चामे भोकै सुत्यो भने गौँथली चाहिँ भोलिपल्टै माइत हिँडी । चामे घरमा एक्लै भएपछि गौँथलीका राम्रा बानीहरु सम्झन थाल्यो । केही समयपछि जुठेका दम्पतीको सल्लाहमा गौँथलीलाई लिन गयो । यसरी परालको आगोझैँ दन्केको चामे र गौँथलीको झगडा परालको आगोझैँ सामसुम भएर समझदारी भयो ।

वस्तुतः यस कथामा परालको आगोको क्षणिकतासँग लोग्नेस्वास्नीका बिचमा हुने झगडाको तुलना गरिएको छ । परालको आगो क्षणभरमै दन्किन्छ र क्षणभरमै सामसुम भएर निभ्छ । सोही अनुरूप लोग्ने स्वास्नीका बिच सानोतिनो कुरालाई लिएर झगडा भए पनि त्यो लामो समयसम्म टिक्दैन भन्ने तथ्यको उद्घाटन यस कथामा गरिएको छ । यिनै कुराहरुलाई प्रष्ट पार्न कथाकारले केही उखान तथा विभिन्न टुक्काहरुको प्रयोग गरेर भनाइलाई जबाफलो बनाएका छन् । उखान टुक्का प्रयोगका दृष्टिले सुन्दर केही वाक्यहरु निम्न छन् :

- “हलोजुवा कान्लामा ठड्याएर गोरु बाँध्न लागेको थियो, मास्तिरबाट गौथली आइपुगी । गौँथलीलाई देखेर चामे जबाफले भुतुक्क भो”(नासो : ५५) ।
- गौँथलीले मुख छाडी - “कोर सल्केका हात, बाबुआमा राँडाराडीका आँखा फुटेर कसाईका हातमा सुम्पे, यस्ता कङ्गाली मोराको जोई भएर बस्नुभन्दा डुबेर मर्नु जाती !” (नासो : ५६)
- ”कोकलेको पोसाक देखेर भैँसी झन् ठाडो पुच्छर लाएर कुध्न थाल्यो । बाँकी रहेका दुई चार बोट मकै पनि स्वाहा भए” (नासो : ५७) ।
- चामे रिसाएर फत्फताउन थाल्यो - “राँडीको ढङ्ग हेर, माल पाएर के गर्नु, चाल पाए पो हुन्छ ! आफ्ना बाबुबराजुले बिर्के टोपी लगाएको भए पो थाहा पाउँथी ? बाबु खाँडीको टोपी लाएर भाङ्ग्राको गादो पारेर हिँड्छ, छोरी किन गतिली हुन्थी ! बाहुनले च्याउ खायो न स्वाद पायो ” (नासो : ६०) ।
- “उस् चाटाचाट गर्न पनि त बेर लाग्दोरहेनछ नि, लोग्ने स्वास्नीको झगडा परालको आगो !” (नासो : ६३) ।

संरचनाका आधारमा यस कथामा प्रयुक्त टुक्काहरुलाई निम्नानुसार वर्गीकरण गर्न सकिन्छ :

| **द्विपदी टुक्का** | **त्रिपदी टुक्का** | **बहुपदी टुक्का** |
|---|---|---|
| - मुखाले हुनु | - आँखा झिम्म्याएर बस्नु | - दर्कन लागेको बादलझैँ हुनु |
| - निहुँ खोज्नु | - कङ्कला शब्द गर्नु | - ठाडो पुच्छर लाएर कुद्नु |
| - छताछुल्ल हुनु | - छुरा जस्तो मुख हुनु | - तीन हात पर पुग्नु |
| - मुख छाड्नु | - पानी पँधेरो गर्नु | |
| - तमासा हेर्नु | - एक हाते पार्नु | |
| - लौराले लघार्नु | - खरानी धसेर हिँड्नु | |
| - सोत्तर हुनु | - संसारको रापले पोल्नु | |
| - बाँझो हुनु | - ठाड्ठाडो कान लगाउनु | |
| - थला पर्नु | - घाम डाँडामा बस्नु | |
| - स्वाहा हुनु | | |
| - आगो हुनु | | |
| - आँखा नदेख्नु | | |
| - भक्ति हुनु | | |
| - मुख फर्काउनु | | |
| - कुरा खेल्नु | | |
| - टेक गर्नु | | |
| - हुरुक्क हुनु | | |
| - आँखा झिम्क्याउनु | | |
| - पोल्टो थाप्नु | | |
| - कुकुर भुकाउनु | | |

| | | |
|---|---|---|
| - चाटाचाट गर्नु<br>- मन लाउनु<br>- वन रन्काउनु<br>- कुस्तुर हुनु<br>- तृप्त हुनु<br>- गद्गद् हुनु<br>- बाटो हेर्नु<br>- निमेष लाउनु | | |

यसरी संरचनाका आधारमा यस कथामा द्विपदी टुक्का २८ वटा, त्रिपदी टुक्का ९ वटा र बहुपदी टुक्का ३ वटा गरी जम्मा ४० वटा टुक्का प्रयोग भएका छन् ।

विषय वस्तुका आधारमा यस कथामा प्रयुक्त टुक्कालाई निम्नानुसार वर्गीकरण गर्न सकिन्छ :

| **सामाजिक विषयक टुक्का** | **शारीरिक अङ्ग सम्बन्धी टुक्का** | **पशुपन्छी विषयक टुक्का** | **प्राकृतिक विषयक टुक्का** |
|---|---|---|---|
| - निहुँ खोज्नु<br>- छताछुल्ल हुनु<br>- तमासा हेर्नु<br>- लौराले लघार्नु<br>- सोत्तर हुनु<br>- बाँझो हुनु<br>- थला पर्नु<br>- स्वाहा हुनु<br>- भक्ति हुनु<br>- कुरा खेल्नु<br>- टेक गर्नु<br>- हुरुक्क हुनु<br>- पोल्टो थाप्नु<br>- चटाचाट गर्नु<br>- कुस्तुर हुनु<br>- तृप्त हुनु<br>- गद्गद् हुनु<br>- बाटो हेर्नु<br>- कङ्कला शब्द गर्नु<br>- खरानी धसेर हिँड्नु<br>- संसारको रापले पोल्नु<br>- निमेष लाउनु | - मुखाले हुनु<br>- मुख छाड्नु<br>- आँखा नदेख्नु<br>- मुख फर्काउनु<br>- आँखा झिम्क्याउनु<br>- मन लाउनु<br>- आँखा झिम्क्याएर बस्नु<br>- एक हाते पार्नु<br>- ठाड्ठाडो कान लगाउनु<br>- ठाडो पुच्छर लाएर कुद्नु<br>- तीन हात पर पुग्नु<br>- छुरा जस्तो मुख हुनु | - कुकुर भुकाउनु | - आगो हुनु<br>- वन रन्काउनु<br>- पानी पँधेरो गर्नु<br>- घाम डाँडामा बस्नु<br>- दर्कन लागेको बादलझैँ हुनु |

यसरी विषय वस्तुका आधारमा यस कथामा सामाजिक विषयक टुक्का २२ वटा, शारीरिक अङ्ग सम्बन्धी टुक्का १२ वटा, प्राकृतिक विषयक टुक्का ५ वटा र पशुपन्छी विषयक टुक्का एउटा गरी जम्मा ४० वटा टुक्का प्रयोग भएका छन् ।

## ३.८ अभागी

'अभागी' कथाकार गुरु प्रसाद मैनालीको एक प्रसिद्ध कथा हो । 'नासो' कथा सङ्ग्रहमा सङ्गृहीत 'अभागी' कथा सामाजिक तथा पारिवारिक विषय वस्तुमा आधारित कथा हो । यस कथाका पण्डित माधव प्रसाद प्रमुख पात्र हुन् । एउटा सन्तानका बाबु माधव प्रसाद जेठी श्रीमतीको मृत्युपछि छोराको स्याहारका लागि भन्ने बाहनामा दोस्रो विवाह गर्छन् । करुणा नामकी माधवकी दोस्री श्रीमतीको कृष्णप्रतिको व्यवहार अत्यन्त कठोर हुन्छ । छोराप्रति करुणाको व्यवहार कस्तो छ भन्ने कुरामा त्यति ध्यान नदिने माधव प्रसाद छोराले पढेन र नराम्रो सङ्गतमा लाग्यो भनेर पिट्ने र गाली गर्ने गर्छन् । बाबुको रुखो व्यवहार र सौतेनी आमाको तिरस्कारलाई सहन नसकेर कृष्ण घर छाडेर हिँड्छ । कृष्ण घर नफर्केपछि माधव उसको खोजीमा चारैतिर भौंतारिन्छन् । उसको केही पत्तो नलाग्दा निराश हुँदै घर फर्केका माधवले छिमेकीको घरभित्र गरिएको कुराकानी सुनेर आफैँलाई धिक्कार्दै घरतिर लाग्छन् ।

सामाजिक तथा पारिवारिक समस्यामा आधारित अभागी कथामा टुक्का प्रयोगको दृष्टिले मार्मिक केही वाक्यहरु निम्न छन् :

- "नाडी कहिले हराउँथे, कहिले देखा पर्थे शरीर पिँजडा जस्ता जर्जर हुँदा पनि किन हो गंगाको प्राण पखेरु अझ उड्न सकेको थिएन ।" (नासो : ६५)
- "अघि माधव बाबु मात्र थिए, अव उनलाई प्रारब्धले आमा हुन पनि कर लगायो । कृष्णलाई ख्वाउनु, प्याउनु, सुताउनु सबै अभिभारा उनैका थाप्लामा पऱ्यो ।" (नासो : ६६)
- "एउटा पिउसो जन्मेको छ, हुर्काएर यसको जरोकीलो बाँधिदिन पाए पुग्यो ! नदुखेको कपाल किन डोरी लाएर दुखाउनु ?" (नासो : ६७)
- "तँ गधाले चाहिँ अलिअलि पढेको पनि बिर्सिसकिस् 'हुने बिरुवाको चिल्लो पात नहुने बिरुवाको फुस्रो पात' यस्ता पशुले किन अन्न खानु !" (नासो : ७१–७२)
- गौरीनाथले भने - "स्वाङ पारेको नाइँ ! ख्याल चेप्प्याइँ पार्न जान्दछ ! अर्थोक नभए पनि माधेलाई गङ्गाको आत्माको सराप त अवश्य लाग्छ ।" (नासो : ७४)

संरचनाका आधारमा यस कथामा प्रयुक्त टुक्काहरुलाई निम्नानुसार वर्गीकरण गर्न सकिन्छः

| द्विपदी टुक्का | त्रिपदी टुक्का | बहुपदी टुक्का |
|---|---|---|
| - श्रीहीन देखिनु<br>- नाडी हराउनु<br>- घिडघिडो हुनु | - प्राण पखेरु उड्नु<br>- मुटुमा भक्कानो पर्नु<br>- मन थाम्न नसक्नु | - सुनको संसार खरानी हुनु<br>- नदुखेको कपालमा डोरी लाउनु |

| | | |
|---|---|---|
| - थाप्लामा पर्नु<br>- जगजगी हुनु<br>- गोडा बजार्नु<br>- गोता पाउनु<br>- पिउसो जन्मनु<br>- जरोकीलो बाँधिदिनु<br>- प्राण जानु<br>- करेसो जोरिनु<br>- विरोध चल्नु<br>- चुरिँदै आउनु<br>- चेप्प्याइ पार्नु<br>- फतफताउन लाग्नु | - गहभरि आँसु हुनु<br>- जीवन समाप्त गुर्नु<br>- छातीमा मुख लुकाउनु<br>- नाकमुख देख्न नपाउनु<br>- आँखा झिम्क्याउन नपाउनु<br>- सान गरेर डाक्नु | |

यसरी संरचनाका आधारमा यस कथामा द्विपदी टुक्का १५ वटा, त्रिपदी टुक्का ९ वटा र बहुपदी टुक्का २ वटा गरी जम्मा २६ वटा टुक्का प्रयोग भएका छन् ।

विषय वस्तुका आधारमा यस कथामा प्रयुक्त टुक्कालाई निम्नानुसार वर्गीकरण गर्न सकिन्छ:

| **सामाजिक विषयक टुक्का** | **शारीरिक अङ्ग सम्बन्धी टुक्का** | **आर्थिक,कृषि,व्यवसाय मूलक र अन्य टुक्का** |
|---|---|---|
| - घिडघिडो हुनु<br>- जगजगी हुनु<br>- गोता पाउनु<br>- पिउसो जन्मनु<br>- जरोकीलो बाँधिदिनु<br>- करेसो जोरिनु<br>- विरोध चल्नु<br>- सान गरेर डाक्नु<br>- सुनको संसार खरानी हुनु<br>- चुरिँदै आउनु<br>- चेप्प्याइँ पार्नु<br>- फतफताउन लाग्नु | - नाडी हराउनु<br>- थाप्लामा पर्नु<br>- प्राण जानु<br>- गोडा बजार्नु<br>- प्राण पखेरु उड्नु<br>- मुटुमा भक्कानो पर्नु<br>- मन थाम्न नसक्नु<br>- गहभरि आँसु हुनु<br>- छातीमा मुख लुकाउनु<br>- नाकमुख देख्न नपाउनु<br>- जीवन समाप्त गुर्नु<br>- आँखा झिम्क्याउन नपाउनु<br>- नदुखेको कपालमा डोरी लाउनु | - श्रीहीन देखिनु |

यसरी विषय वस्तुका आधारमा यस कथामा सामाजिक विषयक टुक्का १२ वटा, शारीरिक अङ्ग सम्बन्धी टुक्का १३ वटा र आर्थिक तथा कृषि व्यवसायमूलक टुक्का एउटा गरी जम्मा २६ वटा टुक्का प्रयोग भएका छन् ।

## ३.९ सहिद

कथाकार गुरु प्रसाद मैनालीद्वारा लिखित 'सहिद' कथा 'नासो' कथा सङ्ग्रहमा सङ्गृहीत छ । सहिद कथा नेपालको सामाजिक साथसाथै राजनैतिक विषय वस्तुमा आधारित कथा हो । २००७ सालको ऐतिहासिक राष्ट्रिय परिवर्तनको प्रसङ्गलाई विषय र परिवेशका रूपमा लेखिएको 'सहिद' कथाको नायक वीर बहादुर हो । वीर बहादुरको संवेदनशीलता, वीरता र त्यागलाई यस कथामा देखाइएको छ । २००७ साल अघि नेपालीहरुको कस्तो दुर्दशा थियो, उनीहरु कसरी साहु, महाजन र मुखियाको थिचोमिचोमा बस्नुपर्थ्यो भन्ने कुरालाई कथामा मार्मिक ढंगले प्रस्तुत गरिएको छ । गाउँमा मुखियाका नामले परिचित सामन्तहरुले गरिब आसामीलाई कसरी चुस्थे र गरिबहरुले आफ्नो पेट पाल्न नसकी कसरी विदेशिनु पर्थ्यो जस्ता मार्मिक कुराहरुको चित्रण यस कथामा गरिएको छ । नेपालीहरु निर्धन भए पनि उनीहरुमा उदात्त भावना, आदर्श प्रेरणा, सच्चरित्रता र देश प्रेमको भावना प्रबल छ भन्ने कुरालाई पनि प्रष्ट पारिएको छ । नायक वीर बहादुरले राष्ट्र र जनताको मुक्तिको लागि गरेको प्राणाहुतिले कथालाई सशक्त बनाएको छ ।

जीवनयापन गर्न विदेशिएका नेपालीहरुले परदेशमा पाएका दुःख र वेदनाको कारुणिक चित्रण गर्ने क्रममा कथाकारले विभिन्न टुक्काहरुको प्रयोग गरेर भनाइलाई निख्खर र तिख्खर बनाएका छन् । टुक्का प्रयोगका दृष्टिले सुन्दर केही वाक्यहरु यस प्रकार छन् :

- "सडकमा सानासाना केटाकेटी खेलेको देख्दा मलाई रामको झझल्को लाग्छ । यति टाढा परदेशमा खालि तिमीहरुको मायाले बाँचिरहेको छु " ( नासो : ७७) ।
- "डल्लीलाई बिहे गर्दा एक सय लिएको थिएँ । त्यसैलाई दोब्र्याई, तेब्र्याई पाँच सय पारेर खेत खाइरहेको छ " (नासो : ७७) ।
- "त्यही धने सालेको काम हो । लौ जे किरिया हाल् भने पनि सक्छु । सालेले म गरिबको सालभरको पसिना खायो " ( नासो : ७८) ।
- "के भन्नु बाबु ! मेरो राम खसेछ । मेरो राजालाई दैवले चुँडेर लग्यो ।" वीर बहादुर झन् घोप्टो परेर डाँको छोडेर रुन लाग्यो ( नासो : ८२) ।
- उसले भन्यो - "बाबु ! मेरा शरीरका पुर्जाहरु चुँडिन लागेका छन् । घाउ सारै दुखिरहेछ । यस पटक म अवश्य बाँच्दिनँ । मेरी डल्लीलाई एउटा चिठी पठाइदिनुहोला ।" ( नासो : ८६)

संरचनाका आधारमा यस कथामा प्रयुक्त टुक्काहरुलाई निम्नानुसार वर्गीकरण गर्न सकिन्छ :

| **द्विपदी टुक्का** | **त्रिपदी टुक्का** |
|---|---|
| - धोका दिनु<br>- झझल्को लाग्नु | - छातीमा भक्कानो पार्नु<br>- मन थाम्न नसक्नु |

| | |
|---|---|
| - खेत खानु<br>- पसिना खानु<br>- गस्ती लाउनु<br>- कुरा खेलाउनु<br>- हाँसोमा उडाउनु<br>- दैवले चुँड्नु<br>- भर्सेला पर्नु<br>- मुटु हल्लिनु<br>- चुइँया हुनु | - शरीरका पूर्जा चुँडिनु<br>- विचारको ज्वारभाटा चल्नु |

यसरी संरचनाका आधारमा यस कथामा द्विपदी टुक्का ११ वटा र त्रिपदी टुक्का ४ वटा गरी जम्मा १५ वटा टुक्का प्रयोग भएका छन् ।

विषय वस्तुका आधारमा यस कथामा प्रयुक्त टुक्कालाई निम्नानुसार वर्गीकरण गर्न सकिन्छ :

| **सामाजिक विषयक टुक्का** | **शारीरिक अङ्ग सम्बन्धी टुक्का** | **लोक विश्वास सम्बन्धी टुक्का** |
|---|---|---|
| - धोका दिनु<br>- झझल्को लाग्नु<br>- खेत खानु<br>- पसिना खानु<br>- गस्ती लाउनु<br>- कुरा खेलाउनु<br>- हाँसो उडाउनु<br>- भर्सेला पर्नु<br>- चुइँया हुनु<br>- विचारको ज्वारभाटा चल्नु | - मुटु हल्लिनु<br>- छात्तीमा भक्कानो पार्नु<br>- मन थाम्न नसक्नु<br>- शरीरका पूर्जा चुँडिनु | - **दैवले चुँड्नु** |

यसरी विषय वस्तुका आधारमा यस कथामा सामाजिक विषयक टुक्का १० वटा, शारीरिक अङ्ग सम्बन्धी टुक्का ४ वटा र लोक विश्वास सम्बन्धी टुक्का एउटा गरी जम्मा १५ वटा टुक्का प्रयोग भएका छन् ।

## ३.१० कर्तव्य

कथाकार गुरु प्रसाद मैनालीद्वारा लिखित 'कर्तव्य' एक प्रसिद्ध सामाजिक कथा हो । यो कथा 'नासो' कथा सङ्ग्रहमा सङगृहीत छ । कथाको प्रसङ्ग अनुसार गंगाधरको मृत्यु पछि उनका नाउँमा रहेको एकसय मुरी धान फल्ने जीउनी खेतका विषयमा दाजुभाइबिच ठुलो विवाद पर्छ । सँगै बसेको नाताले ऐन कानुनका आधारमा श्रीधर सो खेत आफूले मात्र पाउनुपर्ने कुरा गर्छन् भने मर्ने बेलामा आफ्ना दुबै सन्तानले बराबर गरी बाँढी लिनू भनेकाले आफूले पनि पाउनुपर्ने जिकिर मुरलीधर गर्छन् । दाजुभाइका बिचमा सम्पत्तिको झगडाले उग्र रूप लिन्छ । जसका घरमा दश गाउँका मानिस न्याय माग्न आउँथे, त्यही घरमा गाउँका मानिस दाजुभाइको झगडा मिलाउन जम्मा हुन्छन् । गाउँलेले झगडा मिलाउन नसकेपछि उनीहरु अदालत जान्छन् । अदालतले श्रीधरको पक्षमा फैसला गर्छ । खेत श्रीधरले एकलौटी पार्छन् । यस घटनाले दाजुभाइबिच बोलचाल र आउजाउ मात्र बन्द भएन श्रीधरले आफ्नो छोरा शशीधरको बिहेमा पनि दाजुभाउजू र दाजुका छोरीहरुलाई डाकेनन् । श्रीधर बिरामी परेका कारण छोराको बिहेमा जान सकेनन् तर मुरलीधर कुलको मानमर्यादा डुब्ला भनी भतिजाको बिहेमा गएर विवाह राम्ररी सम्पन्न गराउँछन् । यस कुराले श्रीधरको आँखा खुल्छ र उनी दाजुलाई आधा खेत दिने प्रस्ताव अघि सार्छन् तर मुरलीधर त्यसलाई अस्वीकार गर्छन् । अन्ततः भाइ साह्रै बिरामी भएको खबर पाएपछि उपचारार्थ देशतिर लिएर जान्छन् ।

यसरी यस कथाले दाजुभाइका बिचमा सानोतिनो कुराले मनमुटाब भयो भन्दैमा आफ्नो कर्तव्य र जिम्मेवारीबाट पन्छिनु हुँदैन आफूले राम्रो गरेपछि अर्काको मनमा पनि सकारात्मक सन्देश आउँछ भन्ने सन्देश दिएको छ । धन सम्पत्तिभन्दा मानवीय सम्बन्ध ठुलो हुन्छ जसलाई जोगाउन समाजका हरेक सदस्यले त्याग गर्नुपर्छ भन्ने कुरालाई अघि सार्ने क्रममा कथाकार विभिन्न टुक्काहरुको प्रयोग गरेर मार्मिक सन्देश दिन सफल भएका छन् । टुक्का प्रयोगका दृष्टिले सुन्दर केही वाक्यहरु यस प्रकार छन् :

- "गरिबहरुको चुलामा आगो नबलेको र सुत्केरी भोको रहेको समाचार सुन्ने बित्तिकै बोलाएर चाहिँदो अन्नपैसा दिएर पठाउँथे । कसैले तिर्न भाका सोध्यो भने 'सके तिर्नू नसके तिमीहरुकै हो' भन्ने जबाफ दिन्थे " (नासो : ८८) ।
- "आखिर न्यायको केही टुङ्गो नलागी सभा विसर्जन भो । भेला भएका ठिटाहरु बूढापाकाहरुलाई छेड हानेर हाँस्दै घरतिर गए । बूढापाकाहरु पनि लाखापाखा लागे" ( नासो : ९१)
- "यी ठिटाहरु चुरोट फुक्न र पुङ न पुच्छरको उट्पटाङ गफ चुट्न बाहेक अर्थोक जान्दैनन् । बाबुचाहिँ ओछ्यानमा लम्पसार परिरहेछ । यिनले बाबुबाजेको नाउँ इज्जत पखाल्न आँटे । अब आँखा चिम्लेर बस्नु भएन ।" ( नासो : ९३) ।

- "उनलाई यस्तो टट्यानपुर घाममा एक्लै ओह्रालो लागेका देखेर गाउँका मानिसहरु अचम्म मानेर मुखमुखमा हेर्न लागे" ( नासो : ९४) ।
- श्रीधरको शारीरिक गति देखेर मुरलीधरको हृदयमा दुःखको कोलाहाल मच्चियो । केही बेरपछि छात्तीमा भक्कानु पारेर आँसु झार्दै भने - "बिसेक हुन्छ बा हरेस नखाऊ ।" (नासो : ९७) ।

संरचनाका आधारमा यस कथामा प्रयुक्त टुक्काहरुलाई निम्नानुसार वर्गीकरण गर्न सकिन्छ :

| **द्विपदी टुक्का** | **त्रिपदी टुक्का** | **बहुपदी टुक्का** |
|---|---|---|
| - संसार छाड्नु<br>- जवाफ दिनु<br>- फिराद गर्नु<br>- कोहोलो हाल्नु<br>- आशास्तम्भ ढल्नु<br>- धन्वन्तरि अस्ताउनु<br>- धाक हुनु<br>- विवाद उठ्नु<br>- जोर नचल्नु<br>- छेड हान्नु<br>- लाखापाखा लाग्नु<br>- असमञ्जसमा पर्नु<br>- करकर गर्नु<br>- मन फुकाउनु<br>- बाहिर भित्र गर्नु<br>- डम्माडम्मी हुनु<br>- साकार हुनु<br>- धुवाँ उडाउनु<br>- कर्तव्य छोड्नु<br>- इज्जत पखाल्नु<br>- गद्गद् हुनु<br>- अँगालो हाल्नु<br>- गोडा समाउनु<br>- मुखमुखमा हेर्नु<br>- देशतिर हिँड्नु<br>- कानेखुसी गर्नु<br>- मानमर्यादा डुब्नु<br>- जिउनी राख्नु<br>- जनताको थाती | - चुलोमा आगो नबल्नु<br>- टेक्ने लठ्ठी भाँचिनु<br>- न्यायको बत्ती निम्नु<br>- दुई मत हुनु<br>- बर्र आँसु झार्नु<br>- ओछ्यान लाएर लड्नु<br>- आँखा चिम्लेर बस्नु<br>- छातीमा भक्कानु पार्नु<br>- दुःखको कोलाहल मच्चिनु | - हाडछाला मात्र बाँकी हुनु<br>- पुङ न पुच्छरको उट्पट्याङ गफ चुट्नु<br>- ओठ निचोर्दा दुध झर्नु |

यसरी संरचनाका आधारमा यस कथामा द्विपदी टुक्का २९ वटा, त्रिपदी टुक्का ९ वटा र बहुपदी टुक्का ३ वटा गरी जम्मा ४१ वटा टुक्का प्रयोग भएका छन् ।

विषय वस्तुका आधारमा यस कथामा प्रयुक्त टुक्कालाई निम्नानुसार वर्गीकरण गर्न सकिन्छः

| **सामाजिक विषयक टुक्का** | **शारीरिक अङ्ग सम्बन्धी टुक्का** | **आर्थिक तथा कृषि सम्बन्धी टुक्का** |
|---|---|---|
| - संसार छाड्नु<br>- जवाफ दिनु<br>- फिराद गर्नु<br>- कोहोलो हाल्नु<br>- आशास्तम्भ ढल्नु<br>- धन्वन्तरि अस्ताउनु<br>- धाक हुनु<br>- विवाद उठ्नु<br>- जोर नचल्नु<br>- छेड हान्नु<br>- लाखापाखा लाग्नु<br>- असमञ्जसमा पर्नु<br>- करकर गर्नु<br>- बाहिर भित्र गर्नु<br>- डम्माडम्मी हुनु<br>- साकार हुनु<br>- धुवाँ उडाउनु<br>- कर्तव्य छोड्नु<br>- इज्जत पखाल्नु<br>- गद्गद् हुनु<br>- अँगालो हाल्नु<br>- देशतिर हिँड्नु<br>- मान मर्यादा डुब्नु<br>- चुलोमा आगो नबल्नु<br>- टेक्ने लठ्ठी भाँचिनु<br>- न्यायको बत्ती निम्नु<br>- दुई मत हुनु<br>- बर्र आँसु झार्नु<br>- ओछ्यान लाएर लड्नु<br>- जिउनी राख्नु<br>- जनताको थाती | - आँखा चिम्लेर बस्नु<br>- छात्तीमा भक्कानु पार्नु<br>- हाडछाला मात्र बाँकी हुनु<br>- मुखमुखमा हेर्नु<br>- कानेखुसी गर्नु<br>- पुङ न पुच्छरको उट्पट्याङ गफ चुट्नु<br>- ओठ निचोर्दा दुध झर्नु<br>- मन फुकाउनु<br>- गोडा समाउनु | - दुःखको कोलाहल मच्चिनु |

यसरी विषय वस्तुका आधारमा यस कथामा सामाजिक विषयक टुक्का ३१ वटा, शारीरिक अङ्ग सम्बन्धी टुक्का ९ वटा र आर्थिक तथा कृषि सम्बन्धी टुक्का एउटा गरी जम्मा ४१ वटा टुक्का प्रयोग भएका छन् ।

### ३.११ प्रत्यागमन

'प्रत्यागमन' गुरु प्रसाद मैनालीद्वारा लिखित प्रसिद्ध सामाजिक कथा हो । 'नासो' कथा सङ्ग्रहमा सङगृहीत यो कथा एक उत्कृष्ट कथा हो । यस कथामा शोभाजस्ती कर्तव्य परायण नारीरत्नको छत्रछायामा रहेर रामुले प्राप्त गरेको सफलताको चित्रण गरिएको छ । रामुकी आमा डेढ वर्षको रामुलाई शोभाका जिम्मा लाएर नफर्कने बाटो गएकी थिइन् । रामुको लालन-पालन र शिक्षा-दीक्षामा कुनै कमी हुन नदिएका रामुका दाजु भाउजूले रामुलाई योग्य व्यक्ति बनाई छाडे । आफू प्रति दाजु भाउजूले गरेको व्यवहारबाट प्रसन्न भएका रामुले दाजुका छोराछोरीलाई पनि त्यत्तिकै माया र रेखदेख गरेका थिए । रामुको विवाहपछि यो सुन्दर परिवारमा विस्तारै कलह बढ्न थाल्यो । रामुकी श्रीमतीको बानी व्यवहारका कारण परिवारमा कलह मात्र बढेन रामु बाबुआमा जस्ता दाज ुभाउजूलाई छाडेर श्रीमतीको पछि लागी ससुरालीको घरमा बस्न थाले । आफ्नी श्रीमतीको व्यवहार बुझ्न नसकेका रामुले आफ्नो छोराको पास्नीमा पनि दाजुको परिवारलाई बोलाएनन् । सम्पन्न परिवारमा जन्मिए पनि शीलस्वभाव र परिवारप्रतिको जिम्मेवारीको बोध नभएकी रामुकी श्रीमतीले आफ्नो पतिलाई पनि खुशी पार्न सकिन । रामु बिरामी परेर ओछ्यान पर्दा समेत रामुको हेरचाह नगरेका कारण अन्त्यमा रामु भाउजूलाई खवर पठाउन बाध्य भए । शोभाले गएर गरेको सेवा सुश्रूषाका कारण रामु छिट्टै आरोग्य भए र छोरो लिएर भाउजूको साथमा आफ्नै घरमा फर्किए ।

शोभा जस्ती कर्तव्य परायण नारीका कारण घर स्वर्ग हुने र तिनै नारीहरुले बाबुआमाको सम्पत्तिको आडमा आफ्नो परिवारप्रतिको जिम्मेवारी नबुझ्दा घर नरक हुने भाव कथाकारले 'प्रत्यागमन' कथा मार्फत प्रस्तुत गरेका छन् । यी र यस्तै पारिवारिक समस्यालाई चित्रण गर्न यस कथामा प्रशस्त टुक्काहरु प्रयोग गरिएको छ । टुक्का प्रयोगका दृष्टिले सुन्दर केही वाक्य यस प्रकार छन् :

- "शोभा दुलही भएर यस घरमा आउँदा रामु डेढ वर्षको थियो; शोभा सोह्र वर्षकी थिइन् । त्यसै वर्ष रामुलाई शोभाका जिम्मा लाएर रामुकी आमा नर्फकने बाटो लागिन् (नासो : ९९)
- अस्तिको दरिद्र घर आज सम्पन्न देखियो । रामुको चकचकी देखेर मानिसहरु भन्थे - "देख्यौ, टुहुराको दिन फिर्दा यसरी फिर्छ !" ( नासो : १०२) ।

- एक दिन रामुले कताबाट हो एउटी आइमाई लिएर आए र शोभासँग भने - "अब पनि दिनहुँ आगामा पिल्सिएर कति पकाइरहनुहुन्छ भाउजू ! तपाईंको जीउ सुकेर आधा भइसक्यो" (नासो : १०२) ।
- "अचेल रामुले पनि दाजु भाउजूसँग अघिको झैँ प्रेम र विनयले बोल्न छाडे । टोलछिमेकका आइमाईहरु निर्मलका घरको कुरा उठाएर कानेखुसी गर्न लागे ।" (नासो : १०४ र १०५)
- "मेरो देवता जस्तो दाजुले मलाई कुन दिन घरबाट निकाल्नुभाको थियो र आज सोध्ने ? आफै उम्लिएर हिँडेको थिएँ, आफै फर्केर जान्छु, उहाँको स्वभाव मैले जानेको छु ।" ( नासो : ११०)

संरचनाका आधारमा यस कथामा प्रयुक्त टुक्काहरुलाई निम्नानुसार वर्गीकरण गर्न सकिन्छ :

| **द्विपदी टुक्का** | **त्रिपदी टुक्का** | **बहुपदी टुक्का** |
|---|---|---|
| - गोडा बजार्नु<br>- बालसाम्राज्य हुनु<br>- आगामा पिल्सनु<br>- जिउ सुक्नु<br>- ताँती लाग्नु<br>- दिन फिर्नु<br>- लुछाचुँडी पर्नु<br>- कानेखुसी गर्नु<br>- ठाकठुक पर्नु<br>- मालताल सिहार्नु<br>- दुर्दशा हुनु<br>- तागत भरिनु<br>- जीउ फेरिनु<br>- उम्लिएर हिँड्नु<br>- बर्कत हुनु<br>- छाती चर्कनु<br>- काखी च्याप्नु<br>- सिन्कासम्म नछोड्नु<br>- बुहार्तन गर्नु<br>- असरल्ल हुनु<br>- टहल्न थाल्नु<br>- धाक लगाउनु<br>- प्रतिपालन गर्नु<br>- बाललिला हुनु<br>- रापले पिल्सनु<br>- त्रुटि हुनु | - नफर्कने बाटो लाग्नु<br>- दरिद्र दानव बिदा हुनु<br>- ऋणको हिसाबकिताब बिर्सनु<br>- सुश्रूषा हातमा लिनु<br>- बादलको छाया जस्तो हुनु<br>- भुइँमा गोडा नहुनु<br>- तिन धाम गर्नु | - तिल राख्ने ठाउँ नहुनु<br>- तर लाग्न गाह्रो हुनु |

यसरी संरचनाका आधारमा यस कथामा द्विपदी टुक्का २६ वटा, त्रिपदी टुक्का ७ वटा र बहुपदी टुक्का २ वटा गरी जम्मा ३५ वटा टुक्का प्रयोग भएका छन् ।

विषय वस्तुका आधारमा यस कथामा प्रयुक्त टुक्कालाई निम्नानुसार वर्गीकरण गर्न सकिन्छः

| **सामाजिक विषयक टुक्का** | **शारीरिक अङ्ग सम्बन्धी टुक्का** | **प्राकृतिक विषयक टुक्का** | **लोक विश्वास सम्बन्धी टुक्का** | **आर्थिक तथा कृषि व्यवसायमूलक टुक्का** |
|---|---|---|---|---|
| - बाल साम्राज्य हुनु<br>- ताँती लाग्नु<br>- दिन फिर्नु<br>- लुछाचुँडी पर्नु<br>- ठाकठुक पर्नु<br>- मालताल सिहार्नु<br>- दुर्दशा हुनु<br>- तागत भरिनु<br>- उम्लिएर हिँड्नु<br>- बर्कत हुनु<br>- सिन्कासम्म नछोड्नु<br>- बुहार्तन गर्नु<br>- असरल्ल हुनु<br>- नफर्कने बाटो लाग्नु<br>- तिल राख्ने ठाउँ नहुनु<br>- टहल्न थाल्नु<br>- धाक लगाउनु<br>- प्रतिपालन गर्नु<br>- बाललिला हुनु<br>- रापले पिल्सनु<br>- त्रुटि हुनु<br>- तर लाग्न गाह्रो हुनु | - गोडा बजार्नु<br>- जीउ सुक्नु<br>- कानेखुसी गर्नु<br>- जीउ फेरिनु<br>- छाती चर्कनु<br>- काखी च्याप्नु<br>- सुश्रुषा हातमा लिनु<br>- भुइँमा गोडा नहुनु | - बादलको छायाजस्तो हुनु<br>- आगामा पिल्सनु | - दरिद्रदानव बिदा हुनु<br>- तिन धाम गर्नु | - ऋणको हिसाबकिताब बिर्सनु |

यसरी विषय वस्तुका आधारमा यस कथामा सामाजिक विषयक टुक्का २२ वटा, शारीरिक अङ्ग सम्बन्धी टुक्का ८ वटा, प्राकृतिक विषयक टुक्का २ वटा, लोक विश्वास सम्बन्धी टुक्का २ वटा र आर्थिक तथा कृषि व्यवसायमूलक टुक्का एउटा गरी जम्मा ३५ वटा टुक्का प्रयोग भएका छन् ।

## ३.१२ चिताको ज्वाला

'चिताको ज्वाला' कथाकार गुरु प्रसाद मैनालीको एक प्रसिद्ध सामाजिक कथा हो । यो कथा 'नासो' कथा सङ्ग्रहमा सङगृहीत छ । यस कथाको मुख्य विषय नेपाली समाज हो । नेपाली समाज अन्तर्गतको शहरिया समाजका युवायुवतीका प्रेम सम्बन्धलाई यस कथामा खास विषय वस्तु बनाइएको छ । यसमा हाम्रै समाजका दुई प्रेमीप्रमिकाको दुःखद कहानी छ । यस कथाका प्रमुख पात्रपात्रा हरि र शशी हुन् । यस कथामा सुरुमा हरि र शशीको ठट्यौलो प्रेम संवाद छ । तत्कालीन नेपाली समाजको हुर्केका छोरीलाई घर बाहिर पठाउनुहुन्न भन्ने मानसिकताका कारण शशी विद्यालयको पढाइ छाडेर घरै बस्न बाध्य हुन्छे भने हरि विद्यालयको पढाइ पुरा गरेर उच्च शिक्षाका लागि बनारसतर्फ लाग्छ । शशीका बाबुआमाले छोरीको इच्छा बिपरीत कुलघरान एवम् दौलतको पछि लागी छोरीको विवाह अर्कै केटासँग गरिदिन्छन् । बाबुआमाले दिएको वरसँग बाध्यतावश जानुपर्ने अवस्थाको सिकार भएर शशी अर्कै केटासँग बिहे गर्न बाध्य हुन्छे । धनी र सम्पन्नशाली परिवारको त्यो युवक दुर्व्यसनमा लागी बिग्रेको हुनाले शशीको बैबाहिक जीवन कालो बादलले ढाकेजस्तो हुन पुग्यो । जसका कारण शशीको जीवन चिताको ज्वालातर्फ उन्मुख भयो । उसले मृत्यु शैयामा छटपटाउँदै हरिको अन्तिम दर्शनको चाह राख्न थाली । यो खबर पाएर बनारसबाट हतारिदैं आएर शशीलाई भेट गर्न गएको हरि शशीको अवस्था देखेर चिन्ताको ज्वालामा पिल्सिन थाल्यो ।

यसरी यस कथामा एकातिर तत्कालीन नेपाली समाजको कटु यथार्थको चित्रण गरिएको छ भने अर्कोतिर दुई बाल प्रेमी प्रेमिकाका बिचको प्रेम सम्बन्ध, उनीहरुकै युवावस्थाको प्रेम र बिछोडको अत्यन्त मार्मिक चित्रणका साथै आदर्श प्रेमको व्याख्या समेत गरिएको छ । नेपाली समाजको कटु यथार्थको चित्रण र प्रेमी प्रेमिकाको दुःखद कहानीको चित्रण गर्ने क्रममा कथाकारले विभिन्न उखान टुक्काहरुको प्रयोग गरेका छन् :

- शशीले जाने बेलामा भित्तापट्टि मुख लुकाएर भनिन् - "सानु दाइ ! यसपालि त मलाई पनि लैजानुहोस् है " ( नासो : ११४) ।
- मनमनले भनैं, "माया नभएकी पापिनी, बालख कालदेखि हजारौं पटक गरेको प्रतिज्ञा बिर्सेर तिमीले मेरो जीवनको अनन्त अभिलाषालाई कुल्चेर फालिदियौ "(नासो : ११५)
- शशीले रुन्चे मुख लाएर गहभरि आँसु पारेर कम्पित स्वरले भनिन्- "कुन्नि कसले पो ढाँट्यो ? सानु दाइ, तपाईंले मेरो जीवन डुबाइ दिनुभयो !" ( नासो : ११७)
- "भोलिपल्ट बिहानै शशीकहाँ पुगैं । एउटा स्वच्छ शैयामा शशी दोलाइँ ओढेर सुतेकी रहिछन् । दुब्ली, काँडा टक्टक्याए जस्ती । त्यो दीप्तिमय सुन्दर कान्ति फुङ्ग उडेछ" (नासो : १२१)

- "मेरो अन्तस्तलमा दुःखको कोलाहल मच्चिन थाल्यो । मेरो नूतन जगत्मा कालो यवनिका यति छिटो पतन होला भनेर मैले सपनामा पनि चिताएको थिइनँ (नासो : १२४)

संरचनाका आधारमा यस कथामा प्रयुक्त टुक्काहरुलाई निम्नानुसार वर्गीकरण गर्न सकिन्छ :

| **द्विपदी टुक्का** | **त्रिपदी टुक्का** | **बहुपदी टुक्का** |
|---|---|---|
| - सौन्दर्य नाच्नु<br>- खेद लाग्नु<br>- हात जोर्नु<br>- मुख लुकाउनु<br>- छाँगाबाट खस्नु<br>- मरुस्थल हुनु<br>- कुल्चेर फाल्नु<br>- जीवन डुबाइदिनु<br>- ढुटीमाटी पार्नु<br>- रहर लाग्नु<br>- अघि सर्नु<br>- मन उड्नु<br>- दखल गर्नु<br>- कोलाहल मच्चिनु<br>- झसङ्ग हुनु<br>- थम्मरथुम्र पर्नु<br>- छाती रुमलिनु | - आँखा सामुन्ने नाच्नु<br>- नैराश्यको छाया पर्नु<br>- मुटुमा काँडो बिझ्नु<br>- राक्षसका हातमा सुम्पनु<br>- हृदयमा पीडा हुनु<br>- संसारको ज्वालाले पोल्नु<br>- काँडा टक्टक्याए जस्तो हुनु<br>- वेदनाको फोका उठ्नु<br>- संसारबाट बिदा हुनु<br>- तिलभर अधिकार नहुनु | - एक माना खान पुग्नु<br>- एक मुठी सास छोड्नु |

यसरी संरचनाका आधारमा यस कथामा द्विपदी टुक्का १७ वटा, त्रिपदी टुक्का १० वटा र बहुपदी टुक्का २ वटा गरी जम्मा २९ वटा टुक्का प्रयोग भएका छन् ।

विषय वस्तुका आधारमा यस कथामा प्रयुक्त टुक्कालाई निम्नानुसार वर्गीकरण गर्न सकिन्छ :

| **सामाजिक विषयक टुक्का** | **शारीरिक अङ्ग सम्बन्धी टुक्का** | **आर्थिक तथा कृषि व्यवसायमूलक टुक्का** | **प्राकृतिक विषयक टुक्का** | **लोक विश्वास सम्बन्धी टुक्का** |
|---|---|---|---|---|
| - सौन्दर्य नाच्नु<br>- खेद लाग्नु<br>- कुल्चेर फाल्नु<br>- जीवन डुबाइदिनु<br>- रहर लाग्नु | - हात जोर्नु<br>- मुख लुकाउनु<br>- मन उड्नु<br>- आँखा सामुन्ने नाच्नु | - ढुटीमाटी पार्नु<br>- एक माना खान पुग्नु | - छाँगाबाट खस्नु<br>- मरुस्थल हुनु | - राक्षसका हातमा सुम्पनु |

| | | | | |
|---|---|---|---|---|
| - अघि सर्नु<br>- दखल गर्नु<br>- कोलाहल मच्चिनु<br>- नैराश्यको छाया पर्नु<br>- संसारको ज्वालाले पोल्नु<br>- काँडा टक्टक्याएजस्तो हुनु<br>- वेदनाको फोका उठ्नु<br>- संसारबाट बिदा हुनु<br>- एक मुठी सास छोड्नु<br>- झसङ्ग हुनु<br>- तिलभर अधिकार नहुनु | - मुटुमा काँडो बिझ्नु<br>- हृदयमा पीडा हुनु<br>- थम्मरथुम्र पर्नु<br>- छाती रुमलिनु | | | |

यसरी विषय वस्तुका आधारमा यस कथामा सामाजिक विषयक टुक्का १६ वटा, शारीरिक अङ्ग सम्बन्धी टुक्का ८ वटा, आर्थिक तथा कृषि व्यवसायमूलक टुक्का २ वटा, प्राकृतिक विषयक टुक्का २ वटा र लोक विश्वास सम्बन्धी टुक्का एउटा गरी जम्मा २९ वटा टुक्का प्रयोग भएका छन् ।

### ३.१३ नासो कथा सङ्ग्रहमा प्रयोग भएका उखानहरु :

'नासो' कथा सङ्ग्रहका कथाहरुमा प्रयोग भएका टुक्काहरुलाई विभिन्न आधारमा वर्गीकरण गरियो । अब यहाँ यस सङ्ग्रहमा प्रयोग भएका उखानहरुलाई शब्द स्रोतका आधारमा, वाक्य संरचनाका आधारमा वाक्यार्थ वा भावका आधारमा, दृष्टिविन्दुका आधारमा, आकारका आधारमा र अर्थका आधारमा वर्गीकरण गरिन्छ । यस सङ्ग्रहमा प्रयोग भएका उखानहरु यस प्रकार छन् :

- अन्न नहुने दरिद्रलाई ज्यादा भोक लाग्नु ।
- आइमाईको रूपै शत्रु, रूपै मित्रु ।
- एउटै सिरान गरेर सुतेपछि गोडा लाग्छ ।
- कङ्गाली मोराको जोई भएर बस्नुभन्दा डुबेर मर्नु जाती ।

- कोदाली खन्नाका गाह्राले जोगी हुनु ।
- खाँडीको टोपी लाएर भाङ्ग्राको गादो पार्नु ।
- छिमेकी भनेका जिउँदाका जन्ती र मर्दाका मलामी ।
- न ठेकी चार दाम न बहाली पुर्जा ।
- नदुखेको कपालमा डोरी लाएर दुखाउनु ।
- बाहुनले च्याउ खायो न स्वाद पायो ।
- माटोको भर ढुङ्गो, ढुङ्गोको भर माटो ।
- माल पाएर के गर्नु चाल पाए पो हुन्छ ।
- लोग्नेस्वास्नीको झगडा परालको आगो ।
- सास छइन्जेल आस ।
- सौताको जबाफले पोइको नाक काट्नु ।
- हुने बिरुवाको चिल्लो पात, नहुने बिरुवाको फुस्रो पात ।

### ३.१३.१ शब्दस्रोतका आधारमा

शब्दस्रोतका आधारमा नेपाली उखानहरु तीन प्रकारका छन् : ती तत्सम, तद्भव र झर्रा अनि आगन्तुक शब्द मिश्रित उखान हुन् । यस सङ्ग्रहमा प्रयोग भएका सबै उखानहरु तद्भव र झर्रा शब्दका उखानहरु हुन् ।

### ३.१३.२ वाक्य संरचनाका आधारमा

वाक्य संरचनाका आधारमा उखानहरु सरल र अनुप्रासात्मक गरी दुई प्रकारका छन् ।

(क) सरल उखान : यस सङ्ग्रहमा प्रयोग भएका सरल उखानहरु निम्न छन् :

- अन्न नहुने दरिद्रलाई ज्यादा भोक लाग्नु ।
- कोदाली खन्नाका गाह्राले जोगी हुनु ।
- लोग्नेस्वास्नीको झगडा परालको आगो ।
- सास छन्जेल आस ।
- सौताको रिसले पोइको नाक काट्नु ।
- एउटै सिरान गरेर सुतेपछि गोडा लाग्छ ।
- नदुखेको कपालमा डोरी लाएर दुखाउनु ।

(ख) अनुप्रासात्मक वा जटिल उखान : यस सङ्ग्रहमा प्रयोग भएका अनुप्रासात्मक वा जटिल उखानहरु निम्न छन् :

- आइमाईको रूपै शत्रु, रूपै मित्रु ।

- कङ्गाली मोराको जोई भएर बस्नुभन्दा डुबेर मर्नु जाती ।
- खाँडीको टोपी लाएर भाङ्ग्राको गादो पार्नु ।
- छिमेकी भनेका जिउँदाका जन्ती र मर्दाका मलामी ।
- न ठेकी चार दाम न बहाली पुर्जा ।
- बाहुनले च्याउ खायो न स्वाद पायो ।
- माटोको भर ढुङ्गो, ढुङ्गोको भर माटो ।
- माल पाएर के गर्नु चाल पाए पो हुन्छ ।
- हुने बिरुवाको चिल्लो पात, नहुने बिरुवाको फुस्रो पात ।

### ३.१३.३ वाक्यार्थ वा भावका आधारमा

वाक्यार्थ वा भावका आधारमा निश्चयार्थक, प्रश्नार्थक र विध्यर्थक गरी उखानहरु तीन प्रकारका हुन्छन् । यस सङ्ग्रहमा प्रयोग भएका सबै उखानहरु निश्चयार्थक हुन् ।

### ३.१३.४ आकारका आधारमा

आकारका आधारमा उखानहरु छोटा, मझौला र लामा गरी तीन प्रकारका हुन्छन् । यस सङ्ग्रहमा प्रयोग भएका सबै उखानहरु छोटा र मझौला छन्, यसमा लामा उखानहरुको प्रयोग भएको छैन ।

क) छोटा उखान

- सास छउन्जेल आस ।

ख) मझौला उखान

- अन्न नहुने दरिद्रलाई ज्यादा भोक लाग्नु ।
- आइमाईको रूपै शत्रु, रूपै मित्रु ।
- एउटै सिरान गरेर सुतेपछि गोडा लाग्छ ।
- कङ्गाली मोराको जोई भएर बस्नुभन्दा डुबेर मर्नु जाती ।
- कोदाली खन्नाका गाह्राले जोगी हुनु ।
- खाँडीको टोपी लाएर भाङ्ग्राको गादो पार्नु ।
- छिमेकी भनेका जिउँदाका जन्ती र मर्दाका मलामी ।
- न ठेकी चार दाम न बहाली पुर्जा ।
- नदुखेको कपालमा डोरी लाएर दुखाउनु ।
- बाहुनले च्याउ खायो न स्वाद पायो ।
- माटोको भर ढुङ्गो, ढुङ्गोको भर माटो ।

- माल पाएर के गर्नु चाल पाए पो हुन्छ ।
- लोग्ने स्वास्नीको झगडा परालको आगो ।
- सौताको रिसले पोइको नाक काट्नु ।
- हुने बिरुवाको चिल्लो पात, नहुने बिरुवाको फुस्रो पात ।

### ३.१३.५ अर्थका आधारमा

अर्थका आधारमा उखानहरु अभिधामूलक र लक्षणामूलक गरी दुई प्रकारका हुन्छन् । यस सङ्ग्रहमा प्रयोग भएका उखानहरु पनि अभिधामूलक र लक्षणामूलक हुन् ।

**क**) अभिधामूलक उखानहरु

- अन्न नहुने दरिद्रलाई ज्यादा भोक लाग्छ ।
- कोदाली खन्नाका गाह्राले जोगी हुनु ।
- छिमेकी भनेका जिउँदाका जन्ती र मर्दाका मलामी ।
- बाहुनले च्याउ खायो न स्वाद पायो ।
- लोग्ने स्वास्नीको झगडा परालको आगो ।

ख) लक्षणामूलक उखानहरु

- आइमाईको रूपै सत्रु, रूपै मित्रु ।
- एउटै सिरान गरेर सुतेपछि गोडा लाग्छ ।
- कङ्गाली मोराको जोई भएर बस्नुभन्दा डुबेर मर्नु जाती ।
- खाँडीको टोपी लाएर भाङ्ग्राको गादो पार्नु ।
- न ठेकी चार दाम न बहाली पुर्जा ।
- नदुखेको कपालमा डोरी लाएर दुखाउनु ।
- माटोको भर ढुङ्गो, ढुङ्गोको भर माटो ।
- माल पाएर के गर्नु चाल पाए पो हुन्छ ।
- सास छन्जेल आस ।
- सौताको रिसले पोइको नाक काट्नु ।
- हुने बिरुवाको चिल्लो पात, नहुने बिरुवाको फुस्रो पात ।

## ३.१४ सारांश

नासो कथा सङ्ग्रहमा एघार वटा कथाहरु सङ्गृहीत छन् । नेपाली समाजमा घट्ने यथार्थ घटनाहरुलाई आधार बनाएर लेखिएका यी कथाहरुमा अन्धविश्वास, शोषण, दमन, अन्याय, अत्याचारद्वारा पीडित मानिसहरुको दुःखान्त कथालाई विषय वस्तु बनाइएको छ । उनका यस सङ्ग्रहका कथाहरु धेरैजसो ग्रामीण समाजको परिवेशमा लेखिएका छन् भने केही कथाहरु सहरिया परिवेशमा पनि लेखिएका छन् । नासो कथा सङ्ग्रहका सबै कथाहरु मार्मिक भए पनि नासो, छिमेकी, परालको आगो, प्रत्यागमन कथा उत्कृष्ट मानिएका छन् ।

नासो कथा सङ्ग्रहको भाषा शैली सरल, सरस र सहज छ । उखान टुक्काका प्रयोगले कथाहरु झनै मार्मिक बनेका छन् । आफ्नो अभिव्यक्तिलाई आकर्षक र लाक्षणिक बनाउन कथाकारले थुप्रै उखान टुक्काहरुको प्रयोग गरेका छन् । यी कथाहरुमा कथाकारले प्रयोग गरेका टुक्कालाई संरचना र विषयवस्तुका आधारमा वर्गीकरण गरिएको छ । संरचनाका आधारमा द्विपदी टुक्का ३२६ वटा, त्रिपदी टुक्का ११० वटा र बहुपदी टुक्का ३० वटा तथा विषय वस्तुका आधारमा सामाजिक विषयक टुक्का ३०४ वटा, शारीरिक अङ्ग सम्बन्धी टुक्का ११५ वटा, लोकविश्वास सम्बन्धी टुक्का ७ वटा, प्राकृतिक विषयक टुक्का २० वटा, आर्थिक तथा कृषि व्यवसायमूलक टुक्का १४ वटा, पशुपंक्षी सम्बन्धी टुक्का ४ वटा, सांस्कृतिक परम्परा विषयक टुक्का एउटा र पुराण इतिहास विषयक टुक्का एउटा गरी जम्मा ४६६ वटा टुक्का यस सङ्ग्रहमा प्रयुक्त भएका छन् । त्यसै गरी यस सङ्ग्रहमा जम्मा १६ वटा उखानहरु प्रयोग भएका छन् ।

# अध्याय चार

४.१ यस अध्यायमा 'नासो' कथा सङ्ग्रहभित्र प्रयुक्त उखान टुक्काको वर्णानुक्रमानुसारी सूची र तिनको अर्थ समेत प्रस्तुत गरिएको छ ।

| क्र.सं. | टुक्का | अर्थ | वर्गीकरण संरचना/विषयबस्तु |
|---|---|---|---|
| १ | अँगालो हाल्नु | माया गर्नु | द्विपदी/सामाजिक |
| २ | अक्षर चल्नु | पढ्न सक्नु | द्विपदी/सामाजिक |
| ३ | अगाडि सर्नु | तत्पर हुनु | द्विपदी/सामाजिक |
| ४ | अज्ञात लालसाको आँधी चल्नु | मनमा नजानिदो इच्छा जाग्नु | बहुपदी/प्राकृतिक |
| ५ | अजम्मरी पाउनु | कहिले मर्न नपर्ने | द्विपदी/लोक विश्वास |
| ६ | अठोट गर्नु | निर्णय गर्नु | द्विपदी/सामाजिक |
| ७ | अनाथलाई मार्नु | निर्धो माथि रजाई गर्नु | द्विपदी/सामाजिक |
| ८ | अन्धकार हुनु | अध्यारो हुनु | द्विपदी/प्राकृतिक |
| ९ | अन्न न पानी हुनु | खाने पिउने केही नहुनु | बहुपदी/प्राकृतिक |
| १० | अर्घेलो गर्नु | छुल्याइँ गर्नु | द्विपदी/सामाजिक |
| ११ | असमञ्ज्समा पर्नु | के गरौँ कसो गरौँ हुनु | द्विपदी/सामाजिक |
| १२ | असरल्ल हुनु | यत्रतत्र छरिनु | द्विपदी/सामाजिक |
| १३ | आँखा गाड्नु | लोभी नजरले हेर्नु | द्विपदी/शारीरिक |
| १४ | आँखा चिम्लेर बस्नु | नदेखे झैँ गरेर बस्नु | त्रिपदी/शारीरिक |
| १५ | आँखा झिम्क्याउनु | इसारा गर्नु | द्विपदी/शारीरिक |
| १६ | आँखा झिम्क्याउन नपाउनु | एक पल छोड्न नपाउनु | त्रिपदी/शारीरिक |
| १७ | आँखा झिम्क्याएर बस्नु | जिस्किएर बस्नु | त्रिपदी/शारीरिक |
| १८ | आँखा तिरमिर हुनु | आँखाले प्रष्टसँग देख्न नसक्नु | त्रिपदी/शारीरिक |
| १९ | आँखा नदेख्नु | रिसले केही नदेख्ने हुनु | द्विपदी/शारीरिक |
| २० | आँखा फुट्नु | पछिको कुरो समयमा नै अडकल काट्न नसक्नु | द्विपदी/शारीरिक |
| २१ | आँखासामु नाच्नु | झल्झली सम्झनु | द्विपदी/शारीरिक |
| २२ | आँधी चल्नु | मनमा धेरै कुरा खेल्नु | द्विपदी/प्राकृतिक |
| २३ | आँसु आउनु | रुनु | द्विपदी/शारीरिक |
| २४ | आँसुका धारा बग्नु | आँसु अबिरल बहनु | त्रिपदी/शारीरिक |
| २५ | आँसु झार्नु | रुनु | द्विपदी/शारीरिक |
| २६ | आँसु पिउनु | दु:ख सहनु | द्विपदी/शारीरिक |
| २७ | आँसु पुछ्नु | दु:खमा सान्त्वना दिनु | द्विपदी/शारीरिक |

| | | | |
|---|---|---|---|
| २८ | आक्षेप लाउनु | दोष लाउनु | द्विपदी/सामाजिक |
| २९ | आगामा पिल्सनु | भान्साको काममा व्यस्त हुनु | द्विपदी/प्राकृतिक |
| ३० | आगो हुनु | रिसाउनु | द्विपदी/प्राकृतिक |
| ३१ | आडर दिनु | भित्रभित्रै उक्साउने | द्विपदी/सामाजिक |
| ३२ | आफ्नो बाटो लाग्नु | आफ्नो सुर गर्नु | त्रिपदी/सामाजिक |
| ३३ | आशास्तम्भ ढल्नु | आधार दिने व्यक्तिको मृत्यु | द्विपदी/सामाजिक |
| ३४ | इज्जत पखाल्नु | बेइज्जत हुनु | द्विपदी/सामाजिक |
| ३५ | इन्तु न चिन्तु हुनु | सारै बिरामी हुनु | बहुपदी/सामाजिक |
| ३६ | उखुम हुनु | असाध्यै हुनु | द्विपदी/सामाजिक |
| ३७ | उडेर पुग्नु | जतिसक्दो छिटो पुग्नु | द्विपदी/सामाजिक |
| ३८ | उमेर ढल्नु | बृद्ध हुनु | द्विपदी/सामाजिक |
| ३९ | उमेर पुग्नु | वयस्क हुनु | द्विपदी/सामाजिक |
| ४० | उम्लिएर हिँड्नु | मात्तिएर हिँड्नु | द्विपदी/सामाजिक |
| ४१ | उर्दी लाउनु | सबैलाई आउन आदेश दिनु | द्विपदी/सामाजिक |
| ४२ | एक माना खान पुग्नु | खानलाई समस्या नहुनु | बहुपदी/सामाजिक |
| ४३ | एक मुठी सास छोड्नु | मर्नु | बहुपदी/सामाजिक |
| ४४ | एक हाते पार्नु | एकलौटी हुनु | त्रिपदी/शारीरिक |
| ४५ | ओछ्यान लाएर सुत्नु | बिरामी पर्नु | त्रिपदी/सामाजिक |
| ४६ | ओठ निचोर्दा दुध झर्नु | अल्लारे हुनु | बहुपदी/शारीरिक |
| ४७ | ओठे जवाफ लाउनु | ठाडो जवाफ फर्काउनु | त्रिपदी/शारीरिक |
| ४८ | ओड लिनु | पक्ष लिनु | द्विपदी/सामाजिक |
| ४९ | ओत लाग्नु | शरण लिनु | द्विपदी/सामाजिक |
| ५० | औँल्याउन लाग्नु | तोकेर देखाउनु | द्विपदी/शारीरिक |
| ५१ | ऋणको हिसाबकिताब बिर्सनु | गुन बिर्सनु | त्रिपदी/आर्थिक तथा कृषि |
| ५२ | कङ्कला शब्द गर्नु | ठुलो स्वरले रुनु | त्रिपदी/सामाजिक |
| ५३ | कन्डा पछाडि कराउनु | नसुन्ने गरी कुरा काट्नु | त्रिपदी/सामाजिक |
| ५४ | कन्सिरी तात्नु | रिस उठ्नु | द्विपदी/सामाजिक |
| ५५ | कपाल कन्याउनु | के गरुँ हुनु | द्विपदी/सामाजिक |
| ५६ | कपालमा पानीको गाग्रो घोप्टनु | अप्ठ्यारो पर्नु | बहुपदी/सामाजिक |
| ५७ | कपाल सुम्सुम्याउनु | माया गर्नु | द्विपदी/सामाजिक |
| ५८ | करकर गर्नु | एउटै कुरा धेरै पटक भन्नु | द्विपदी/सामाजिक |
| ५९ | करकोसेली गर्नु | खुसी पार्न केही दिनु | द्विपदी/सामाजिक |
| ६० | करेसो जोरिनु | नजिक नजिक घर हुनु | द्विपदी/सामाजिक |

| | | | |
|---|---|---|---|
| ६१ | कहाली लाग्नु | आत्तिनु | द्विपदी/सामाजिक |
| ६२ | काँडा टक्टक्याएजस्तो हुनु | ज्यादै दुब्लो हुनु | त्रिपदी/सामाजिक |
| ६३ | काखी च्याप्नु | आश्रय दिनु | द्विपदी/शारीरिक |
| ६४ | कानेखुसी गर्नु | बिस्तारै कुराकानी गर्नु | द्विपदी/शारीरिक |
| ६५ | काम चलाउनु | काम गर्न सजिलो पार्नु | द्विपदी/सामाजिक |
| ६६ | काम पुग्नु | निहुँ हुनु | द्विपदी/सामाजिक |
| ६७ | काल पर्खनु | दुःख गरेर समय बिताउनु | द्विपदी/लोक विश्वास |
| ६८ | कालो टीका लगाउनु | इज्जतमा दाग लाग्नु | त्रिपदी/सामाजिक |
| ६९ | कालो बादलले नपाएको दुःख पाउनु | असाध्यै दुःख पाउनु | बहुपदी/प्राकृतिक |
| ७० | कुकुर भुकाउनु | अर्काको दैलो दैलो चहार्नु | द्विपदी/पशुपन्छी |
| ७१ | कुरा खेल्नु | मनमा धेरै कुरा आउनु | द्विपदी/सामाजिक |
| ७२ | कुराले अक्कासपत्ताल जोर्नु | कुरा मात्र गर्नु | त्रिपदी/प्राकृतिक |
| ७३ | कुरा सुन्नु | अरुले भनेको सुन्नु | द्विपदी/सामाजिक |
| ७४ | कुल्चेर फाल्नु | बेवास्ता गर्नु | द्विपदी/सामाजिक |
| ७५ | कुस्तुर हुनु | धेरै डराउनु | द्विपदी/सामाजिक |
| ७६ | कोलाहाल मच्चिनु | रुवावासी चल्नु | द्विपदी/सामाजिक |
| ७७ | कोहोलो हाल्नु | ठुलो स्वरले कराउनु | द्विपदी/सामाजिक |
| ७८ | खडा हुनु | उपस्थित हुनु | द्विपदी/सामाजिक |
| ७९ | खरानी घसेर हिँड्नु | जोगी हुनु | द्विपदी/सामाजिक |
| ८० | खित्का छाड्नु | ठुलो स्वरले हास्नु | द्विपदी/सामाजिक |
| ८१ | खुर्पेचाँद बाँध्नु | खुर्पीठ्याक भिर्नु | द्विपदी/सामाजिक |
| ८२ | खुसामद गर्नु | चाप्लुसी गर्नु | द्विपदी/सामाजिक |
| ८३ | खेत खानु | अर्काको खेतको कमाइ खानु | द्विपदी/सामाजिक |
| ८४ | खेत निखन्नु | ऋण तिरेर खेत आफ्नो पार्नु | द्विपदी/सामाजिक |
| ८५ | खेलबाडमा दिन बित्नु | रमाइलो गीर दिन बिताउनु | त्रिपदी/प्राकृतिक |
| ८६ | खै गर्नु | सत्य बोल्न लगाउनु | द्विपदी/सामाजिक |
| ८७ | गद्‌गद् हुनु | खुसी हुनु | द्विपदी/सामाजिक |
| ८८ | गफ चुट्नु | कुरा गरेर समय बिताउनु | द्विपदी/सामाजिक |
| ८९ | गरिब मार्नु | गरिबलाई शोषण गर्नु | द्विपदी/सामाजिक |
| ९० | गस्ति लाउनु | चनाखो भई वरिपरि घुम्नु | द्विपदी/सामाजिक |
| ९१ | गहभरि आँसु पार्नु | आँखाभरि आँसु हुनु | त्रिपदी/शारीरिक |
| ९२ | गहभरि हर्षाश्रु पार्नु | खुशीले आँखाभरि आँसु हुनु | त्रिपदी/शारीरिक |
| ९३ | गाँस टिप्नु | भात खानु | द्विपदी/सामाजिक |

| | | | |
|---|---|---|---|
| ९४ | गाँस न वास हुनु | खाने र बस्ने ठेगान नहुनु, दुःख पाउनु | बहुपदी/सामाजिक |
| ९५ | गुजारा गर्नु | दुःखले जीवन बिताउनु | द्विपदी/आर्थिक तथा कृषि |
| ९६ | गृहस्थी चलाउनु | घर व्यवहार गर्नु | द्विपदी/सामाजिक |
| ९७ | गोडा बजार्नु | रिस देखाउनु | द्विपदी/शारीरिक |
| ९८ | गोडा मिच्नु | सेवा गर्नु | द्विपदी/शारीरिक |
| ९९ | गोडा समाउनु | माफी माग्नु | द्विपदी/शारीरिक |
| १०० | गोता पाउनु | दुःख पाउनु | द्विपदी/सामाजिक |
| १०१ | गोर्खेलौरी कस्नु | बाँधेर पिट्नु | द्विपदी/सामाजिक |
| १०२ | गोली लाग्नु | असह्य पीडा हुनु | द्विपदी/सामाजिक |
| १०३ | गौँडा बथान्नु | हातपात गर्न बाटो कुरेर बस्नु | द्विपदी/सामाजिक |
| १०४ | घरखेत उडाउनु | सम्पत्ति स्वाहा पार्नु | द्विपदी/आर्थिक तथा कृषि |
| १०५ | घरजम गरिदिनु | बिहे गरिदिनु | द्विपदी/सामाजिक |
| १०६ | घरस्वर्ग हुनु | घरमा खुशी छाउनु | द्विपदी/लोक विश्वास |
| १०७ | घाम डाँडामा बस्नु | समय बितिसक्नु | त्रिपदी/प्राकृतिक |
| १०८ | घिडघिडो हुनु | पिर हुनु | द्विपदी/सामाजिक |
| १०९ | ङिच्च मुख लाउनु | हिस्स पर्नु | त्रिपदी/शारीरिक |
| ११० | चढ्दो उमेर हुनु | जवानी चढ्नु | त्रिपदी/सामाजिक |
| १११ | चर्चा चल्नु | प्रसङ्ग चल्नु | द्विपदी/सामाजिक |
| ११२ | चाटाचाट गर्नु | एक अर्कामा माया बढ्नु | द्विपदी/सामाजिक |
| ११३ | चाल मार्नु | चियोचर्चो गर्नु | द्विपदी/सामाजिक |
| ११४ | चाह हुनु | इच्छा हुनु | द्विपदी/सामाजिक |
| ११५ | चित्त ठेगानमा नहुनु | के गरुँ कसो गरुँ हुनु | त्रिपदी/शारीरिक |
| ११६ | चित्त दुखाउनु | मन दुखाउनु | द्विपदी/शारीरिक |
| ११७ | चित्त रहनु | मन बझ्नु | द्विपदी/शारीरिक |
| ११८ | चिन्तामा निमग्न हुनु | चिन्ताले सताउनु | त्रिपदी/सामाजिक |
| ११९ | चिन्ताले घर बनाउनु | धेरै चिन्ता लाग्नु | त्रिपदी/सामाजिक |
| १२० | चिप्लेर खस्नु | लड्नु | द्विपदी/सामाजिक |
| १२१ | चिहिलबिहिल हुनु | धेरै दुःख पाउनु | द्विपदी/सामाजिक |
| १२२ | चुइँया हुनु | लोभी हुनु | द्विपदी/सामाजिक |
| १२३ | चुलामा आगो नबल्नु | खानेकुरा नपाक्नु | त्रिपदी/आर्थिक तथा कृषि |
| १२४ | चुलो छोडिदिनु | भान्सा जिम्मा दिनु | द्विपदी/सामाजिक |

| | | | |
|---|---|---|---|
| १२५ | चुरिँदै आउनु | असाध्यै रिसाउदै आउनु | द्विपदी/सामाजिक |
| १२६ | चेप्प्याइँ पार्नु | मुखले मात्र माया गर्नु | द्विपदी/सामाजिक |
| १२७ | चैतबैसाखको धुप | असाध्यै गर्मी | द्विपदी/प्राकृतिक |
| १२८ | चैन गर्नु | सुख काट्नु | द्विपदी/सामाजिक |
| १२९ | चोर बिरालोझैँ लुकीलुकी हिड्नु | अरुले नदेख्ने गरी हिँड्नु | बहुपदी/पशुपन्छी |
| १३० | चौतारो चिन्नु | चौतारो बनाउनु | द्विपदी/लोक विश्वास |
| १३१ | छताछुल्ल हुनु | जताततै छरिनु | द्विपदी/सामाजिक |
| १३२ | छाँगाबाट खस्नु | नसोचेको कुरा हुनु | द्विपदी/सामाजिक |
| १३३ | छाक टार्नु | खानु | द्विपदी/प्राकृतिक |
| १३४ | छाती चर्कनु | अशुभ संङ्केत पाउनु | द्विपदी/शारीरिक |
| १३५ | छाती फुकाउनु | मन खोलेर गर्नु | द्विपदी/शारीरिक |
| १३६ | छाती फुकाएर भन्नु | मनको कुरा प्रष्टसँग भन्नु | त्रिपदी/शारीरिक |
| १३७ | छातीमा भक्कानो पार्नु | बोल्न नसक्नु | त्रिपदी/शारीरिक |
| १३८ | छातीमा मुख लुकाउनु | भन्न नसक्नु | त्रिपदी/शारीरिक |
| १३९ | छाती रुमल्लिनु | केही गर्न नसक्नु | द्विपदी/शारीरिक |
| १४० | छाप्रो उभ्याउनु | झुपडी बनाउनु | द्विपदी/सामाजिक |
| १४१ | छामछामछुमछुम गर्नु | छामेर पत्ता लगाउनु | द्विपदी/सामाजिक |
| १४२ | छिँडीमा जाक्नु | जेलमा थुन्नु | द्विपदी/सामाजिक |
| १४३ | छुराजस्तो मुख हुनु | छुच्चो हुनु | त्रिपदी/शारीरिक |
| १४४ | छेड हान्नु | मन दुख्ने गरी भन्नु | द्विपदी/सामाजिक |
| १४५ | जकडेर राख्नु | थुनेर राख्नु | द्विपदी/सामाजिक |
| १४६ | जगजगी हुनु | डराइमर्दो हुनु | द्विपदी/सामाजिक |
| १४७ | जनताको थाती | जनताको नासो | द्विपदी/सामाजिक |
| १४८ | जरोकिलो बाँधिदिनु | घर व्यवहार मिलाइदिनु | द्विपदी/सामाजिक |
| १४९ | जवाफ दिनु | उत्तर दिनु | द्विपदी/सामाजिक |
| १५० | जहाज डुब्नु | सर्वस्व हुनु | द्विपदी/सामाजिक |
| १५१ | जात्रा लाग्नु | बेइज्जत हुनु | द्विपदी/साँस्कृतिक |
| १५२ | जाल गर्नु | षडयन्त्र गर्नु | द्विपदी/सामाजिक |
| १५३ | जाहेर गर्नु | बिन्ती गर्नु | द्विपदी/सामाजिक |
| १५४ | जिउ छाड्नु | समर्पित हुनु | द्विपदी/शारीरिक |
| १५५ | जिउ फेरिनु | शरीरमा तागत आउनु | द्विपदी/शारीरिक |
| १५६ | जिउ सुक्नु | दुब्लाउनु | द्विपदी/शारीरिक |
| १५७ | जिद्दी गर्नु | ढिपी गर्नु | द्विपदी/सामाजिक |
| १५८ | जिउनी राख्नु | आफ्नो लागि केही सम्पत्ति राख्नु | द्विपदी/सामाजिक |

| | | | |
|---|---|---|---|
| १५९ | जीवन डुबाइदिनु | जीवन बर्वाद पारिदिनु | द्विपदी/शारीरिक |
| १६० | जीवनलीला समाप्त हुनु | मर्नु | त्रिपदी/शारीरिक |
| १६१ | जीवन समाप्त गर्नु | मर्नु | त्रिपदी/शारीरिक |
| १६२ | झझल्को लाग्नु | सम्झनु | द्विपदी/सामाजिक |
| १६३ | झसङ्ग हुनु | झस्कनु/डराउनु | द्विपदी/सामाजिक |
| १६४ | झेलखानामा कुहाउनु | जेलमा जीवन सिध्याउनु | द्विपदी/सामाजिक |
| १६५ | झोक देखाउनु | रिस देखाउनु | द्विपदी/सामाजिक |
| १६६ | टट्टिएर मर्नु | भोकै पर्नु | द्विपदी/सामाजिक |
| १६७ | टर्रो आनन्दको अनुभव गर्नु | नमिठो अनुभव गर्नु | बहुपदी/सामाजिक |
| १६८ | टहलचाकडी गर्नु | सेवा सुश्रूषा गर्नु | द्विपदी/सामाजिक |
| १६९ | टहल्न थाल्नु | हिड्डुल गर्नु | द्विपदी/सामाजिक |
| १७० | टाट हुनु | सबै सम्पत्ति सकिनु | द्विपदी/अर्थ र कृषि |
| १७१ | टुङ्गो लाउनु | छिनोफानो गर्नु | द्विपदी/सामाजिक |
| १७२ | टुपी समाउनु | आफूले भने जस्तो मात्र गर्न लगाउनु | द्विपदी/शारीरिक |
| १७३ | टुलुटुलु हेर्नु | केही गर्न नसक्नु | द्विपदी/सामाजिक |
| १७४ | टेक गर्नु | अड्डी लिनु | द्विपदी/सामाजिक |
| १७५ | टेक्ने लट्ठी भाँचिनु | आधार नहुनु | त्रिपदी/सामाजिक |
| १७६ | टेक्ने सानउने नहुनु | कसैको सहारा नहुनु | त्रिपदी/सामाजिक |
| १७७ | ठट लाग्नु | रमिता लाग्नु | द्विपदी/सामाजिक |
| १७८ | ठमठमती हुनु | बलियो हुनु | द्विपदी/सामाजिक |
| १७९ | ठम्याउन नसक्नु | चिन्न नसक्नु | द्विपदी/सामाजिक |
| १८० | ठाँटिएर हिँड्नु | नक्कल पारेर हिड्नु | द्विपदी/सामाजिक |
| १८१ | ठाकठुक पर्नु/हुनु | सानोतिनो झगडा पर्नु/हुनु | द्विपदी/सामाजिक |
| १८२ | ठाड्ठाडो कान लाउनु | चनाखो हुनु | त्रिपदी/शारीरिक |
| १८३ | ठाडै निल्नु | हप्काउनु | द्विपदी/सामाजिक |
| १८४ | ठाडो पुच्छर लाउनु | भाग्नु | त्रिपदी/शारीरिक |
| १८५ | ठोकाबाजी पर्नु | भनाभन हुनु | द्विपदी/सामाजिक |
| १८६ | डढेका ललाटलाई सिँगार्नु | नराम्रो अनुहारलाई सिँगार्नु | त्रिपदी/शारीरिक |
| १८७ | डम्माडम्मी हुनु | धेरै मानिस जम्मा हुनु | द्विपदी/सामाजिक |
| १८८ | डाँको छोड्नु | आवाज निकालेर रुनु | द्विपदी/सामाजिक |
| १८९ | ढसमस्स बस्नु | हलचल नगरी बस्नु | द्विपदी/सामाजिक |
| १९० | ढाक्न खोज्नु | गल्ती लुकाउन खोज्नु | द्विपदी/सामाजिक |
| १९१ | ढुङ्गाको मन हुनु | कडा मन हुनु | त्रिपदी/प्राकृतिक |
| १९२ | ढुङ्गो पन्छनु | झमेला हट्नु | द्विपदी/प्राकृतिक |
| १९३ | ढुटीमाटी पार्नु | सबै सम्पत्ति सक्नु | द्विपदी/सामाजिक |

| | | | |
|---|---|---|---|
| १९४ | ढोका थुनेर बस्नु | केही थाहा नपाए जसरी बस्नु | त्रिपदी/सामाजिक |
| १९५ | तमासा हेर्नु | रमिता हेर्नु | द्विपदी/सामाजिक |
| १९६ | तम्तयार हुनु | तयार हुनु | द्विपदी/सामाजिक |
| १९७ | तरङ्ग चल्नु | मनमा कुरा आउनु | द्विपदी/सामाजिक |
| १९८ | तर लाग्न गाह्रो हुनु | सन्चो हुन नसक्नु | बहुपदी/सामाजिक |
| १९९ | तर्केर हिँड्नु | टाढा हुनु खोज्नु | द्विपदी/सामाजिक |
| २०० | तर्खर गर्नु | तयारी गर्नु | द्विपदी/सामाजिक |
| २०१ | ताँती लाग्नु | धेरै मानिस आउनु | द्विपदी/सामाजिक |
| २०२ | तागत भरिनु | शक्ति आउनु | द्विपदी/सामाजिक |
| २०३ | ताडना गर्नु | दुःख दिनु | द्विपदी/सामाजिक |
| २०४ | तानातानी चल्नु | तँछाडमछाड गर्नु | द्विपदी/सामाजिक |
| २०५ | ताप हुनु | चिन्ता हुनु | द्विपदी/सामाजिक |
| २०६ | तारिख बोक्नु | तोकिएको मितिमा हाजिर हुनु | द्विपदी/सामाजिक |
| २०७ | तिघ्रा ठटाउनु | खुसी हुनु | द्विपदी/शारीरिक |
| २०८ | तितेपाती उमारेर राख्नु | बाँझै राख्नु | त्रिपदी/सामाजिक |
| २०९ | तिलको दाना जति हुनु | थोरै पनि बाँकी नहुनु | बहुपदी/सामाजिक |
| २१० | तिलभर अधिकार नहुनु | कत्ति अधिकार नहुनु | त्रिपदी/सामाजिक |
| २११ | तिलभर नछुनु | केही पनि असर नगर्नु | द्विपदी/सामाजिक |
| २१२ | तिल राख्ने ठाउँ नहुनु | घुइँचो हुनु | बहुपदी/सामाजिक |
| २१३ | तिन धाम गर्नु | तीर्थ गर्नु | त्रिपदी/लोक विश्वास |
| २१४ | तिन हात पर पुग्नु | पन्छन खोज्नु | बहुपदी/शारीरिक |
| २१५ | तीर्थबर्त गर्नु | धर्म गर्नु | द्विपदी/लोक विश्वास |
| २१६ | त्रुटि हुनु | गल्ती हुनु | द्विपदी/सामाजिक |
| २१७ | तृप्त हुनु | सन्तुष्ट हुनु | द्विपदी/सामाजिक |
| २१८ | तेजोमय हुनु | उज्यालो हुनु | द्विपदी/सामाजिक |
| २१९ | तेल सकिनु | मर्ने बेला हुनु | द्विपदी/सामाजिक |
| २२० | थप्पडी मार्नु | खुसी हुनु | द्विपदी/शारीरिक |
| २२१ | थम्मरथुम्मर पर्नु | स्वस्थ, हट्टाकट्टा हुनु | द्विपदी/सामाजिक |
| २२२ | थला पर्नु | बिरामी पर्नु | द्विपदी/सामाजिक |
| २२३ | थाप्लामा पर्नु | आफ्नो जिम्मामा पर्नु | द्विपदी/शारीरिक |
| २२४ | दखल गर्नु | योग्य बन्नु | द्विपदी/सामाजिक |
| २२५ | दया छोड्नु | निर्दयी बन्नु | द्विपदी/सामाजिक |
| २२६ | दर्कन लागेको बादलझैँ हुनु | रिसले कालोनीलो हुनु | बहुपदी/प्राकृतिक |
| २२७ | दरिद्रदानव बिदा हुनु | दुःखका दिन सकिनु | त्रिपदी/लोक विश्वास |

| | | | |
|---|---|---|---|
| १२८ | दिन फिर्नु | सुखका दिन आउनु | द्विपदी/सामाजिक |
| १२९ | दुई मत हुनु | विचार नमिल्नु | त्रिपदी/सामाजिक |
| १३० | दुःखको कोलाहाल मच्चिनु | दुःखै दुःख आइपर्नु | त्रिपदी/सामाजिक |
| १३१ | दुःख पोख्नु | दुःख व्यक्त गर्नु | द्विपदी/सामाजिक |
| १३२ | दुःखले पाइलो हाल्नु | दुःखको दिन सुरु हुनु | द्विपदी/शारीरिक |
| १३३ | दुर्दशा हुनु | दशा लाग्नु | द्विपदी/सामाजिक |
| १३४ | दुर्वासा हुनु | रिसाहा हुनु | द्विपदी/पुराण-इतिहास |
| १३५ | दुधको दुध पानीको पानी गरिदिनु | न्याय अन्यायको फैसला गर्नु | बहुपदी/सामाजिक |
| १३६ | दुध भात ख्वाएर पाल्नु | मिठो खुवाएर राख्नु | बहुपदी/सामाजिक |
| १३७ | देश काटेर जानु | विदेश जानु | त्रिपदी/सामाजिक |
| १३८ | देशतिर हिड्नु | विदेशतिर लाग्नु | द्विपदी/सामाजिक |
| १३९ | दैलो पोत्नु | घरको सम्भार गर्नु | द्विपदी/सामाजिक |
| १४० | दैवले चुँड्नु | मृत्यु हुनु | द्विपदी/लोक विश्वास |
| १४१ | दैवले नसुन्नु | सबैले बेवास्ता गर्नु | द्विपदी/लोक विश्वास |
| १४२ | धन दौलतमा ठग्नु | गरिव हुनु | त्रिपदी/आर्थिक तथा कृषि |
| १४३ | धन्वन्तरि अस्ताउनु | बैद्यको मृत्यु हुनु | द्विपदी/सामाजिक |
| १४४ | धर्मको हत्या हुनु | अन्यायमा पर्नु | त्रिपदी/लोक विश्वास |
| १४५ | धर्म छाड्नु | झुटो बोल्नु | द्विपदी/लोक विश्वास |
| १४६ | धाक लगाउनु | फुर्ति गर्नु | द्विपदी/सामाजिक |
| १४७ | धाक हुनु | नभएको फुर्ति देखाउनु | द्विपदी/सामाजिक |
| १४८ | धुलो हुनु | नास हुनु | द्विपदी/प्राकृतिक |
| १४९ | धुवाँ उडाउनु | चुरोट खानु | द्विपदी/प्राकृतिक |
| १५० | धोका दिनु | घात गर्नु | द्विपदी/सामाजिक |
| १५१ | नखाएको विष लाग्नु | झुटो आरोप लाग्नु | त्रिपदी/सामाजिक |
| १५२ | नदुखेको कपालमा डोरी लाउनु | खोजीखोजी दुःख ल्याउनु | बहुपदी/शारीरिक |
| १५३ | नफर्कने बाटो लाग्नु | मर्नु | त्रिपदी/सामाजिक |
| १५४ | नाक काट्नु | इज्जत जानु | द्विपदी/शारीरिक |
| १५५ | नाकमा कालो लाउनु | इज्जत जाने काम गर्नु | त्रिपदी/शारीरिक |
| १५६ | नाकमुख देख्न नपाउनु | भेट नहुनु | त्रिपदी/शारीरिक |
| १५७ | नाङ्गो हुनु | निर्धन हुनु | द्विपदी/आर्थिक तथा कृषि |
| १५८ | नाडी हराउनु | नाडीको चाल बन्द हुनु | द्विपदी/शारीरिक |
| १५९ | निभ्ने बेलाको बत्ती | मर्न लागेको मानिस | त्रिपदी/सामाजिक |

| | | | |
|---|---|---|---|
| १६० | निमेश लाउनु | एकैछिन निदाउनु | द्विपदी/सामाजिक |
| १६१ | निर्दोष सौन्दर्य नाच्नु | थाहै नपाई सुन्दर बन्नु | त्रिपदी/सामाजिक |
| १६२ | निर्धाको हात छिटो चल्नु | कमजोर मानिसले पहिले हात हाल्नु/पिट्नु | बहुपदी/शारीरिक |
| १६३ | निसास्सिन लाग्नु | अत्यास लाग्नु | द्विपदी/सामाजिक |
| १६४ | निहुँ खोज्नु | झगडा गर्न खोज्नु | द्विपदी/सामाजिक |
| १६५ | नैराश्यको छाया पर्नु | निराश हुनु | त्रिपदी/सामाजिक |
| १६६ | न्यायको बत्ती निभ्नु | अन्यायमा पर्नु | त्रिपदी/सामाजिक |
| १६७ | पक्ष लिनु | एउटाको पक्षमा कुरा गर्नु | द्विपदी/सामाजिक |
| १६८ | पग चल्नु | शक्ति हुनु | द्विपदी/सामाजिक |
| १६९ | पड्केर बोल्नु | रिसाएर बोल्नु | द्विपदी/सामाजिक |
| १७० | पतन हुनु | नास हुनु | द्विपदी/सामाजिक |
| १७१ | पथपरेजको व्यवस्था मिलाउनु | सम्पूर्ण कुराको व्यवस्था मिलाउनु | त्रिपदी/सामाजिक |
| १७२ | परत्र बन्नु | भविष्य सप्रनु | द्विपदी/सामाजिक |
| १७३ | परमेश्वरले ठग्नु | भाग्य नहुनु | द्विपदी/लोक विश्वास |
| १७४ | परलोक हुनु | मर्नु | द्विपदी/लोक विश्वास |
| १७५ | पसिना खानु | कमाइ खानु | द्विपदी/सामाजिक |
| १७६ | प्रतिपालन गर्नु | हेरचाह गर्नु | द्विपदी/सामाजिक |
| १७७ | प्रतिमा खडा गर्नु | नक्कली/डुब्लिकेट तयार पार्नु | त्रिपदी/सामाजिक |
| १७८ | पाखुरा सुर्कनु | निहुँ खोज्नु | द्विपदी/शारीरिक |
| १७९ | पाङ न पुच्छरको कुरा गर्नु | नमिल्ने कुरा गर्नु | बहुपदी/शारीरिक |
| १८० | पानी पँधेरो गर्नु | दैनिक काम गर्नु | त्रिपदी/प्राकृतिक |
| १८१ | पानी हुनु | लाजमर्दो हुनु | द्विपदी/प्राकृतिक |
| १८२ | पाप धर्मको डर नराख्नु | अन्याय गर्नु | बहुपदी/लोक विश्वास |
| १८३ | पार लाउनु | भाउ काड्नु/अनुकरण गर्नु | द्विपदी/सामाजिक |
| १८४ | प्राण जानु | मर्नु | द्विपदी/शारीरिक |
| १८५ | प्राण पखेरु उड्नु | मर्नु | त्रिपदी/शारीरिक |
| १८६ | प्राणरक्षा गर्नु | बचाउनु | द्विपदी/शारीरिक |
| १८७ | पिँढीसाँढे हुनु | घरभित्र मात्र शूरो हुनु | द्विपदी/पशुपंक्षी |
| १८८ | पिउसो जन्मनु | छोरो जन्मनु | द्विपदी/सामाजिक |
| १८९ | पिलपिल गर्नु | रुनु | द्विपदी/सामाजिक |
| १९० | पुतलीझैं सिँगार्नु | राम्री बनाउनु | द्विपदी/पशुपन्छी |
| १९१ | पुर्पुरो डढ्नु | भाग्य बिग्रनु | द्विपदी/शारीरिक |
| १९२ | प्रेमसूत्रले बेर्नु | मायाजालमा पार्नु | द्विपदी/सामाजिक |

| | | | |
|---|---|---|---|
| २९३ | पोइ टोक्नु | श्रीमान्‌को मृत्यु हुनु | द्विपदी/लोक विश्वास |
| २९४ | पोको पार्नु | लुकाएर सम्पत्ति कमाउनु | द्विपदी/सामाजिक |
| २९५ | पोडे हुनु | कसम खानु | द्विपदी/सामाजिक |
| २९६ | पोथ्रा जन्मनु | छोरो जन्मनु | द्विपदी/सामाजिक |
| २९७ | पोलेको घाउमा नुन छर्नु | बिर्सिएको दुःख बल्झाइदिनु | बहुपदी/सामाजिक |
| २९८ | पोल्टो थाप्नु | माग्नु | द्विपदी/सामाजिक |
| २९९ | फतफताउन लाग्नु | एक्लै बोल्नु | द्विपदी/सामाजिक |
| ३०० | फाल हाल्नु | हामफाल्नु | द्विपदी/सामाजिक |
| ३०१ | फिराद गर्नु | मद्दत माग्नु | द्विपदी/सामाजिक |
| ३०२ | फुक्का हुनु | स्वतन्त्र हुनु | द्विपदी/सामाजिक |
| ३०३ | फूल जस्ता छोराछोरी | रहर लाग्दा छोराछोरी | त्रिपदी/सामाजिक |
| ३०४ | फूलझडीमा खेल्नु | खेलबाडमा समय बिताउनु | त्रिपदी/सामाजिक |
| ३०५ | बत्ती निभ्नु | अन्धकार हुनु | द्विपदी/सामाजिक |
| ३०६ | बदखोइँ गर्नु | अर्काको कुरा काट्नु | द्विपदी/सामाजिक |
| ३०७ | बलको तुजुक हुनु | बलको घमण्ड हुनु | त्रिपदी/सामाजिक |
| ३०८ | बलेको आगो ताप्नु | शक्तिको पछाडि लाग्नु | त्रिपदी/प्राकृतिक |
| ३०९ | बर्कत हुनु | शक्ति हुनु | द्विपदी/सामाजिक |
| ३१० | बर्बराउन लाग्नु | एक्लै कराउनु | द्विपदी/सामाजिक |
| ३११ | बर आँसु झार्नु | रुनु | त्रिपदी/शारीरिक |
| ३१२ | बाँझो हुनु | खेतीपाती नहुनु | द्विपदी/सामाजिक |
| ३१३ | बाङ्गा कुरा गर्नु | अमिल्दो कुरा गर्नु | त्रिपदी/सामाजिक |
| ३१४ | बाटो बिराउनु | बाटो बिर्सनु | द्विपदी/सामाजिक |
| ३१५ | बाटो हेर्नु | आस गर्नु | द्विपदी/सामाजिक |
| ३१६ | बाललीला हुनु | बालबालिकाको चर्तिकला | द्विपदी/सामाजिक |
| ३१७ | बाल साम्राज्य हुनु | बालबालिकाले भने अनुसार गर्नु | त्रिपदी/सामाजिक |
| ३१८ | बादलको छायाजस्तो हुनु | ज्यादै थारै समयको लागि | त्रिपदी/प्राकृतिक |
| ३१९ | बाबुको बिहा देखाइदिनु | धेरै दुःख दिनु | द्विपदी/सामाजिक |
| ३२० | बाहिरभित्र गर्नु | घरमा हिँड्डुल गर्नु | द्विपदी/सामाजिक |
| ३२१ | बिचल्ली हुनु | बिजोग हुनु | द्विपदी/सामाजिक |
| ३२२ | बिलिन हुनु | हराउनु | द्विपदी/सामाजिक |
| ३२३ | बिउमा पस्नु | बिउ चर्नु | द्विपदी/आर्थिक तथा कृषि |
| ३२४ | बुहार्तन गर्नु | खटेर काम गर्नु | द्विपदी/सामाजिक |
| ३२५ | बेठीखेताला दिनु | सित्तैमा मुखियाको काम सघाउनु | द्विपदी/आर्थिक तथा कृषि |

| | | | |
|---|---|---|---|
| ३२६ | बेबुझ्को काम गर्नु | नबुझिकन काम गर्नु | त्रिपदी/सामाजिक |
| ३२७ | बैंस आउनु | जवानी चढ्नु | द्विपदी/सामाजिक |
| ३२८ | बैगुनीलाई गुनले मार्नु | आफूलाई दुःख दिनेलाई मद्दत गर्नु | त्रिपदी/सामाजिक |
| ३२९ | बोलचाल बन्द हुनु | झगडा पर्नु | त्रिपदी/सामाजिक |
| ३३० | भक्कानो पार्नु | रुनु | द्विपदी/सामाजिक |
| ३३१ | भक्ति हुनु | साधु हुनु | द्विपदी/सामाजिक |
| ३३२ | भत्केका झुपडीमा पुग्नु | गरिबका घरमा जानु | त्रिपदी/सामाजिक |
| ३३३ | भताभुङ्ग हुनु | बिग्रनु | द्विपदी/सामाजिक |
| ३३४ | भर्सेला पर्नु | जेसुकै हुनु | द्विपदी/सामाजिक |
| ३३५ | भाग्यले छल्नु | भाग्यमा नहुनु | द्विपदी/लोक विश्वास |
| ३३६ | भाग्यले ठग्नु | अभागी हुनु | द्विपदी/लोक विश्वास |
| ३३७ | भारी खेप्नु | भारी ओसानु | द्विपदी/सामाजिक |
| ३३८ | भुइँमा गोडा नहुनु | धेरै खुशी हुनु | त्रिपदी/शारीरिक |
| ३३९ | भुङ्ग्रे ज्वरो आउनु | धेरै ज्वोरो आउनु | त्रिपदी/सामाजिक |
| ३४० | भुतुक्क हुनु | रिसाउनु/मर्नु | द्विपदी/सामाजिक |
| ३४१ | भैंसीको पेट गाइनेको सारङ्गी जस्तो हुनु | भैंसी भोकभोकै हुनु | बहुपदी/पशुपन्छी |
| ३४२ | मणिजन हुनु | सबैको मान्य व्यक्ति हुनु | द्विपदी/सामाजिक |
| ३४३ | मन उड्नु | मनमा विभिन्न कुरा आउनु | द्विपदी/शारीरिक |
| ३४४ | मन थाम्न नसक्नु | मनलाई नियन्त्रण गर्न नसक्नु | त्रिपदी/शारीरिक |
| ३४५ | मन फुकाउनु | मनमा केही नराख्नु | द्विपदी/शारीरिक |
| ३४६ | मन लाउनु | जाँगर लाउनु | द्विपदी/शारीरिक |
| ३४७ | मनोमालिन्यको बीज हुनु | मनमुटावको कारण बन्नु | त्रिपदी/सामाजिक |
| ३४८ | मरुस्थल हुनु | उराठ हुनु | द्विपदी/सामाजिक |
| ३४९ | मसान हुनु | सुनसान हुनु | द्विपदी/सामाजिक |
| ३५० | मस्तक निहुरनु | शिर निहुरनु | द्विपदी/शारीरिक |
| ३५१ | माधुर्य र लावण्यको विकास हुनु | जवानी चढ्दै जानु | बहुपदी/सामाजिक |
| ३५२ | मानमर्यादा डुब्नु | इज्जत जानु | द्विपदी/सामाजिक |
| ३५३ | मानिसलाई लडाउनु | झगडा पारिदिनु | द्विपदी/सामाजिक |
| ३५४ | मालताल स्याहार्नु | हेरचाह गर्नु | द्विपदी/सामाजिक |
| ३५५ | मिसिल हेर्नु | साइत हेर्नु | द्विपदी/सामाजिक |
| ३५६ | मुखको रङ उड्नु | अनुहार मलिन हुनु | त्रिपदी/शारीरिक |
| ३५७ | मुख छाड्नु | गाली गर्नु | द्विपदी/शारीरिक |

| | | | |
|---|---|---|---|
| ३५८ | मुख देखाउनु | देखा पर्नु | द्विपदी/शारीरिक |
| ३५९ | मुख फर्काउनु | जवाफ दिनु | द्विपदी/शारीरिक |
| ३६० | मुख लाग्नु | बाझ्नु | द्विपदी/शारीरिक |
| ३६१ | मुखमुखमा हेर्नु | हेराहेर गर्नु | द्विपदी/शारीरिक |
| ३६२ | मुख लुकाउनु | बोल्न नसक्नु | द्विपदी/शारीरिक |
| ३६३ | मुख सुक्नु | आत्तिनु | द्विपदी/शारीरिक |
| ३६४ | मुख हेर्नु | अनुहार हेर्नु | द्विपदी/शारीरिक |
| ३६५ | मुखामुख गर्नु | इसाराले कुरा गर्नु | द्विपदी/शारीरिक |
| ३६६ | मुखाले हुनु | छुच्चो हुनु | द्विपदी/शारीरिक |
| ३६७ | मुटु चुँड्नु | असह्य पीडा हुनु | द्विपदी/शारीरिक |
| ३६८ | मुटु छेड्नु | मन दुख्नु | द्विपदी/शारीरिक |
| ३६९ | मुटुमा काँडो बिझ्नु | मनमा चोट पर्नु | त्रिपदी/शारीरिक |
| ३७० | मुटुमा भक्कानो पर्नु | मनमा गाँठो पर्नु | त्रिपदी/शारीरिक |
| ३७१ | मुटु हल्लिनु | डराउनु | द्विपदी/शारीरिक |
| ३७२ | मुढो लडेझैँ लड्नु | अचेत हुनु | त्रिपदी/सामाजिक |
| ३७३ | मुन्टो निहुऱ्याउनु | लाजले शिर निहुऱ्याउनु | द्विपदी/शारीरिक |
| ३७४ | यत्रायत्रा आँखाले हेर्नु | रिसाएर हेर्नु | त्रिपदी/शारीरिक |
| ३७५ | यौवनका चिह्न भरिनु | जवानी चढ्नु | त्रिपदी/सामाजिक |
| ३७६ | रगत उम्लनु | रिस उठ्नु | द्विपदी/शारीरिक |
| ३७७ | रहर लाग्नु | इच्छा हुनु | द्विपदी/सामाजिक |
| ३७८ | राक्षसका हातमा सुम्पनु | दुष्टलाई जिम्मा लगाउनु | त्रिपदी/लोक विश्वास |
| ३७९ | रापले पिल्सनु | चिन्तित हुनु | द्विपदी/सामाजिक |
| ३८० | राम्रा मुखले बोल्नु | मिठो बोली बोल्नु | त्रिपदी/शारीरिक |
| ३८१ | राम्रो लाऊँ मिठो खाऊँ हुनु | खाने लाउने रहर हुनु | बहुपदी/सामाजिक |
| ३८२ | रिसको सीमा नहुनु | धेरै रिस उठ्नु | त्रिपदी/सामाजिक |
| ३८३ | रोज रूपैयाँ दिनु | दैनिक पैसा दिनु | त्रिपदी/सामाजिक |
| ३८४ | रौनक फेरिनु | चम्किलो हुनु | द्विपदी/सामाजिक |
| ३८५ | लखतरान हुनु | थाक्नु | द्विपदी/सामाजिक |
| ३८६ | लबटो पर्नु | पिटाइ खानु | द्विपदी/सामाजिक |
| ३८७ | लम्कँदै आउनु | छिटोछिटो आउनु | द्विपदी/सामाजिक |
| ३८८ | लम्पसार पर्नु | सुत्नु | द्विपदी/सामाजिक |
| ३८९ | लाखापाखा लाग्नु | यताउता जानु | द्विपदी/सामाजिक |
| ३९० | लात कस्नु | लात्तीले हान्नु | द्विपदी/शारीरिक |
| ३९१ | लामो सास फेर्नु | निःश्वास लिनु | त्रिपदी/सामाजिक |
| ३९२ | लुछाचुँडी पर्नु | तानातान गर्नु | द्विपदी/सामाजिक |
| ३९३ | लोप्रेकान लाउनु | निच्च पर्नु | द्विपदी/शारीरिक |

| | | | |
|---|---|---|---|
| ३९४ | लौराले लघार्नु | लौरो लिएर लखट्नु | द्विपदी/सामाजिक |
| ३९५ | वचन हार्नु | कुरा काट्न नसक्नु | द्विपदी/सामाजिक |
| ३९६ | वन थुन्नु | घाँस दाउरा गर्न नदिनु | द्विपदी/प्राकृतिक |
| ३९७ | वन रन्काउनु | वनमा गीत गाउनु | द्विपदी/प्राकृतिक |
| ३९८ | वनस्थली नाच्नु | मन प्रसन्न हुनु | द्विपदी/प्राकृतिक |
| ३९९ | विचल्ली हुनु | दुःख पाउनु | द्विपदी/सामाजिक |
| ४०० | विचारको ज्वारभाटा चल्नु | मनमा धेरै कुरा खेल्नु | त्रिपदी/सामाजिक |
| ४०१ | विपत्तिको वादलले घेर्नु | दुःखले घेर्नु | त्रिपदी/सामाजिक |
| ४०२ | विरही तान अलाप्नु | दुःखको कुरा गर्नु | त्रिपदी/सामाजिक |
| ४०३ | विरोध चल्नु | कुरा नमिल्नु | द्विपदी/सामाजिक |
| ४०४ | विवाद उठ्नु | भिन्न विचार हुनु | द्विपदी/सामाजिक |
| ४०५ | विवेक बुद्धिलाई खोपामा राख्नु | बुद्धिले काम लिन नसक्नु | बहुपदी/सामाजिक |
| ४०६ | वेदनाको फोका उठ्नु | पीडाको अनुभूति हुनु | त्रिपदी/सामाजिक |
| ४०७ | वेदनाको लहर पैदा हुनु | दुःखपीडाले घेर्नु | बहुपदी/सामाजिक |
| ४०८ | व्यग्र रहनु | दिक्क हुनु | द्विपदी/सामाजिक |
| ४०९ | शरणमा लिइदिनु | आश्रय दिनु | द्विपदी/सामाजिक |
| ४१० | शरीरका पुर्जा चुँडिनु | शरीर एकदमै कमजोर हुनु | त्रिपदी/शारीरिक |
| ४११ | शरीर भारी हुनु | जिउ गह्रौं हुनु | त्रिपदी/शारीरिक |
| ४१२ | शान्ति भङ्ग गर्नु | हल्ला हुनु | त्रिपदी/सामाजिक |
| ४१३ | शेष घडी गन्नु | अन्तिम समय हुनु | त्रिपदी/सामाजिक |
| ४१४ | शोख हुनु | रहर हुनु | द्विपदी/सामाजिक |
| ४१५ | श्रद्धा राख्नु | आदर गर्नु | द्विपदी/सामाजिक |
| ४१६ | श्रीहीन देखिनु | मलिन हुनु | द्विपदी/आर्थिक तथा कृषि |
| ४१७ | संसारको रापले पोल्नु | ज्यादै पीर पर्नु | त्रिपदी/सामाजिक |
| ४१८ | संसार छोड्नु | मर्नु | द्विपदी/सामाजिक |
| ४१९ | संसारदेखि बिदा हुनु | मृत्यु हुनु | त्रिपदी/सामाजिक |
| ४२० | संङ्कल्प गर्नु | अठोट गर्नु | द्विपदी/सामाजिक |
| ४२१ | सन्तानको जरामा मल पर्नु | सन्तानलाई राम्रो होस् भन्नु | बहुपदी/सामाजिक |
| ४२२ | सराप लाग्नु | दशा लाग्नु | द्विपदी/लोक विश्वास |
| ४२३ | सही थाप्नु | समर्थन गर्नु | द्विपदी/सामाजिक |
| ४२४ | सही नसक्नु हुनु | सहन नसक्नु | त्रिपदी/सामाजिक |
| ४२५ | सान गरेर डाक्नु | इसाराले बोलाउनु | त्रिपदी/सामाजिक |
| ४२६ | सारसौंदो देखिनु | स्वस्थ देखिनु | द्विपदी/सामाजिक |
| ४२७ | सास झुन्डिनु | मुस्किलले बाँच्नु | द्विपदी/सामाजिक |

| | | | |
|---|---|---|---|
| ४२८ | सास बढ्नु | डराउनु | द्विपदी/सामाजिक |
| ४२९ | सिन्कासम्म नछोड्नु | केही पनि नछोड्नु | द्विपदी/सामाजिक |
| ४३० | सिरानीमा बस्नु | नजिकै बस्नु | द्विपदी/सामाजिक |
| ४३१ | सुइँकुच्चा ठोक्नु | छिटोछिटो भाग्नु | द्विपदी/सामाजिक |
| ४३२ | सुनको संसार खरानी हुनु | खुशीका दिन सकिनु | बहुपदी/सामाजिक |
| ४३३ | सुश्रूषा हातमा लिनु | सेवा गर्नु | त्रिपदी/शारीरिक |
| ४३४ | सोझो मुखले भन्नु | राम्ररी सम्झाउनु | त्रिपदी/शारीरिक |
| ४३५ | सोत्तर पार्नु | नास पार्नु | द्विपदी/सामाजिक |
| ४३६ | सोत्तर हुनु | नास हुनु | द्विपदी/सामाजिक |
| ४३७ | सौन्दर्य नाच्नु | सुन्दरता बढ्नु | द्विपदी/सामाजिक |
| ४३८ | सौभाग्य पुछिनु | विधवा हुनु | द्विपदी/लोक विश्वास |
| ४३९ | स्वभाव जान्नु | बानी थाहा पाउनु | द्विपदी/सामाजिक |
| ४४० | स्वर्गको बाटो छेकिनु | स्वर्ग जान नसक्ने हुनु | त्रिपदी/लोक विश्वास |
| ४४१ | स्वाङ पार्नु | बनावटी हुनु | द्विपदी/सामाजिक |
| ४४२ | स्वाद पाउनु | फेला पर्नु | द्विपदी/सामाजिक |
| ४४३ | स्वास्नी छोराछोरी थन्क्याउनु | आफ्नो व्यवहार सम्हाल्नु | त्रिपदी/सामाजिक |
| ४४४ | स्वाहा हुनु | खतम हुनु | द्विपदी/सामाजिक |
| ४४५ | हजार विच्छीले चिले जस्तो हुनु | असाध्यै पीडा हुनु | बहुपदी/सामाजिक |
| ४४६ | हताहत हुनु | मर्नु | द्विपदी/सामाजिक |
| ४४७ | हरेस खानु | निराश हुनु | द्विपदी/सामाजिक |
| ४४८ | हर्षको सीमा नहुनु | असाध्यै खुशी हुनु | त्रिपदी/सामाजिक |
| ४४९ | हाँसोमा उडाउनु | खिसी गर्नु | द्विपदी/सामाजिक |
| ४५० | हाडछाला मात्र बाँकी हुनु | ज्यादै दुब्लाउनु | बहुपदी/शारीरिक |
| ४५१ | हातगोडा सिन्काजस्तो हुनु | मसिना हातगोडा हुनु | त्रिपदी/शारीरिक |
| ४५२ | हात छोड्नु | पिट्नु | द्विपदी/शारीरिक |
| ४५३ | हात जोड्नु | बिन्ती गर्नु | द्विपदी/शारीरिक |
| ४५४ | हात पसार्नु | माग्नु | द्विपदी/शारीरिक |
| ४५५ | हात मिस्नु | पिटापिट गर्नु | द्विपदी/शारीरिक |
| ४५६ | हात समातेर तान्नु | आधार दिनु | त्रिपदी/शारीरिक |
| ४५७ | हावाकावा पार्नु | डर देखाउनु | द्विपदी/सामाजिक |
| ४५८ | हाहाकार मच्चनु | आपत पर्नु | द्विपदी/सामाजिक |
| ४५९ | हुरुक्क हुनु | लागी पर्नु | द्विपदी/सामाजिक |
| ४६० | हृदय काटिनु | मन दुख्नु | द्विपदी/शारीरिक |
| ४६१ | हृदय छियाछिया हुनु | मनमा धेरै पीडा हुनु | त्रिपदी/शारीरिक |
| ४६२ | हृदयमा ठेस लाग्नु | चित्त दुख्नु | त्रिपदी/शारीरिक |

| | | | |
|---|---|---|---|
| ४६३ | हृदयमा पीडा हुनु | मन दुख्नु | त्रिपदी/शारीरिक |
| ४६४ | हेलमेल हुनु | राम्रो सम्बन्ध हुनु | द्विपदी/सामाजिक |
| ४६५ | होस उड्नु | असाध्यै डराउनु | द्विपदी/सामाजिक |
| ४६६ | होस फिर्नु | होसमा आउनु | द्विपदी/सामाजिक |

यसै गरी यस कथा सङ्ग्रहभित्र प्रयोग गरिएका उखानहरुलाई तिनका अर्थ सहित निम्नानुसार प्रस्तुत गरिएको छ ।

| क्र.सं. | उखान | अर्थ |
|---|---|---|
| १ | अन्न नहुने दरिद्रलाई ज्यादा भोक लागछ । | जोसँग छैन उसैलाई धेरै खर्च गर्नु पर्ने । |
| २ | आइमाईको रूपै सत्रु, रूपै मित्रु । | महिलालाई आफ्नै सुन्दरताले सुख पनि दिन्छ र दुःख पनि दिन्छ । |
| ३ | एउटै सिरान गरेर सुतेपछि गोडा लाग्छ । | एकै ठाउँमा बस्दा घच्चा पनि सहनुपर्छ । |
| ४ | कङ्गाली मोराको जोई भएर बस्नुभन्दा डुबेर मर्नु जाती । | गरिबकी श्रीमती भएर बाँच्न कठिन हुनु । |
| ५ | कोदाली खन्नाका गाह्राले जोगी हुनु । | काम गर्नको अल्छीले मागेर हिँड्नु । |
| ६ | खाँडीको टोपी लाएर भाङ्ग्राको गादो पार्नु । | राम्रो चिजको प्रयोग गर्न नजान्नु । |
| ७ | छिमेकी भनेका जिउँदाका जन्ती र मर्दाका मलामी । | हर्ष र विस्मात् दुबैमा छिमेकी चाहिन्छन् । |
| ८ | न ठेकी चार दाम न बहाली पुर्जा । | आशा गरे अनुसार केही नपाउनु । |
| ९ | नदुखेको कपालमा डोरी लाएर दुखाउनु | अनावश्यक काम गरेर दुःख पाउनु । |
| १० | बाहुनले च्याउ खायो न स्वाद पायो । | नखाएको कुराको स्वाद थाहा नहुनु । |
| ११ | माटोको भर ढुङ्गो, ढुङ्गोको भर माटो | एक अर्कोको साहरा । |
| १२ | माल पाएर के गर्नु चाल पाए पो हुन्छ । | राम्रो नराम्रो कुराको पत्तो नहुनु । |
| १३ | लोग्नेस्वास्नीको झगडा परालको आगो | लोग्नेस्वास्नी बिचको झगडा अस्थायी हुन्छ |
| १४ | सास छन्जेल आस । | होला कि भन्ने आस । |
| १५ | सौताको जबाफले पोइको नाक काट्नु | अर्काको रिसले आफ्नै बिगार गर्नु । |
| १६ | हुने बिरुवाको चिल्लो पात, नहुने बिरुवाको फुस्रो पात । | मान्छे राम्रो हुने र नहुने कुराको लक्षण सानैमा थाहा हुनु । |

## ४.२ सौन्दर्यका दृष्टिले नासो कथा सङ्ग्रहमा उखान टुक्काको प्रयोग

आधुनिक नेपाली कथा साहित्यको प्रारम्भिक कालका चम्किला तारा गुरु प्रसाद मैनालीको नासो एक मात्र बेजोड कथा सङ्ग्रह हो । उनको कथाका विषयवस्तु नेपाली समाज रहेको छ । नेपाली समाजका यथार्थ पक्षको चित्रण गरी कथा लेख्ने कथाकारहरुमा मैनाली नै पहिला मानिन्छन् । उनका कथाहरुमा मूलतः ग्रामीण नेपाली जनजीवनका कारुणिक पक्षको चित्रण गरिएको छ भने अंशतः सहरिया परिवेशको पनि चित्रण गरिएको छ । संख्यात्मक हिसाबले उनले थोरै मात्र कथाहरु लेखेका भए पनि गुणात्मक हिसाबले उनका कथाहरु अनमोल मानिन्छन् । नासो कथा सङ्ग्रहमा उनका एघार ओटा कथाहरु सङ्गृहीत छन् । ती कथाहरु नासो, छिमेकी, प्रायश्चित्त, पापको परिणाम, बिदा, परालको आगो, अभागी, सहिद, कर्तव्य, प्रत्यागमन र चिताको ज्वाला हुन् ।

मैनालीका कथाहरुमा सरल र सहज भाषा शैलीको प्रयोग गरिएको पाइन्छ । उनी आफ्ना कथाहरुमा बोलीचालीको सरल नेपाली भाषाको प्रयोग गर्न रुचाउने कथाकार हुन् । उनका कथाहरु सहरिया शिक्षित समाजदेखि नेपाली ग्रामीण समाजका अपठित व्यक्तिका लागि पनि बोधगम्य छन् । उनले पाखापखेराका नेपाली समाजमा बोलिने शब्दहरुलाई टपक्क टिपेर आफ्ना कथाहरुमा प्रयोग गरेका छन् । नेपाली समाजमा बोलिने शब्द तथा तिनमा उखान टुक्काको प्रयोगले उनका कथाहरु सुनमा सुगन्ध भने झैँ भएका छन् ।

उखान टुक्का लोक साहित्यको एक महत्त्वपूर्ण तथा समृद्ध विधा हो । उखान टुक्का लोकसाहित्य देखि लिखित साहित्य तथा लोक समुदायमा पनि व्यापक प्रचलनमा रहेका हुन्छन् । उखान टुक्कालाई भाषाको प्राण मानिन्छ । उखान टुक्काको प्रयोगले भाषिक अभिव्यक्तिमा निखार ल्याउँछ । भाषालाई ओजपूर्ण, सरस र प्रभावकारी तुल्याउनमा उखान टुक्काको विषेश स्थान छ । त्यसैले उखान टुक्कालाई भाषाको आभूषण भनिन्छ । आभूषण अनिवार्य वस्तु त होइन तर जसको प्रयोगले भाषा सुशोभित हुन्छ र यसले गर्दा सौन्दर्यको अभिवृद्धि हुन्छ । त्यसैले उखान टुक्का विनाको भाषिक अभिव्यक्ति निरस र खल्लो हुन्छ । त्यसैले नै होला मैनालीले आफ्ना कथाहरुमा प्रशस्त उखान टुक्काको प्रयोग गरेका छन् । बोलचालको भाषा र उखान टुक्काको अधिक प्रयोगका कारण नै उनका कथाहरु सौन्दर्यमूलक भएका हुन् भन्ने कुरामा दुई मत हुन सक्दैन ।

नेपाली साहित्यका सर्जकहरुले आफ्ना कृतिमा तत्सम, तद्भब र झर्रा तथा आगन्तुक शब्द मिश्रित उखानको व्यापक प्रयोग गरेका भए पनि मैनालीले यस सङ्ग्रहमा तद्भव र झर्रा शब्दका उखानलाई मात्र प्रयोग गरेका छन् । जसका कारण यो सङ्ग्रहका कथा शिक्षित तथा अशिक्षित सबैले सजिलै बुझ्न सक्दछन् र यसमा प्रयोग भएका उखान टुक्का सजिलै प्रयोग गर्न सक्छन् । बोलीचालीको सरल नेपाली भाषाको प्रयोग गरी लेखिएकाले नासो कथा सङ्ग्रह जति लोकप्रिय छ त्यति नै उखान टुक्काको सुहाउँदो प्रयोगले उनका कथा झन् सुन्दर बनेका

छन् । यसरी उनका कथामा अशिक्षित पात्र गुमाने घर्तीदेखि शिक्षित पात्र पण्डित माधव प्रसाद सम्मले उखान टुक्काको उत्तिकै सहज ढङ्गले प्रयोग गरेका छन् । जसले गर्दा नासो कथा सङ्ग्रह सबै वर्ग र तहका व्यक्तिहरु माझ लोकप्रिय रहेको छ र लोकप्रिय रहिरहने छ ।

मैनालीले आफ्ना कथामा सामाजिक सन्दर्भलाई सामाजिक उखानले नै पुष्टि गरेका छन् । जस्तैः छिमेकी भनेका जिउँदाका जन्ती र मर्दाका मलामी हुन् । त्यसै गरी पारिवारिक सन्दर्भलाई पारिवारिक उखानले नै पुष्टि गरेका छन् । जस्तैः

- कङ्गाली मोराको जोई भएर बस्नुभन्दा डुबेर मर्नु जाती ।
- लोग्नेस्वास्नीको झगडा परालको आगो
- सौताको जबाफले पोइको नाक काट्नु

नेपाली तद्भव र झर्रा शब्दका उखानहरुको अधिक प्रयोगले गर्दा नै मैनालीको भाषा शैली निकै प्रभावकारी बनेको हो भन्ने कुरामा दुई मत हुन सक्तैन । यसरी नेपाली समाजमा प्रचलित बोलीचालीको भाषाका साथै उखान टुक्काको प्रयोग गरी लेखिएको नासो कथा सङ्ग्रह एक उत्कृष्ट कृति हो । सौन्दर्यका दृष्टिले यस सङ्ग्रहमा उनले प्रयोग गरेका उखान टुक्का बेजोड छन् । त्यसैले कथाकार मैनाली उखान टुक्काको प्रयोगमा माहिर मानिन्छन् ।

## ४.३ सारांश

यस कथा सङ्ग्रह भित्रका टुक्का प्रयोगका दृष्टिले उत्कृष्ट वाक्यहरु अध्याय तिनमा पाठगत आधारमा प्रस्तुत गरिएको छ । यस अध्यायमा नासो कथा सङ्ग्रह भित्रका उखान टुक्कालाई वर्णानुक्रम अनुसार राखी तिनको अर्थ र साङ्केतिक रूपमा वर्गीकरण समेत गरिएको छ ।

आँसु झार्नु, आगो हुनु, आँखा उघार्नु, कानेखुसी गर्नु, गदगद हुनु, गम्भीर हुनु, गहभरि आँसु हुनु, चिहिलबिहिल हुनु, छाँगाबाट खस्नु, जवाफ दिनु, ठाकठुक हुनु, तिल राख्ने ठाउँ नहुनु, तृप्त हुनु, दुःखको कोलाहल मच्चिनु, धर्म छाड्नु, दैवले चुँड्नु, पसिना खानु, पाखुरा सुर्कनु, बाँझो हुनु, भक्कानो पार्नु, भताभुङ्ग हुनु, भुतुक्क हुनु, मुख छोड्नु, लाखापाखा लाग्नु, संसार छाड्नु, स्वाहा हुनु, सोत्तर हुनु, हाँसोमा उडाउनु जस्ता टुक्कालाई दोहोऱ्याएर प्रयोग गरेका कारण यस सङ्ग्रहका कथाहरुमा ४९४ वटा टुक्काहरुको प्रयोग भएको देखिए पनि समग्रमा ४६६ वटा टुक्काहरुको प्रयोग भएको पाइन्छ ।

# अध्याय पाँच

## सारांश तथा निष्कर्ष

### ५.१ अध्यायगत सार

सङ्ग्रहमा प्रयुक्त उखान टुक्काको अध्ययन' शीर्षकको यस शोधपत्रमा जम्मा पाँच अध्याय रहेका छन् । शोधका सम्पूर्ण अध्यायको सार निम्नानुसार छ ।

प्रथम अध्याय शोध परिचयका रूपमा रहेको छ । यस अध्यायमा विषय परिचय, समस्या कथन, शोधकार्यको उद्देश्य, पूर्वकार्यको समीक्षा, शोधकार्यको औचित्य, शोधकार्यको सीमा, शोधविधि र शोधपत्रका रूपरेखा क्रमैसँग प्रस्तुत गरिएको छ ।

दोस्रो अध्याय उखान टुक्काको सैद्धान्तिक अध्ययनको रूपमा रहेको छ । लोकोक्तिका रूपमा प्रचलित लोक साहित्यको एक विधाका रूपमा रहेको उखान टुक्कालाई विभिन्न विद्वान्हरुले विभिन्न ढङ्गले परिभाषित गरेका छन् । विभिन्न विद्वान्का विचार सहित उखान टुक्काको परिचय, उखान टुक्काको उत्पत्ति, उखान टुक्काको महत्त्व, उखान टुक्काका विशेषता, उखान टुक्काको वर्गीकरण, उखान र टुक्काबिच समानता र भिन्नता, आख्यान साहित्यमा उखान टुक्काको प्रयोग यस अध्यायमा समावेश गरिएको छ ।

तेस्रो अध्यायमा नासो कथा सङ्ग्रहभित्रका उखानको संक्षिप्त विश्लेषण गरिएको छ । यसका साथै उखान टुक्का प्रयोगका दृष्टिले उत्कृष्ट वाक्यका साथ हरेक रचनामा प्रयुक्त उखान र तिनको अर्थ साथै टुक्काहरुको संरचना र विषय वस्तुका आधारमा वर्गीकरण यस अध्यायमा गरिएको छ ।

चौथो अध्यायमा 'नासो' कथा सङ्ग्रहभित्र प्रयुक्त उखान टुक्कालाई वर्णानुक्रमानुसार राखी तिनको अर्थ र वर्गीकरणको सङ्केत समेत दिइएको छ ।

### ५.३ शोधको निष्कर्ष

'नासो' कथा सङ्ग्रहभित्र प्रयुक्त उखान टुक्काहरुको अध्ययन र विश्लेषणका आधारमा यस शोधकार्यको उपलब्धिलाई निम्न अनुसार देखाउन सकिन्छ :

(क) नासो कथा सङ्ग्रहका कथाहरुमा तत्कालीन नेपाली समाजमा विद्यमान अशिक्षा, शोषण, दमन, अन्धविश्वास आदिका कारण सर्व साधारणले भोग्नु परेका दुःख र पीडालाई जीवन्त रूपमा प्रस्तुत गरिएको छ । कथाभित्रका यस्ता घटनालाई सान्दर्भिक, मार्मिक, तिक्खर पार्न उखान टुक्काको सुन्दर प्रयोग गरिएको छ ।

(ख) नासो कथा सङ्ग्रहका कथाहरुमा प्रयुक्त उखान तथा टुक्काहरु संरचनाका दृष्टिले द्विपदी, त्रिपदी र बहुपदी देखिन्छन् भने विषय वस्तुका आधारमा सामाजिक, आर्थिक, शारीरिक र विविध व्यवसायमूलक, प्राकृतिक, लोक विश्वासमा आधारित आदि विभिन्न प्रकारका देखिन्छन् ।

(ग) यस सङ्ग्रहका कथाहरुमा ४९४ वटा टुक्काहरुको प्रयोग भएको देखिए पनि केही टुक्का दोहोरिएकाले तिनको यथार्थ सङ्ख्या ४६६ देखिन्छ । यस सङ्ग्रहका विविध कथामा १६ उखान प्रयुक्त देखिन्छन् ।

## ५.४ अध्ययनका सम्भाव्य शीर्षक

(क) नासो कथा सङ्ग्रहको कृतिपरक अध्ययन ।

(ख) 'नासो' कथा सङ्ग्रहमा आर्थिक तथा सामाजिक चेतनाको अध्ययन ।

## सन्दर्भ ग्रन्थ सूची


आचार्य, प्रभात (२०६५) **खैखै हास्यव्यङ्ग्य निबन्ध सङ्ग्रहभित्रका टुक्काहरुको अध्ययन**, त्रिवि मानविकी तथा सामाजिक शास्त्र सङ्काय अन्तर्गत, रत्न राज्यलक्ष्मी क्याम्पसमा प्रस्तुत स्नातकोत्तर शोध प्रबन्ध

**नेपाली बृहत् शब्दकोश**, नेपाल राजकीय प्रज्ञा प्रतिठान, काठमाडौँ, (द्दण्द्धण) ।

मैनाली पुष्कर शमशेर (२०६५) **नेपाली उखान टुक्काको कोश**, साझा प्रकाशन, पुलचोक, ललितपुर

गुरु प्रसाद (२०६९) **नासो** (उन्नाइसौँ संस्करण) ललितपुरः साझा प्रकाशन, ।

पराजुली (२०४६) कृष्ण प्रसाद, **राम्रो रचना मीठो नेपाली**, (बाह्रौँ संस्करण) सहयोगी प्रेस, काठमाडौँ, ।

पोखरेल, बालकृष्ण (२०४८) **राष्ट्रभाषा**, साझा प्रकाशन, आठौँ संस्करण, काठमाडौँ

पौड्याल, शिव प्रसाद (२०६१) **नेपाली टुक्काहरुको सर्वेक्षण र विश्लेषण**, चाबहिल अफसेट प्रेस, काठमाडौँ

प्रधान, पारसमणि (२०११) **नेपाली मुहाबरा**, भाग्यलक्ष्मी प्रकाशन, कालिम्पोङ

बराल, ईश्वर (२०३९) **झ्यालबाट**, साझा प्रकाशन, काठमाडौँ

बन्धु, चूडामणि (२०६६) **नेपाली लोक साहित्य**, एकता प्रकाशन, काठमाडौँ

लामिछाने, कपिलदेव (२०६९) **नेपाली उखान र टुक्काको अध्ययन**, विवेक सिर्जनशील प्रकाशन, काठमाडौँ

शमशेर, पुष्कर(२०६५) **नेपाली उखान टुक्काको कोश**, साझा प्रकाशन, पुलचोक, ललितपुर

शर्मा, मोहनराज (२०३६) **शब्द रचना र वर्ण विन्यास**, पाठ्य सामग्री प्रकाशन, काठमाडौँ,

गिरी, जीवेन्द्र देव (२०५७) **लोक साहित्यको अवलोकन**, एकता प्रकाशन, काठमाडौँ

पराजुली, कृष्ण प्रसाद (२०५४) **नेपाली उखान र गाउँखाने कथा**, तेस्रो संस्करण, रत्न पुस्तक भण्डार, काठमाडौँ

रेग्मी, चूडामणि (२०५७) **नेपाली टुक्काहरुको अध्ययन**, दोस्रो संस्करण, जुही प्रकाशन, झापा

थापा, धर्मराज र सुवेदी, हंसपुरे (२०४१) **नेपाली लोक साहित्यको विवेचना,** काठमाडौं, पाठ्यक्रम विकास केन्द्र ।

जोशी, सत्य मोहन (२०१४) **हाम्रो लोक संस्कृति,** काठमाडौं, रत्न पुस्तक भण्डार ।